सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१९ वैशाख २०८३, शनिबार (2 May 2026, Saturday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक १९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

झन्नयाँ

बालबालिकालाई स्मार्ट फोन दिने कि नदिने ?



'राम्ररी प्रयोग गर्ने हो भने स्मार्ट फोन बालबालिकाको सहयोगी साधन, नत्र दुस्मन'

शिक्षा हरिशरण खनाल

साहित्यकारको संसद् यात्रा



साहित्यकारहरू राजनीतिमा सक्रिय हुँदा सिर्जनात्मक काममा बाधा पुग्छ

साहित्य पवन बराइली

खाडीमा आधुनिक दासत्व भोग्दै नेपाली महिला



खाडीमा नेपाली महिला श्रमिक आधुनिक दासको रूपमा घरभित्र काम गर्न बाध्य छन्

श्रमिक दिवस डा. विभूति भट्टराई

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

■ पहुँचका आधारमा सरकारी सवारीसाधनमा मनपरी

कानुनविपरीत ६ सयभन्दा बढी गाडी दुरुपयोग, कनिष्ठ कर्मचारीसम्मको 'रजाइँ'

प्रधानमन्त्री कार्यालय कानुनले तोकेभन्दा बाहिर प्रयोग भइरहेका सवारीसाधनको विवरण संकलन गर्दै

सुवास भट्ट/नयाँ पत्रिका

विद्यमान कानुनअनुसार नेपाल सरकारका सहसचिव वा सोसरहका पदाधिकारीले मात्र सवारी सुविधा पाउँछन् । तर, व्यवहारमा भने नियमविपरीत ६ सयभन्दा बढी सवारीसाधन प्रयोग भइरहेको भेटिएको छ । ती सवारीका नाममा इन्धन र मर्मत शीर्षकमा समेत ठुलो खर्च हुँदै आएको छ ।

राजनीतिक तथा प्रशासनिक पहुँचको आडमा कानुनले तोकेभन्दा बाहिर प्रयोग भइरहेका सवारीसाधनको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले विवरण संकलन सुरु गरेको छ । गत १० वैशाखमा प्रधानमन्त्री कार्यालयले सबै मन्त्रालय, निकाय र संवैधानिक आयोगलाई परिपत्र गर्दै नियमविपरीत प्रयोग भइरहेका सवारीसाधनको विवरण तत्काल पठाउन निर्देशन दिएको थियो ।

■ अब 'रियल टाइम ट्र्याकिङ' र नयाँ मापदण्डको तयारी

■ सवारी सुविधालाई व्यवस्थित गर्ने आयोगको सिफारिस अलपत्र

अहिलेसम्म प्राप्त विवरणअनुसार ६४३ वटा चारपांग्रे सवारीसाधन कानुनबमोजिम सुविधा नपाउने व्यक्तिले प्रयोग गरिरहेको भेटिएको छ । कार्यालयका प्रवक्ता हेमराज अर्यालले विवरण आउने क्रम जारी रहेकाले संख्या अझ बढ्न सक्ने बताए । 'विवरण प्राप्त हुने क्रम जारी भएकाले यो संख्या बढ्न सक्छ,' अर्यालले नयाँ पत्रिकासँग भने ।

अर्यालका अनुसार दुरुपयोग भएका, कानुनले पाउनेबाहेकमा र अव्यवस्थित रूपमा प्रयोगमा आइरहेका सरकारी सवारीसाधन व्यवस्थित गर्ने उद्देश्यले विवरण संकलन भइरहेको हो । 'अहिले इन्धनको मूल्य अत्यधिक बढिरहेको अवस्थामा

» पृष्ठ २ मा क्रमशः



प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रवक्ता हेमराज अर्याल भन्छन्-

कानुनविपरीतका सवारी प्रयोग अब रोकिन्छ, नयाँ मापदण्ड आउँछ

दुरुपयोग भएका, कानुनले नपाउने तथा अव्यवस्थित प्रयोग गरिएका सरकारी सवारीसाधन व्यवस्थित गर्ने उद्देश्यले अहिले विवरण संकलन भइरहेको छ । इन्धनको मूल्य अत्यधिक बढिरहेको वर्तमान अवस्थामा मर्मतसमेतको खर्च कटौती गर्ने उद्देश्य पनि यससँग जोडिएको छ । खर्च नियन्त्रण, कानुनको पालना र सेवा-सुविधामा एकरूपता कायम गर्न यो महत्त्वपूर्ण छ । प्रारम्भिक तथ्यांकअनुसार ६४३ वटा चारपांग्रे सवारीसाधन कानुनबमोजिम सुविधा नपाउने व्यक्तिले प्रयोग गरिरहेको भेटिएको छ । यस्ता सवारीसाधन अब 'पुल प्रणाली'अन्तर्गत राखिनेछन् । अब कानुनविपरीत सरकारी सवारीसाधनको प्रयोग गर्न पाइनेछैन । यसका लागि आवश्यक मापदण्ड निर्माणको प्रक्रिया पनि अघि बढाइएको छ ।



■ नासुसम्मलाई 'गाडी सुविधा', इन्धनमा थप बेथिति

कानुनले सहसचिव वा सोसरहका पदाधिकारीलाई मात्र सवारी सुविधा सुनिश्चित गरेको भए पनि व्यवहारमा कनिष्ठ कर्मचारी, यहाँसम्म कि नासुसम्मले पनि सवारीसाधनको एकलौटी प्रयोग गरिरहेको भेटिएको छ । प्रभाव र पहुँचका आधारमा कनिष्ठ कर्मचारीले पनि गाडी सुविधा लिँदै आएका छन् । विशेषगरी राजनीतिक दलसम्बद्ध ट्रेड युनियनमा आबद्ध कर्मचारीले सवारी सुविधासम्बन्धी कानुनको उल्लंघन गरेका छन् । मन्त्रालयमा गाडी, मर्मत, इन्धनलगायतको व्यवस्थापन गर्ने आन्तरिक व्यवस्थापन शाखाका हकमा नासुसम्मले पनि गाडी सुविधा प्रयोग गरिरहेका छन् । उक्त शाखाले मन्त्रालयमा सवारीसाधन, मर्मत, इन्धनलगायतको व्यवस्थापनको काम गर्छ ।

इन्धन खर्च नियन्त्रण गर्न सरकारले ०८० असोजमा इन्धनबापत नगद भत्ता दिने निर्देशिका लागू गरेको थियो । तर, त्यसले अपेक्षित सुधार ल्याउन सकेन । बरु, तलबसँगै इन्धन भत्ता लिने र कार्यालयबाट अलग्गै इन्धनसमेत लिने प्रवृत्ति थियो । बेथितिका बाबजुद पनि मापदण्ड जारी भएपछि इन्धन खर्च केही बचत भएको देखिएको थियो । तर, तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले १४ पुस ०८१ मा निर्देशिका नै खारेज गरिदिएका थिए । कानुनबमोजिम सुविधा नपाउने कतिपय कर्मचारीले इन्धन र मर्मत शीर्षकमा अधिक खर्च गरेको पाइएपछि प्रधानमन्त्री कार्यालयले त्यसको पनि खोजीनिती थालेको छ ।

स्पष्ट मापदण्ड अभाव, खरिददेखि प्रयोगसम्ममा बेथिति

सरकारी सवारीसाधन खरिद र प्रयोगसम्बन्धी स्पष्ट मापदण्ड नहुँदा अनियमितता झन् मौलाएको छ । एउटै तहका पदाधिकारीबिच पनि प्रयोग हुने सवारीको स्तर र मूल्यमा ठुलो अन्तर देखिएको छ । कतिपय अवस्थामा त कमिसनका लागि महँगा सवारी खरिद गर्ने प्रवृत्तिसमेत देखिएको छ ।

अर्थ मन्त्रालयका सहसचिवको नेतृत्वमा गठित 'नेपाल सरकारबाट सवारीसाधन सुविधा प्राप्त गर्ने सम्पूर्ण पदाधिकारीलाई उपलब्ध गराउने सवारीसाधनको मापदण्ड निर्धारण सिफारिससम्बन्धी कार्यदल, २०७६' ले दिएको प्रतिवेदनले नेपाल सरकारमातहतका मन्त्रालय, आयोग एवं निकायहरूमा सुविधा पाउने पदाधिकारी एक हजार ९०५ जना रहेकामा चार हजार ४२ गाडी रहेको उल्लेख गरेको थियो ।

प्रतिवेदनमा छ, 'यत्तिका धेरै सवारीसाधन कार्यालय प्रयोजनका नाममा कानुनतः सवारी सुविधा प्राप्त नभएका कर्मचारीले प्रयोग गरेका छन् वा सवारीसाधनको दुरुपयोगको अवस्था भयावह रहेको तथ्य छ भन्ने प्रस्ट हुन आउँछ ।'

अर्कातिर राज्यका विभिन्न तह र जिम्मेवारीमा रहेका समान पद र हैसियतका पदाधिकारीले प्रयोग गर्ने सवारीसाधनको किसिम र मूल्यमा पनि भारी अन्तर छ । कतिपय कार्यालयमा उपसचिव र कतै शाखा अधिकृतले सवारीसाधन प्रयोग गरेका छन् र तिनले प्रयोग गर्ने सवारी सहसचिवको भन्दा महँगो र उच्चस्तरका छन् ।

खर्च बढाउन र कतिपय अवस्थामा त कमिसनका लागि नै महँगो मूल्यमा सवारीसाधन खरिद हुने गरेका छन् । शक्ति र पहुँचका आधारमा सरकारी निकायले गाडी खरिदमा वार्षिक बजेट राख्ने र खरिद गर्ने प्रवृत्ति उस्तै छ ।

विदेशमा कार्यरत १९ नेपाली चिकित्सकको दर्ता प्रमाणपत्र खारेज गर्दै मेडिकल काउन्सिल

जसको लाइसेन्स खारेज प्रक्रिया अघि बढ्यो

लाइसेन्स खारेज प्रक्रिया अगाडि बढाइएका चिकित्सकमा डा. सुमिन्द्रा पुन, डा. शैलेशकुमार जयसवाल, डा. भूपेश खड्का, डा. आरती रानाभाट, डा. रमेशराज पहारी, डा. सन्जोक घले, डा. ऋषिराज बराल, डा. प्रभु पाण्डे, डा. तृप्ति महर्जन, डा. सिर्जना श्रेष्ठ, डा. सुनिता विष्ट, डा. दीपा मल्ल, डा. सौरव जिसी, डा. जेनिस श्रेष्ठ, डा. प्रभास रेग्मी, डा. दीपिका ज्ञवाली, डा. हेमु चौरासिया, डा. समीक्षा शर्मा र डा. मनोरमा पाण्डे छन् ।

नयाँ पत्रिका

नेपाल मेडिकल काउन्सिलले १९ जना चिकित्सकको चिकित्सकीय दर्ता प्रमाणपत्र खारेज गर्ने प्रक्रिया अघि बढाएको छ । काउन्सिलका अनुसार दोहोरो नागरिकता लिएका तथा विदेशमा कार्यरत नेपाली चिकित्सकको दर्ता प्रमाणपत्र खारेज गर्न लागिएको हो । ती चिकित्सकले शैक्षिक योग्यता नेपालमै प्राप्त गरेका हुन् ।

काउन्सिलका रजिस्ट्रार डा. सतीशकुमार देवका अनुसार आवश्यक सूची तयार भइसकेको छ र ती चिकित्सकविरुद्ध कारबाही प्रक्रिया सुरु गरिएको छ । 'विदेशमा कार्यरत र दोहोरो नागरिकता लिएका चिकित्सकको दर्ता प्रमाणपत्र

» पृष्ठ २ मा क्रमशः

■ ढकमक्क ज्याकारान्डा



काठमाडौंका विभिन्न स्थानमा ज्याकारान्डा फुलेर वातावरण रंगीन बनेको छ । वैशाखमा फुल्ने बैजनी रंगको यो फूलले सहरको सौन्दर्यमा निखार ल्याएको छ । मानिसहरू फूलसँग फोटो तथा भिडियो खिच्न व्यस्त देखिन्छन् । तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

शून्यमा झरेका मधेशकेन्द्रित दल शक्ति सञ्चय गर्दै एकीकरणतर्फ

प्रारम्भिक चुनावी समीक्षापछि संगठन पुनर्संरचना र व्यवस्थापनमा केन्द्रित मधेशी दलहरू परम्परागत मुद्दा पुनः उठाउँदै एकीकृत शक्ति निर्माण गर्ने रणनीतिमा



शुरोजंग पाण्डे/नयाँ पत्रिका

२१ फागुनको प्रतिनिधिसभा निर्वाचनको अप्रत्याशित नतिजाले किनारामा धकेलिएका तथा ०४८ पछिकै सबैभन्दा ठुलो झट्का व्यहोरेका मधेशकेन्द्रित दलहरू राष्ट्रिय राजनीतिको पर्दाबाट बाहिरिएका छन् । प्रतिनिधिसभामा पहिलोपटक शून्यतामा पुगेका उनीहरू शक्ति सञ्चय गर्दै एकीकरणतर्फको गृहकार्यमा लागेका छन् । निर्वाचनमा कमजोर प्रदर्शनपछि उनीहरू धेरै मुद्दामा मौनजस्तै छन् ।

प्रारम्भिक चुनावी समीक्षापछि ती दलहरू आन्तरिक संगठन पुनर्संरचना र व्यवस्थापनमा केन्द्रित भएका छन् । यसपछि मधेशका परम्परागत मुद्दा पुनः उठाउँदै एकीकृत शक्ति निर्माण गर्ने दीर्घकालीन रणनीति उनीहरूले अंगीकार गरेका छन् । बालेन शाहको लहर र मधेशकेन्द्रित दलहरूबिच एकता नहुँदा चुनावी नतिजा प्रतिकूल भएको उनीहरूको प्रारम्भिक चुनावी समीक्षा छ ।

गत फागुनको चुनावमा सहभागी जसपा नेपाल, जसपा, मधेश मुक्ति पार्टी, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीले प्रत्यक्ष वा समानुपातिकतर्फ एक सिटसमेत जित्न सकेनन् । फलस्वरूप २७५ सदस्यीय प्रतिनिधिसभामा उनीहरूको उपस्थिति शून्य छ । राष्ट्रिय सभामा पनि झिनो शक्ति छ ।

उपेन्द्र यादव नेतृत्वको जसपा नेपालले लोसपासँगको एकीकरणलाई पूर्णता दिने विषय प्राथमिकतामा राखेको छ । चुनावअघिको सैद्धान्तिक सहमतिलाई संगठनात्मक रूपमा

» पृष्ठ २ मा क्रमशः

संसद्मा सशक्तदेखि शून्यसम्म

०४७ सालपछि मधेशका मुद्दा राष्ट्रिय राजनीतिमा उठ्न थालेका हुन् । गजेन्द्रनारायण सिंहले सुरु गरेको आन्दोलन उपेन्द्र यादव र राजेन्द्र महतो, हृदयेश त्रिपाठी, सर्वेन्द्रनाथ शुक्ल, लक्ष्मणलाल कर्ण हुँदै पछिल्लो समय सिके राउतसम्म आइपुग्दा मधेश आन्दोलनले विभिन्न चरण पार गरेको छ । 'जय मातृभूमि', 'एक मधेश स्वायत्त प्रदेश'जस्ता नाराहरूले पहिचान, नागरिकता, प्रतिनिधित्व र अधिकारका सवाललाई केन्द्रमा ल्याएका थिए ।

नेपाल सद्भावना पार्टीमार्फत सिंहले मधेश मुद्दालाई संसद्सम्म पुऱ्याए । नेपाल सद्भावना पार्टीले ०४८ सालको संसदीय चुनावबाट राष्ट्रिय राजनीतिमा प्रवेश गरेसँगै सिंहले मधेश अधिकारको विषयलाई संसद्मा उठाउँदै आएका थिए । सद्भावना पार्टीको सबैभन्दा ठुलो योगदान मधेश मुद्दा राष्ट्रिय राजनीतिमा ल्याउनु, समावेशिता र आरक्षणको बहस, समानुपातिक प्रतिनिधित्व, नागरिकतामा सुधारको एजेन्डा नै हो । जसका निम्ति उनले शान्तिपूर्ण रूपमा संघर्ष गरेका थिए । मधेशी समुदायको समस्या संविधानअनुसार नै समाधान हुनुपर्ने मान्यता राखेका थिए ।

पछि उपेन्द्र यादवको मधेशी जनअधिकार फोरम, महन्थ ठाकुर नेतृत्वको तमलोपालगायत दलहरूले यसलाई थप सशक्त बनाए । ०६४ को संविधानसभा निर्वाचनमा मधेशकेन्द्रित दलहरूले उल्लेखनीय सफलता हासिल गरेका थिए । तर, त्यसपछि लगातार पार्टी विभाजन, शक्ति संघर्ष र परिवारवादका कारण यी दलहरू कमजोर बन्दै गए । ०७० पछि संविधानसभामा उनीहरूको प्रभाव घट्दै गयो र ०७२ को संविधानमा मधेशका धेरै मुद्दा समावेश हुन सकेनन् । तेस्रो मधेश आन्दोलनपछि पनि अपेक्षित उपलब्धि हासिल हुन सकेन । ०७४ र ०७९ का निर्वाचनमा मधेशकेन्द्रित दलहरूको उपस्थिति क्रमशः घट्दै गयो । अन्ततः पछिल्लो निर्वाचनमा प्रतिनिधिसभामा उनीहरूको उपस्थिति शून्यमा सीमित भएको छ ।

■ दोस्रो चरणमा बागमती क्षेत्रका आठ सयभन्दा बढी संरचनामा डोजर

बस्तीबाट हटाइएकाहरूको गुनासो- सामान सार्ने र कोठा खोज्ने समयसमेत पाएनौं

शिवहरि घिमिरे/नयाँ पत्रिका

सुकुमवासी बस्ती हटाउने अभियानअन्तर्गत सरकारले दोस्रो चरणमा उपत्यकाको बागमती क्षेत्रका आठ सयभन्दा बढी संरचनामा डोजर चलाएको छ । गत शनिबारदेखि सुकुमवासी बस्ती हटाउन सुरु गरेको सरकारले शुक्रबार शंखमूल, बालाजु, बल्खु र टेकुको वंशीघाट क्षेत्रमा डोजर चलाएको हो । गत शनिबारदेखि सुरु अभियानको पहिलो चरणमा थापाथली, सिनामंगल, गैरीगाउँ र मनोहरा क्षेत्रका बस्ती हटाइएको थियो ।

शंखमूल, बालाजु, बल्खु र टेकुको वंशीघाट क्षेत्रका बस्ती हटाउन शुक्रबार १५ वटा डोजर प्रयोग भएका थिए । काठमाडौं महानगरपालिकाका प्रवक्ता नवीन मानन्धरका अनुसार शुक्रबार वंशीघाटमा २०१, टेकु पुल क्षेत्रमा २५, बल्खुमा ४८६, बालाजु क्षेत्रमा १२, शंखमूलमा ९० घरटहरा भत्काइएको छ । भत्काइएका टहरामा ८१४ परिवार आश्रित थिए ।

» पृष्ठ २ मा क्रमशः



बागमतीकिनारको बल्खु क्षेत्रमा अतिक्रमित संरचना भत्काइएपछि देखिएको दृश्य । तस्बिर : अमुल थापा

सुकुमवासी बस्ती हटाउने अभियानअन्तर्गत अहिलेसम्म के-के भयो ?

- **पहिलो चरणमा थापाथली, सिनामंगल, गैरीगाउँ र मनोहरा क्षेत्रका बस्ती हटाएको सरकारले दोस्रो चरणमा शुक्रबार शंखमूल, बालाजु, बल्खु र टेकुको वंशीघाट क्षेत्रका बस्ती खाली गरेको छ ।**
- **काठमाडौं महानगरपालिकाका अनुसार शुक्रबार बल्खुमा ४८६, वंशीघाटमा २०१, शंखमूलमा ९०, टेकु पुल क्षेत्रमा २५, बालाजुमा १२ घरटहरा भत्काइएको छ, जहाँ कुल ८१४ परिवार बसेका थिए ।**
- **शुक्रबार टहरा भत्काइएका परिवारमध्ये खरिपाटीस्थित विद्युत् तालिम केन्द्रको हलमा १३ परिवारका २६ जना र अन्य १० जनालाई धापाखेलको केयर सेन्टरमा राखिएको छ । ५० परिवार रंगशालामा सामान राखेर आफन्तकहाँ गएका छन् । अरू सम्पर्कमा आएका छैनन् ।**
- **हालसम्म करिब १२ सय परिवार सरकारको सम्पर्कमा आएका छन् । उनीहरूमध्ये ३२ परिवारका १४७ जना कीर्तिपुरस्थित राधास्वामी आश्रम, ४२ परिवारका २२० जना होटेलमा र अन्य सुकुमवासी कोही डेरामा, कोही आफन्तकहाँ बसेका छन् ।**

टहरा भत्काउने खबरले त्रसित बनेका इन्द्रबहादुर मृत भेटिए

वर्षौंदेखि बस्दै आएको 'टहरा भत्काउन डोजर आउँदै छ' भन्ने खबर पाएदेखि नै बल्खुस्थित सुकुमवासी बस्तीमा बस्दै आएका ६१ वर्षीय इन्द्रबहादुर राई शुक्रबार बिहानैदेखि त्रसित देखिन्थे । भरियाको काम गरेर बनाएको एउटा टहरो उनको वासस्थान थियो । उनको परिवार २० वर्षदेखि बस्दै आइरहेको थियो । इन्द्रबहादुरले पाँच वर्षअघि टहरो मर्मतसमेत गरेका थिए । त्यसैमा पनि डोजर चल्ने भएपछि उनले छिमेकीसँग दुःख व्यक्त गर्दै थिए, 'रगत-पसिना खर्चेर बनाएको टहरो भत्काएको हेर्न सक्दिनँ । यहाँबाट सरेर कतै पनि जान्नँ ।'

इन्द्रबहादुरको भनाइलाई छिमेकीले पीडाको बयानका रूपमा बुझे । घर भत्काउन प्रहरी पुग्दा इन्द्रबहादुर बिहान ८ बजेतिर त्यस क्षेत्रमा देखिएका थिए । तर, ९ बजेपछि उनी छिमेकीसँग भेटिएनन् । कतै गए होलान् भनेर परिवारले समेत खोजी गरेनन् । दिउँसो ३:३५ बजे बागमती नदीमा कपडाजस्तो वस्तु बगिरहेको थियो । केहीबेरमा हात पनि देखियो, त्यसपछि स्थानीयले प्रहरीलाई बोलाए । बाहिर निकाल्दा उनी रहेछन्- इन्द्रबहादुर । नदीबाट बाहिर निकाल्दा उनको मृत्यु भइसकेको थियो ।

'साढे तीन बजेतिर खोलामा हातजस्तो देखिएपछि प्रहरीलाई खबर आयो । त्यसपछि हेर्दा मृतक इन्द्रबहादुर राई हुनुहुँदोरहेछ । उहाँ त्यही क्षेत्रमा बस्नुहुँदोरहेछ,' जिल्ला प्रहरी परिसरका प्रवक्ता पवन भट्टराईले भने, 'पोस्टमार्टमका लागि त्रिवि शिक्षण अस्पतालमा पठाएका छौं, अन्य विवाद वा कलहबारे बुझेका छैनौं ।' छिमेकी मनकुमार लामाले भने, 'घर भत्किन्छ भन्ने भइसकेपछि केही नराम्रो गर्नुभएको हो कि । गलत बानी भएको व्यक्ति त होइन उहाँ । टहराको पीरले नै यस्तो निर्णय लिएको हुनुपर्छ ।'

त्यस्तै, थापाथली क्षेत्रमा बस्ती भत्काउन डोजर चलेपछि बेहोस भएकी रेखा कुँवरलाई वीर अस्पताल पुऱ्याइएको थियो । डरका कारण उनी बेहोस भएकी थिइन् । अहिले उनको स्वास्थ्य सामान्य भएको अस्पतालले जनाएको छ ।

■ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका विशेष दूत गोरको भेटवार्ता

परराष्ट्रमन्त्री खनाल र अर्थमन्त्री वाग्लेसँग अलग-अलग छलफल





नयाँ पत्रिका

दक्षिण तथा मध्य एसियाका लागि संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पका विशेष दूत सर्जियो गोरले परराष्ट्रमन्त्री शिशिर खनाल र अर्थमन्त्री स्वर्णिम वाग्लेसँग भेटवार्ता गरेका छन्। तीनदिने नेपाल भ्रमणका क्रममा बिहीबार काठमाडौं आइपुगेका गोरले शुक्रबार मन्त्री खनाल र वाग्लेसँग अलग-अलग शिष्टाचार भेट गरेका हुन्।

सरकारका अनुसार भेटवार्ता दुई देशबिचको सम्बन्ध थप प्रगाढ बनाउने तथा आर्थिक र व्यापारिक सहकार्य मजबुत बनाउने विषयमा केन्द्रित थियो। दुवै भेटमा विशेष दूत गोरसँगै अमेरिकी अधिकारीहरू पनि सहभागी थिए।

'दक्षिण तथा मध्य एसियाका लागि संयुक्त राज्य अमेरिकाका विशेष दूत सर्जियो गोरसँग आज (शुक्रबार) परराष्ट्र मन्त्रालयमा भेट भएको छ। भेटमा नेपाल-अमेरिका सम्बन्ध, लगानी तथा व्यापार प्रवर्द्धन विषयमा छलफल भएको छ,' परराष्ट्र मन्त्रालयको विज्ञप्तिमा छ।

त्यस्तै, अर्थमन्त्री वाग्लेले भेटमा नेपाल-अमेरिकाबिचको आर्थिक साझेदारी र विकास सहायताका विविध विषयमा छलफल भएको जानकारी गराएका छन्। अर्थमन्त्री वाग्लेसँग विशेष दूत गोरको टोलीले २० मिनेट कुराकानी गरेको थियो। भेट सकिएपछि गोरसहितको टोलीले हनुमानढोका दरबार स्क्वायरपरिसरको भ्रमण गरेको थियो। टोली होटेल द्वारिकाजमा बसेको छ। विशेष दूत गोरले प्रधानमन्त्री बालेन्द्र शाहसँग भने भेटवार्ता गरेनन्। भेटवार्ताका लागि अनुरोध गरे पनि समय तय नभएको बताइएको छ। प्रधानमन्त्रीका प्रेसविज्ञ दीपा दाहालले प्रधानमन्त्रीसँग अमेरिकी विशेष दूत गोरको भेटवार्ताको समय तय नभएको बताइन्।

मध्य तथा दक्षिण एसियाका लागि राष्ट्रपतिका विशेष दूत गोर ६ सदस्यीय टोलीको नेतृत्व गर्दै नयाँदिल्लीबाट नेपाल वायुसेवाको उडानबाट काठमाडौं आएका हुन्। यसअघि मध्य तथा दक्षिण एसियाका लागि सहायक विदेशमन्त्री समीर पल कपुर तीनदिने भ्रमण गरेर फर्केका थिए। प्रधानमन्त्री शाहले उनीसँग पनि भेट गरेका थिएनन्।

■ अतिक्रमित संरचनामा डोजर



काठमाडौंको टेकुस्थित वंशीघाट क्षेत्रमा अतिक्रमित संरचना भत्काउँदै महानगरका डोजर। तस्बिर : नयाँ पत्रिका

सुकुमवासी व्यवस्थापन प्रक्रियाप्रति कांग्रेस सभापति थापाको असन्तुष्टि

'मानवीय संवेदना र आत्मसम्मान कुल्चिएर लखेट्ने काम बन्द होस्'

काठमाडौं/ कांग्रेस सभापति गगन थापाले मानवीय संवेदना र आत्मसम्मान कुल्चिँदै सुकुमवासीमाथि राज्यले कैदीबन्दीजस्तो व्यवहार गरेको भन्दै गम्भीर आपत्ति जनाएका छन्। थापाले शुक्रबार सामाजिक सञ्जालमार्फत लामो टिप्पणी सार्वजनिक गर्दै संविधान र कानुन मिचेर सरकारले सुकुमवासी व्यवस्थापनमा गलत प्रक्रिया अपनाएको आरोप लगाएका छन्।

'शक्ति प्रदर्शन कि प्रक्रियागत न्याय ? भूमिहीनको अधिकार र राज्यको दायित्व' शीर्षकमा उनले सरकारको कार्यशैलीमाथि प्रश्न उठाएका छन्। 'कानुनको बाटो धैर्यपूर्ण र प्रक्रियागत हुन्छ। यसले क्षणिक ताली र लाइक्स नदेला। तर, के राज्य सधैं तालीकै पछि लाग्ने हो ? मानवीय संवेदना र आत्मसम्मानलाई कुल्चेर नागरिकलाई 'कैदीबन्दी'झैं व्यवहार गर्नु के राज्यको अभिभावकीय भूमिका हो ? विकल्प र पहिचान नगरी बलपूर्वक उठीवास लगाउनु लोकतन्त्रकै उपहास हो,' उनले भनेका छन्।

थापाले विधि मिचेर सुकुमवासी बस्ती भत्काइँदा लोकतन्त्रकै जग कमजोर बनिरहेको भन्दै सरकारको ध्यानाकर्षण गरेका छन्। 'डोजरले नागरिकको झुपडी मात्र होइन, उनीहरूको मर्यादा र राज्यप्रतिको भरोसा पनि भत्काएको छ। सस्तो लोकप्रियताका लागि गरिएको यो निर्मम प्रहारले सडक त खाली गराउला, तर यसले लोकतन्त्रको जग कमजोर बनाउँछ,' थापाले लेखेका छन्।

थापाले पुनर्स्थापनाको आधार तयार नगरी सुकुमवासीलाई विस्थापित गर्ने कार्य तत्काल रोक्न आग्रह गर्दै तीनबुँदे सुझावसमेत दिएका छन्। 'नदीकिनार खाली गर्नैपर्छ, तर त्यो काम 'डोजर'ले होइन, 'कानुन'को प्रयोग गरेर गर। नक्कली सुकुमवासीलाई दण्ड देऊ, तर वास्तविक भूमिहीनलाई पहिचान नगरी, पुनर्स्थापनाको आधार नबनाई, धम्क्याएर र लखेटेर हटाउने काम तत्काल बन्द गर,' थापाले भनेका छन्, 'सुकुमवासी समस्या पालेर होइन, समाधान गरेर मात्र सकिन्छ। राज्य 'रुल बाई ल' (शक्ति) होइन, 'रुल अफ ल' (कानुन)को बाटोमा हिँडोस्।' उनले राज्यको सामर्थ्य डोजरको दाँतमा होइन, कानुनको न्यायपूर्ण कार्यान्वयनमा देखिनुपर्ने भन्दै सजगसमेत गराएका छन्।

भूमिसम्बन्धी ऐनको सातौं र आठौं संशोधन पारित गराउन आफू र विश्वप्रकाश शर्माले खेलेको भूमिकासमेत स्मरण गर्दै थापाले सोही कानुनको प्रभावकारी कार्यान्वयनबाट सुकुमवासी समस्या समाधान सम्भव रहेको जिकिर गरेका छन्।

उता, मे दिवसका अवसरमा नेपाल ट्रेड युनियन कांग्रेसले आयोजना गरेको कार्यक्रममा थापाले सरकार सुकुमवासीलाई ठोकिदिन्छु, हानिदिन्छु भन्ने निरंकुश शैलीबाट चल्न खोजेकोप्रति आपत्ति जनाए। 'नयाँ काम गर्छु भन्ने सरकारले कानुनभन्दा बाहिर गएर 'ठोक्दिन्छु, हान्दिन्छु' भन्ने शैली देखाउन खोजेको छ, यसले देशलाई सही दिशातर्फ लैजाँदैन,' उनले भनेका छन्।

■ नयाँ नेतृत्वपछि न्यायपरिषद्को सक्रियता

दुई न्यायाधीश नियुक्त, ३४ उजुरीमा निर्णय



शिल्पा कर्ण/नयाँ पत्रिका

नयाँ नेतृत्व आएसँगै न्यायाधीश नियुक्ति तथा कारबाहीको जिम्मेवारी पाएको न्यायपरिषद्को सक्रियता बढेको छ। नयाँ नेतृत्व र सदस्यता आएपछि २० चैतदेखि १६ वैशाखसम्म चारवटा बैठक बसेका छन्। ती बैठकमा दुई न्यायाधीशको नियुक्ति र ३४ उजुरीमाथि निर्णय गरिएको परिषद्ले जनाएको छ।

न्यायपरिषद्मा पाँचमध्ये दुईजना महिला सदस्य छन्। परिषद्को नेतृत्व कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्लले गरिरहेकी छिन् भने सदस्यका रूपमा संघीय कानुनमन्त्री सोविता गौतम रहेकी छिन्। सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश कुमार रेग्मी तथा वरिष्ठ अधिवक्ताहरू दामोदर खड्का र महेशकुमार नेपाल पनि परिषद्का सदस्य छन्।

१७ चैतमा तत्कालीन प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले उमेरहदका कारण अवकाश पाएपछि मल्ल कायममुकायम प्रधानन्यायाधीश बनेकी हुन्। त्यसपछि १३ चैतमा सोविता गौतम कानुन, न्याय तथा संसदीय मामिलामन्त्री नियुक्त भएकी थिइन्।

परिषद्का अनुसार पहिलो बैठक २० चैतमा बसेको थियो, जसले केही पुराना उजुरी तामेलीमा पठाउने निर्णय गरेको थियो। दुईदेखि तीन वर्ष पुराना १० उजुरी तामेलीमा पठाइएको थियो। सो बैठकले उजुरी फर्स्योटलाई प्राथमिकता दिने र बैठकलाई नियमित रूपमा (सम्भव भएसम्म साप्ताहिक) सञ्चालन गर्ने निर्णय पनि गरेको थियो।

पाँच दिनपछि अर्थात् २५ चैतमा बसेको परिषद्को अर्को बैठकले उच्च अदालत विराटनगरकी न्यायाधीश राज्यलक्ष्मी बज्राचार्यलाई ओखलढुंगा इजलासमा काजमा खटाउने निर्णय लिएको थियो। साथै, काठमाडौं जिल्ला अदालतका ज्येस्तेदार तीर्थराज भट्टराईलाई कैलाली जिल्ला अदालतको न्यायाधीशमा नियुक्ति तथा पदस्थापन गर्ने निर्णय भएको थियो।

बैठकले सैनिक विशेष अदालतको अध्यक्ष पदका लागि उच्च अदालत पाटनका न्यायाधीश चन्द्रबहादुर सारूलाई अदालतको कामकाजसमेत गर्ने गरी तोक्न सरकारलाई परामर्श दिने निर्णय लिएको थियो। बैठकले काठमाडौं उपत्यका विकास प्राधिकरणको निर्णयउपर पुनरावेदन सुन्ने समितिको अध्यक्ष पदमा उच्च अदालत पाटनका न्यायाधीश टंकप्रसाद गुरुङलाई अदालतको कामकाजसमेत गर्ने गरी तोक्न पनि सरकारलाई परामर्श दिएको थियो।

सोही दिन उच्च अदालत जनकपुरका न्यायाधीश श्यामकुमार भट्टराईलाई राष्ट्रिय न्यायिक प्रतिष्ठानमा काजमा खटाउनसमेत सिफारिस गरिएको थियो। सो बैठकमा १५ उजुरी पनि तामेलीमा पठाइएको थियो।

यसैगरी, १० वैशाखमा बसेको बैठकले सर्वोच्चको संवैधानिक इजलासको प्यानलमा तीन न्यायाधीशको नाम थप गरेको थियो। न्यायाधीशहरू अब्दुल अजिज मुसलमान, महेश शर्मा पौडेल तथा टेकप्रसाद दुंगानालाई इजलास समूहमा राख्न सिफारिस गरिएको थियो। यस दिन नौवटा उजुरीमाथि निर्णय भएको परिषद्ले जनाएको छ।

पछिल्लोपटक गत मंगलबार मात्र परिषद्ले परिषद्कै सचिव जितेन्द्रबाबु थपलियालाई उच्च अदालतको न्यायाधीशमा नियुक्त गरेको थियो। उनलाई उच्च अदालत सुर्खेतको जुम्ला इजलासमा रहने गरी पदस्थापन गरिएको प्रवक्ता रामप्रसाद भट्टराईले बताए।

हाल जिल्ला अदालतमा २८७ जनाको दरबन्दी रहेकोमा कुनै पद रिक्त नभएको परिषद् प्रवक्ता भट्टराईले बताए। 'उच्चमा चार न्यायाधीशको पद रिक्त थियो। एकजना हिजो (बिहीबार) सिफारिस हुनुभो। बाँकी तीन न्यायाधीशको पद रिक्त छ। अनि मुख्य न्यायाधीशचाहिँ दुईजना नियुक्त हुन बाँकी छ,' उनले भने।

यसैगरी प्रधानन्यायाधीशसहित २१ जना रहने सर्वोच्च अदालतमा भने प्रधानन्यायाधीशकै पद रिक्त छ। हाल कायममुकायम प्रधानन्यायाधीश मल्लले नेतृत्व गरिरहेकी छिन्। उनीसमेत कुल १८ जना न्यायाधीश सर्वोच्चमा छन्। प्रधानन्यायाधीशको सिफारिस संवैधानिक परिषद्ले गरे पनि न्यायाधीश भने परिषद्बाटै सिफारिस भई संसदीय सुनुवाइपश्चात् नियुक्त हुन्छन्।

विदेशमा कार्यरत...

पृष्ठ १ बाट क्रमशः

खारेज गर्ने तयारी गरेका छौं, प्रारम्भिक चरणमा १९ जनालाई कारबाही गर्दै छौं,' उनले भने। उनका अनुसार ती चिकित्सक हाल अमेरिका, क्यानडा, न्युजिल्यान्ड, जर्मनी, अस्ट्रेलिया र भारतलगायत देशमा कार्यरत छन् र त्यहाँको नागरिकतासमेत लिइसकेका छन्। यसबारे सम्बन्धित चिकित्सकलाई औपचारिक जानकारी दिइसकिएको काउन्सिलले जनाएको छ। काउन्सिलले सूचना भने बिहीबार जारी गरेको हो।

लाइसेन्स खारेज प्रक्रिया अगाडि बढाइएका चिकित्सकमा डा. सुमिन्द्रा पुन, डा. शैलेशकुमार जयसवाल, डा. भूपेश खड्का, डा. आरती रानाभाट, डा. रमेशराज पहारी, डा. सन्जोक घले, डा. ऋषिराज बराल, डा. प्रभु पाण्डे, डा. तृप्ति महर्जन, डा. सिर्जना श्रेष्ठ, डा. सुनिता विष्ट, डा. दीपा मल्ल, डा. सौरव जिसी, डा. जेनिस श्रेष्ठ, डा. प्रभास रेग्मी, डा. दीपिका ज्ञवाली, डा. हेमु चौरासिया, डा. समीक्षा शर्मा र डा. मनोरमा पाण्डे रहेका छन्।

नेपाल छाडेका, अन्य देशको नागरिकता लिएका र विदेशकै अस्पतालमा काम गरिरहेका कतिपय डाक्टरले अनलाइनमार्फत नेपालमा स्वास्थ्य सेवा दिइरहेका छन्। तर, उनीहरूले पनि त्यसरी स्वास्थ्य सेवा लिन नपाउने काउन्सिलले जनाएको छ।

चिकित्सकले आफ्नो जिम्मेवारी पूरा नगरेको, बिरामीलाई हैरानी दिएको, लापरबाही गरेको भनेर बिरामी पक्षबाट बढी गुनासा आउन थालेपछि मेडिकल काउन्सिलले कडाइ गर्न थालेको छ। यही क्रममा काउन्सिलले पछिल्लोपटक चिकित्सकहरूलाई बिरामीप्रति उत्तरदायी बन्न निर्देशनसमेत दिएको छ।

काउन्सिलले बिरामीको फोटो-भिडियो सामाजिक सञ्जालमा पोस्ट नगर्न, दर्ता भएका अस्पतालमा मात्रै काम गर्न, आफ्नो कार्यालय तथा ड्युटी समयभरि तोकिएकै अस्पतालमा काम गर्नलगायत निर्देशन दिएको छ।

हाल कतिपय अस्पतालमा कार्यरत निर्देशक तथा मेडिकल सुपरिटेन्डेन्टले निजी अस्पतालमा पनि काम गरिरहेका छन्। तर, त्यसो गर्न नपाइने काउन्सिलका रजिस्ट्रार देवले बताए।

काउन्सिलमा परेका उजुरीमाथि कम निर्णय

काउन्सिलमा ०८२/८३ मा बिरामी पक्षबाट ३९ वटा उजुरी परेको थियो। जसमध्ये चारवटा निर्णय भएको थियो। ३५ वटा प्रक्रियामा छन्। चार निर्णयमध्ये एकजना दन्त चिकित्सकलाई दुई साताका लागि निलम्बन गरिएको छ। दन्त उपचारमा समस्या देखिएपछि ती डाक्टरलाई कारबाही गरिएको काउन्सिलका रजिस्ट्रार सतीशकुमार देवले बताए। उनका अनुसार अन्य तीनवटा उजुरीमा डाक्टरलाई सचेत गराइएको छ।

त्यस्तै, ०८१/०८२ मा ५६ जनाको उजुरी परेकोमा दुईजना चिकित्सकलाई मात्रै सचेत गराइएको थियो। आर्थिक वर्ष ०८०/८१ मा ७० उजुरी परेकोमा २८ वटा निर्णय गरिएको थियो भने ६ वटा तामेली र ३६ वटा उजुरीमा छानबिन नै भएन।

त्यस्तै, आर्थिक वर्ष ०७९/८० मा ९० उजुरी परेकोमा ४४ वटामा निर्णय भएको थियो। उक्त निर्णयमा पनि डाक्टरलाई सचेत गराइएको थियो भने आर्थिक वर्ष ०७८/७९ मा ४६ उजुरी परेकोमा २४ वटामा निर्णय भएको थियो। काउन्सिलबाट बिरामीको उजुरीसँग सम्बन्धित निर्णय नभएको भन्दै १२ चैत ०८२ मा उच्च अदालत पाटनले कामकारबाहीसम्बन्धी निरीक्षण गरेको थियो। निरीक्षणपछि अदातलले प्रक्रिया पुऱ्याएर सुनुवाइ नगरेको भन्दै उक्त निर्देशन दिएको थियो।

कानुनविपरीत...

पृष्ठ १ बाट क्रमशः

मर्मतसमेतको खर्च कटौती होस् भन्ने उद्देश्य पनि हो,' उनले नयाँ पत्रिकासँग भने, 'खर्च कटौती, कानुनको पालना र सेवा-सुविधामा एकरूपताको दृष्टिकोणले पनि यो महत्त्वपूर्ण छ।'

उपलब्ध विवरणअनुसार सबैभन्दा बढी सवारी दुरुपयोग अर्थ मन्त्रालयअन्तर्गत देखिएको छ, जहाँ १२२ वटा सवारी नियमविपरीत प्रयोग भइरहेका छन्। त्यसमध्ये ३८ वटा मन्त्रालयमा र बाँकी मातहतका निकायमा प्रयोग भइरहेका छन्। गृह मन्त्रालयमा ५३, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा ५०, श्रम मन्त्रालयमा १९ र प्रधानमन्त्री कार्यालयमा २२ वटा सवारी दुरुपयोगमा छन्। मन्त्रालयले उपलब्ध गराएको तथ्यांकअनुसार त्यसमध्ये २१ वटा मन्त्रालयका र ३२ वटा मातहतका निकायका हुन्।

त्यस्तै, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत कानुनबमोजिम बाहेक प्रयोग भइरहेका गाडीको संख्या ५० छ। त्यसमा १७ वटा मन्त्रालयका र ३३ वटा सडक विभागका हुन्। श्रम मन्त्रालय र अन्तर्गत प्रयोगमा आइरहेका यस्ता प्रकृतिका सवारीसाधनको संख्या १९ वटा छन्। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र मातहतमा पनि यस्ता प्रकृतिका २२ वटा गाडी छन्। पर्यटन मन्त्रालय र मातहतका निकायमा पनि कानुनले दिएभन्दा अतिरिक्त सञ्चालनमा रहेका गाडीको संख्या १९ छ।

रक्षा मन्त्रालयमा कानुनबमोजिम बाहेक प्रयोग भएका गाडी संख्या १९ वटा छन् भने कृषि तथा पशुपन्छी मन्त्रालयमा १७ वटा छन्। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा पनि कानुनबमोजिम बाहेक प्रयोग भइरहेका सवारीसाधनको संख्या १२ छ भने नापीबाहेकका मातहतका निकायसहितको यो संख्या १६ छ।

वन मन्त्रालयमा कानुनबमोजिम पाउनेभन्दा बढी प्रयोग भएको गाडीको संख्या १५ वटा छन्। सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा प्रयोग भइरहेका यस्ता गाडीको संख्या १४-१४ छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा आठ र महिला तथा बालबालिका मन्त्रालयमा कानुनबमोजिम भन्दा अतिरिक्त प्रयोग भएका गाडी संख्या ६ वटा छ।

बजेट खर्च देखाउन र कमिसनका लागि मन्त्रालयहरूले बर्सेनि महँगा गाडी खरिद गर्दै आएका छन्। आवश्यकता यकिन नगरी खरिद गरिएका गाडीको दुरुपयोग धेरै छ। मितव्ययी रहेको देखाउन पछिल्ला वर्षमा हरेकजसो सरकारले मितव्ययिता नीति जारी गर्नेदेखि बजेटमा व्यवस्था गरेर फजुल खर्च नियन्त्रण गर्ने घोषणा गर्दै आएका छन्।

प्रधानमन्त्री कार्यालयले विवरण मागेसँगै विभिन्न मन्त्रालय र निकायबाट नियमविपरीत प्रयोग भइरहेका सवारी फिर्ता लिन थालिएको छ। कानुनबमोजिम सुविधा पाउने पदाधिकारीबाहेकले प्रयोग गरिरहेका त्यस्ता सवारीसाधन अब पुलमा रहने भएका छन्। पुलमा रहने ती सवारीसाधन सम्बन्धित मन्त्रालय, कार्यालय वा निकायले कार्यालय समयमा, प्रयोजन हेरेर सरकारी तथा कार्यालयको काममा परिचालन र उपयोग गर्न सक्ने प्रवक्ता अर्यालको भनाइ छ। सुविधा पाउने कोही पदाधिकारीले पाइरहेको छैन भने पनि त्यसैबाट व्यवस्थापन हुन्छ।

'रियल टाइम ट्र्याकिङ' र नयाँ मापदण्डको तयारी

सरकारले अब सवारी व्यवस्थापनलाई व्यवस्थित गर्न 'रियल टाइम ट्र्याकिङ' प्रणाली लागू गर्ने तयारी गरेको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यससम्बन्धी मापदण्ड तयार गरिरहेको छ। अब कानुनबमोजिम सुविधा नपाउनेले सवारीसाधन एकलौटी प्रयोग गर्न नपाउने व्यवस्था गरिनेछ। 'अब सवारीसाधनको रियट टाइम ट्र्याकिङ हुन्छ,' एक अधिकारीले भने, 'दुरुपयोग गर्न अब पाइँदैन। आवश्यकताअनुसार मितव्ययी र पारदर्शी हिसाबले गाडी प्रयोग हुन्छन्।'

सवारी सुविधालाई व्यवस्थित गर्ने आयोगको सिफारिस अलपत्र

यसअघि उच्चस्तरीय तलब सुविधा आयोगलगायत विभिन्न निकायले सवारी सुविधा व्यवस्थापनबारे सिफारिस गरे पनि कार्यान्वयन हुन सकेको छैन। मितव्ययिता र पारदर्शिताका घोषणा दोहोरिँदै आए पनि व्यवहारमा सुधार नदेखिएको विज्ञहरूको भनाइ छ।

सरकारले ०७९ मा गठन गरेको उच्चस्तरीय तलब सुविधा आयोगले मन्त्रालयहरूमा सवारी सुविधाको व्यापक दुरुपयोग भएको दृष्टान्तसहित त्यसलाई व्यवस्थित गर्न मापदण्ड तयार गर्नेलगायत सिफारिस गरेको थियो। यसका अतिरिक्त सार्वजनिक खर्च पुनरवलोकन आयोग, विभिन्न आर्थिक वर्षका बजेट र सरकारी खर्चमा मितव्ययिता कायम गर्नेसम्बन्धी आचारसंहिताले पनि सवारी सुविधालाई व्यवस्थित गर्न सुझाव र सिफारिस दिएका छन्।

उच्चस्तरीय तलब सुविधा आयोगको प्रतिवेदनले सरकारी कार्यालयमा सवारीसाधनको मितव्ययी र व्यवस्थित प्रयोग नभएका कारणबाट राज्यको ठुलो रकम दुरुपयोग भइरहेको र अनियमितताले पनि प्रश्रय पाइरहेको औंल्याएको थियो। मापदण्डका आधारमा सवारीसाधनको प्रयोगलाई व्यवस्थित गर्न वाञ्छनीय भएको प्रतिवेदनमा उल्लेख छ।

व्यवस्थित रूपमा सवारीसाधन खरिद, मर्मत, इन्धन व्यवस्थापन र ड्राइभर परिचालन गर्न धेरै ढिला भइसकेको प्रतिवेदनले औंल्याएको छ। कार्यालयको आवश्यकताभन्दा बढी सवारीसाधन खरिद गरेर थन्क्याउने तथा दुरुपयोग गर्ने प्रवृत्ति निरुत्साहित गर्न पनि आयोगले सुझाएको थियो।

बस्तीबाट...

पृष्ठ १ बाट क्रमशः

प्रहरीले पूर्वसूचना दिँदै बासिन्दालाई हटाएको थियो भने कतिपयलाई सामान निकाल्न सहयोगसमेत गरेको थियो। हटाइने निश्चित भएपछि केहीले बुधबार र बिहीबार नै आफ्ना सामान अन्यत्र सारेका थिए। तर, विकल्प नपाएका र कोठा नपाएका धेरैले टहरा छाड्न सकेका थिएनन्। शुक्रबार बिहान ७ बजेदेखि प्रहरी सिटी फुक्दै बस्तीमा पुगेपछि उनीहरूले हतारिँदै सामान सार्न थालेका थिए। सबै सामान निकाल्न नपाउँदै डोजर चलाइएको कतिपयको गुनासो छ।

महानगरका प्रवक्ता मानन्धरका अनुसार भत्काइएका टहरामा आश्रितमध्ये धेरैजसो आफैंले बसोबासको जोहो गरेका छन् भने थोरै परिवार मात्रै सरकारको आश्रयमा पुगेका छन्। 'शुक्रबार साँझसम्म भक्तपुर खरिपाटीस्थित विद्युत् तालिम केन्द्रको हलमा १३ परिवारका २६ जनलाई पठाइएको छ। अन्य १० जनालाई धापाखेलको केयर सेन्टरमा राखिएको छ, ५० परिवारले रंगशालामा सामान राखेर आफन्त वा आफ्नै तरिकाले बस्छौं भन्नुभएको छ, अरू सम्पर्कमा आउनुभएको छैन,' उनले भने, 'शुक्रबार पानी परिरहेकाले टहरा भत्काएपछि कतिपयको सामान भिजेको पनि थियो।'

यसअघि सिनामंगल, गैरीगाउँ र थापाथली क्षेत्रका टहरा हटाएपछि हालसम्म करिब १२ सय परिवार सरकारको सम्पर्कमा आएका छन्। उनीहरूमध्ये ३२ परिवारका १४७ जना कीर्तिपुरस्थित राधास्वामी आश्रम, ४२ परिवारका २२० जना होटेलमा र अन्य सुकुमवासी कोही डेरामा, कोही आफन्तकहाँ बसेका छन्।

हाल राधास्वामी आश्रममा ३५ जना बालबालिका, ७० जना महिला, त्यसमध्ये चारजना सुत्केरी र अन्य पुरुष छन्। हाल सरकारले सुकुमवासीहरूलाई दुई छाक खाना र बिहान-बेलुकी चिया बिस्कुट दिने गरेको छ। कतिपयले बालबालिकालाई पोषण नपुगेको भन्दै गुनासो पनि गरिरहेका छन्। राधास्वामी आश्रममा राखिएकामध्ये तीन परिवार अन्यत्रै सरेका छन्। कोचाकोच हुने गरी राखेको र संक्रामक रोगसमेत फैलिन सक्ने भन्दै उनीहरू आफैं कोठा खोजेर सरेका हुन्।

होटेलमा बसेकालाई होटेल संघले खर्च व्यहोरेको छ भने आश्रममा बसेको खर्च सहरी विकास मन्त्रालयले व्यहोरेको छ। तर, आफ्नो लुगाफाटो तथा भान्साको सामान कतिपयले सडकमै पाल टाँगेरसमेत राखेका छन्। सिनामंगल क्षेत्रको बागमती करिडोर क्षेत्रमा अझै केही परिवार पालमुनि बसिरहेका छन्।

हालसम्म भूमि मन्त्रालयले उपत्यकाका नदीकिनार क्षेत्रका तीन हजार ४९६ सुकुमवासीमध्ये सबैको एकपटक प्रमाणीकरण गरिसकेको छ। प्रमाणीकरणका क्रममा ४५० नक्कली सुकुमवासी देखिएको उनले बताए। वास्तविक सुकुमवासीलाई स्थायी रूपमा कसरी राख्ने, उनीहरूको स्वास्थ्य, शिक्षा, रोजगार, बसोबासबारे सरकारले अझै पूरै योजना बनाइसकेको छैन। 'सुकुमवासी व्यवस्थापनका विभिन्न चरण छन्, पहिले त वास्तविक छुट्याएपछि मात्रै व्यवस्थापन हुन्छ,' सहरी विकास मन्त्रालयका प्रवक्ता नारायणप्रसाद मैनालीले भने, 'वास्तविक सुकुमवासीलाई सहज रूपमा व्यवस्थापन गर्न अझै केही दिन समय लाग्छ।'

नाम विवरण दर्ता गराएपछि तत्कालका लागि ललितपुरको धापाखेलस्थित टेवा कार्यालय, भक्तपुरको खरिपाटीस्थित विद्युत् तालिम केन्द्र, बोडेस्थित कृषि विकास बैंक तालिम केन्द्र, नगरकोट खानेपानी तालिम केन्द्र र काभ्रेको बनेपास्थित रेडक्रस भवनमा व्यवस्थापन गरिनेछ। यी ठाउँ होल्डिङ सेन्टर हुन्।

स्थायी रूपमा कहाँ राख्ने भन्ने सम्बन्धमा ठोस निर्णय हुन सकेको छैन। काठमाडौं उपत्यका विकास प्राधिकरणका प्रमुख आयुक्त जानुका ढकालले अझै स्क्रिनिङको काम चलिरहेको बताउँदै वास्तविक सुकुमवासीलाई व्यवस्थापन गर्न करिब एक महिनाको समय लाग्ने बताइन्। उनका अनुसार स्थायी रूपमा कहाँ कसरी राख्ने भन्ने सम्बन्धमा निष्कर्ष निस्किएको छैन।

शुक्रबार बस्तीबाट हटाइएकाहरू भन्छन्- सामान सार्ने र कोठा खोज्ने समय पनि पाएनौं

संरचना भत्काइएका बस्तीका नागरिकले सामान सार्ने र कोठा खोज्ने समय पनि नपाएको गुनासो गरेका छन्। शुक्रबार दिउँसो सिमसिम पानी परिरहेकै वेला संरचना भत्काउँदा बुढाबुढी, महिला र बालबालिका तनावमा देखिन्थे। अधिकांशले टहरो भत्काएको ठाउँभन्दा बाहिर पालले सामान ओत लगाएर राखेका छन्। स-साना बालबालिका भएका परिवार कोठा नपाइएपछि सडककिनारमै पाल टाँगेर बसेका छन्।

बल्खुको टहरमा भेटिएकी मधुमाया लामाले बुधबार र बिहीबार सामान सार्न मौसमले साथ नदिएको बताउँदै शुक्रबार अचानक डोजर चल्दा घरभित्रको सामान हतारहतार बाहिर निकालिएको सुनाइन्। उनले आफ्नो सातजनाको परिवार भएकाले सरकारले दिएको स्थानमा पनि सामान सार्न र बालबच्चालाई असहज हुने भएकाले कोठा खोजिरहेको बताइन्।

'भाडा तिर्छौं भन्दा पनि कोठा पाइएको छैन, यता सरकारले दुस्मनलाई जसरी कोठाबाट हटाइदियो। पानी परेकाले सामान सार्न पनि सकिएन,' उनले भनिन्, 'दुलै अपराधीलाई जस्तै व्यवहार भयो। जबर्जस्ती हटाउन मिल्छ र ?' मधुमायाजस्तै बल्खु क्षेत्रमा टहरामा बसोबास गर्दै आएकी सीता कार्कीले पनि सरकारले आफूहरूलाई घरवासविहीन बनाएको बताइन्। 'सामान टहराबाहिरै छन्। बच्चा र सामान कहाँ राख्ने भन्ने तनाव छ,' उनले सुनाइन्, 'सरकारले एक-दुई दिन कुरेको भए हुन्थ्यो, हामी छाड्ने तयारीमै थियौं, कोठा नपाएर रोकिएका हौं। सरकारले पर्खेन।'

टेकुस्थित वंशीघाटमा बस्दै आएका राजु यादवले कहाँ बस्ने भन्ने टुंगो नभएको बताए। 'टहराको सामान प्रहरीले बाहिर राखिदिएका छन्। पानी पऱ्यो भने सरसामान भिज्छ,' उनले भने, 'दुई-तीन दिन ढिला डोजर चलाएको भए सामान त सार्न पाइन्थ्यो नि। छोराछोरी बोकेर अब कहाँ जाऔं। उहाँहरूले एकै ठाउँमा कोचेर राख्नुभएको छ, हामी त्यहाँ जान्नौं।'

शून्यमा झरेका...

पृष्ठ १ बाट क्रमशः

कार्यान्वयन गर्ने प्रक्रिया जारी रहेको नेता मनीष सुमनले बताए। उनका अनुसार मधेशकेन्द्रित दलहरूबिच एकता हुन नसक्नु पनि कमजोर चुनावी परिणामको प्रमुख कारण हो।

'चुनावमा आएको परिणाम बालेन्द्र शाहको लहर हो। उहाँ जुनसुकै दल र समूहबाट उठे पनि अहिले यस्तै परिणाम आउँथ्यो, अर्कोतिर मधेशकेन्द्रित दलहरूले एउटै पार्टी बनाउन नसक्दाको कमजोरीले पनि अहिलेको परिणाम आएको हो भन्ने हाम्रो समीक्षा छ,' सुमनले नयाँ पत्रिकासँग भने, 'चुनावअघि लोसपासँग एकीकरणको सैद्धान्तिक सहमती भए पनि प्राविधिक काम बाँकी थियो। अहिले एकीकरणलाई मूर्त रूप दिन एकीकृत विधान, केन्द्रीय समितिको हस्ताक्षर, चुनाव चिह्न र नागरिकताको प्रमाणपत्रलगायतका कागजात आयोगमा बुझाउने तयारीमा छौं। लोसपासँगको एकीकरणको काम सकिएपछि मधेशकेन्द्रित दलबिच एकताका लागि संवाद सुरु गर्ने पार्टी नीति छ।'

सुमनका अनुसार अहिलेको सरकारको कामका विषयमा भने तत्काल आक्रामक प्रतिक्रिया नजनाउने जसपा नेपालको नीति छ। तर, सीमामा मधेशका जनतालाई सय रुपैयाँभन्दा बढीको सामानमा भन्सार लिने निर्णय जनविरोधी भएकाले पहिलो चरणमा फिर्ता गर्न चेतावनी दिइएको उनले बताए। 'फिर्ता नभए दोस्रो चरणमा मधेशी जनताले गर्ने विद्रोहमा साथ दिन्छौं,' सुमनले भने।

जनमत पार्टीका अध्यक्ष सिके राउतले सरकारलाई सुरुवाती १०० दिन काम गर्न दिने 'पर्ख र हेर' नीति अपनाइएको र संगठनको काममा केन्द्रित भएको बताए। जनमत अहिले जिल्ला र वडा तहसम्म संगठन विस्तार गर्दै आगामी महाधिवेशनको तयारीमा जुटेको छ। 'सय दिनसम्म सरकारलाई निर्वाध रूपमा काम गर्न दिने पक्षमा भएकाले अहिले 'पर्ख र हेर'को नीतिमा छौं। त्यसैले अहिले पार्टीको सांगठनिक व्यवस्थापनको सिलसिलामा जिल्ला पदाधिकारी चयनपछि वडा अधिवेशनमा लागिरहेका छौं, आगामी असोजमा दोस्रो केन्द्रीय महाधिवेशन सम्पन्न गर्छौं,' अध्यक्ष सिके राउतले नयाँ पत्रिकासँग भने।

उन

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्याँ नयाँ
शनिबार १९ वैशाख ०८३
nayapatrikaofficial @nayapatrika

बालबालिकालाई स्मार्ट फोन दिने कि नदिने ?

'राम्ररी प्रयोग गर्ने हो भने स्मार्ट फोन बालबालिकाको सहयोगी साधन, नत्र दुस्मन'

शिक्षा



● हरिशरण खनाल



आजको २१औँ शताब्दीको विश्वले प्रविधिको विकासमा जतिजति छलाङ मार्दै छ, उतिउति मानव जीवन सरल, सहज र सुविधायुक्त बन्दै छ । संसारका हरेक सूचना, मनोरञ्जन र ज्ञानका अजस्र स्रोत त्यही सानो स्मार्ट फोनमा अटेका छन् । हातमा एउटा स्मार्ट फोन भएपछि कोठामै बसीबसी संसार विचरण गर्न सकिने भएको छ । तर, त्यही प्रविधि हामीमध्ये कतिपयका लागि टाउको दुखाइको विषय पनि बन्न थालेको छ । अभिभावकहरू भनिरहेका छन्- स्मार्ट फोनमा जतिखेर पनि झुम्मिएर बालबालिकाले पढ्न छाडे । उनीहरूको सिर्जनशीलता मर्दै गयो । बालबालिका एकोहोरो बन्दै गए । उनीहरूमा सामाजिक अन्तर्क्रिया कम हुन थाल्यो । शारीरिक खेलभन्दा डिजिटल खेलमा बालबालिका ज्यादा रमाउन थाले । के बालबालिकालाई स्मार्ट फोन दिनु साँच्चिकै टाउको दुखाइको विषय हो ? के स्मार्ट फोनले बालबालिकाको सिर्जनशीलता घट्छ ? के उनीहरूमा सामाजिक अन्तर्क्रिया स्मार्ट फोनकै कारण घटेको हो ? के उनीहरूले त्यसैका कारण पढ्न छाडेका हुन् ?

■ बालबालिकामा स्मार्ट फोनको आकर्षण

इटरनेटको सहयोगमा कम्प्युटरले गर्नेजति लगभग सबै र कम्प्युटरले गर्न नसक्ने पनि थुप्रै काम गर्न सक्ने फोन नै स्मार्ट फोन हो । छोटकरीमा भन्ने हो भने खल्तीमा बोक्न सकिने अत्याधुनिक कम्प्युटर हो स्मार्ट फोन ।

कुनै नौलो कुरा देख्नासाथ आकर्षित हुनु बालबालिकाको स्वभाव नै हो । मानव मस्तिष्कले जहिल्यै नयाँनयाँ कुरा सिक्न र अनुभव गर्न चाहन्छ । त्यसैले नयाँनयाँ कुरा सिक्ने उमेरका बालबालिकालाई स्मार्ट फोन नदिनु भनेको प्रकृतिको नियमविरुद्ध जानु हो भन्छन् 'शून्यको मूल्य', 'स्वस्पर्श' जस्ता पुस्तकका लेखक तथा वरिष्ठ बालरोग विशेषज्ञ डा. नवराज केसी । डा. केसीका अनुसार बालबालिकालाई स्मार्ट फोन दिनुपर्छ, तर उनीहरूलाई कति समयका लागि दिने र कुन-कुन कुरा हेर्न दिने भन्ने पाटो बढी महत्त्वपूर्ण हुन्छ ।

स्मार्ट फोनको डिजाइन नै प्रयोगकर्ता (जुनसुकै उमेरका) लाई आकर्षित गर्न सक्ने गरी गरिएको हुन्छ । विभिन्न आकर्षक 'फिचर्स'का कारण बालबालिकालाई स्मार्ट फोन बढी नै मन पर्छ । यसमा बालबालिकाले आआफ्नो रुचिअनुसारका सामग्री हेर्न र प्रयोग गर्न सक्छन् । स्मार्ट फोनमा पाइने एनिमेसन, आवाज, दृश्य, रङ आदिले बालबालिकालाई मात्र नभई जोकोहीलाई आकर्षित गर्न सक्छ । एकै ठाउँमा बसेर आफूले चाहेजस्ता सामग्री हेर्न, चाहेका डिजिटल खेल खेल्न, विभिन्न सामाजिक सञ्जाल प्रयोग गर्न र साथीहरूसँग भर्चुअल कुराकानी गर्न सकिने हुनाले पनि स्मार्ट फोन बालबालिकाका लागि आकर्षणको केन्द्र बनेको हो । फेरि अहिलेका बालबालिकालाई घरबाहिर निस्केर खेल्ने र साथी बनाउने स्थान र अवसर दुवैको अभाव छ । घरमा पनि परिवारका सदस्यहरू काममै व्यस्त हुने हुँदा उनीहरूले अन्तर्क्रिया गर्ने, कथा सुन्ने र खेल्ने साथी नपाउने अवस्था छ । अभिभावकहरू घरमै भएको वेलामा पनि उनीहरू स्वयं स्मार्ट फोनमा व्यस्त भइदिँदा बालबालिका पनि त्यसैतर्फ आकर्षित हुनु स्वाभाविकै हो । आमाबाबुको व्यस्त दैनिकीले गर्दा बालबालिकालाई स्मार्ट फोन दिएर घरमै अड्याउनु उनीहरूको बाध्यता पनि बनेको छ ।

फेरि बालबालिकाले घरमा मात्र स्मार्ट फोन प्रयोग गरेको देख्ने हुन् र ? स्कुल जाँदा शिक्षकहरूले पनि फोन नै प्रयोग गर्छन् । अझ कतिपय शिक्षकले गृहकार्यका प्रश्न पनि फोनमै पठाइदिन्छन् । बजार, बस, पार्क, होटेल जहाँजहाँ पुगे पनि सबैले फोन नै चलाइरहेको देखेर हुर्किरहेका जिज्ञासु उमेरका बालबालिकाचाहिँ कसरी अलग बसून् त स्मार्ट फोनबाट ?

■ बाबुआमाको गुनासो

सुरुसुरुमा जानेर या नजानेर बालबालिकामा स्मार्ट फोनको 'लत' लगाइदिने बाबुआमा नै हुन् । उनीहरूले आफ्नो बाध्यताले गर्दा पनि बालबालिकालाई फोनको जिम्मा लगाए । बालबालिकाले त्यसमा के-के हेरे ? कति समयसम्म हेरे ? कोकोसँग के-के कुराकानी गरे ? कस्ता-कस्ता डिजिटल खेलहरू खेले ? कस्ता-कस्ता एप्लिकेसन चलाए ? स्कुलको गृहकार्य गरे कि गरेनन् ? पढ्न दिएका सामग्री पढे कि पढेनन् ? बाबुआमालाई यसबारे ध्यान दिने फुर्सद भएन । सायद उनीहरूले यसतर्फ ध्यान दिन आवश्यक पनि ठानेनन् । परिणामतः बिस्तारै बालबालिकामा स्मार्ट फोनको लत बस्यो । जसलाई छुटाउन या रोक्न बाबुआमाले चाहेर पनि नसक्ने अवस्था बन्यो । अनि बल्ल उनीहरू झल्याँस्स बिउँझिए । बिउँझिँदा ढिलो भइसकेको थियो । बालबालिकाको स्मार्ट फोनको प्रयोग उनीहरूको नियन्त्रणबाहिर पुगिसकेको थियो । अनि बल्ल उनीहरूको टाउको दुख्न थाल्यो । टाउकाको दुखाइसँगै उनीहरूका गुनासा पनि बढे ।

> अब हामीले हाम्रो देशको हिमालदेखि तराईसम्मका भाषा, धर्म, संस्कृति, इतिहास, भूगोल, वेशभूषा, स्थानीय सामग्री, खानपान आदि सबै कुरालाई प्रविधिसित जोडेर स्मार्ट फोनमा राखिदिनुपर्छ । यति गर्न सक्यौँ भने केटाकेटीले स्मार्ट फोन प्रयोग गरे भनेर टाउको दुखाइरहनुपर्दैन, किनकि उनीहरूले त्यसैबाट आफूलाई आवश्यक पर्ने अमूल्य ज्ञान पाइरहेका हुन्छन् ।
>
> ● प्राडा विद्यानाथ कोइराला, शिक्षाविद्





> आठ वर्षसम्मका बालबालिकालाई बेलुकाको समयमा बढीमा एक घण्टाजति समय उनीहरूको स्तर सुहाउँदा कार्टुन या अन्य कुनै सामग्री हेर्न दिँदा फरक पर्दैन । आठदेखि १४ वर्ष उमेर समूहका बालबालिकालाई भने दिनमा दुई घण्टासम्म हेर्न दिँदा पनि फरक पर्दैन । तर, उनीहरूले के हेरिरहेका छन् भन्नेमा चाहिँ हामीले ध्यान दिनैपर्छ ।
>
> ● डा. नवराज केसी, वरिष्ठ बालरोग विशेषज्ञ

■ बालबालिकालाई स्मार्ट फोन दियो कसले ?

हिजो बालबालिकाले खाना खाएनन् भनेर, घरबाहिर कतै नजाऊन्, घरभित्रै बसिरहून् भनेर स्मार्ट फोन दिएको अरूले होइन, स्वयं बाबुआमाले नै हो । उनीहरूले स्मार्ट फोनमा के हेरे, कतिन्जेल हेरे, पढे कि पढेनन्, गृहकार्य गरे कि गरेनन् भनेर चासो नदिएको पनि स्वयं बाबुआमाले नै हो । 'आफ्नो व्यस्ततातले गर्दा समय दिन नसकेर सानैदेखि स्मार्ट फोन दिने बाबुआमाले अहिले आएर छोराछोरीमा त्यसको लत बस्यो भनेर रोएर हुन्छ ?' शिक्षाविद् प्राडा. विद्यानाथ कोइराला प्रश्न गर्छन्, 'बालबालिकालाई स्मार्ट फोनको लत लागेको हो कि लगाइएको हो ? दोषी बच्चा हो कि बाबुआमा ?'

बालबालिकाले आफ्नो वरिपरि जे भेट्छन्, त्यसैसँग खेल्छन्, त्यसैलाई खेलाउँछन् । हामीले सानामा आफ्नो वरिपरि बाख्राका पाठापाठी, गाईका बाच्छाबाच्छी या भैँसीका पाडापाडी देख्यौँ, तिनैसँग खेल्यौँ, तिनैलाई खेलायौँ । बोक्न सक्दा तिनैलाई बोक्यौँ । तिनैसँग कुद्यौँ । अहिलेका बालबालिकाले सानैदेखि आफ्नो वरिपरि स्मार्ट फोन, कम्प्युटर, ल्यापटप देख्छन्, तिनैसँग खेल्छन्, तिनैलाई खेलाउँछन् । प्रविधि च्यापेर हुर्किरहेका बालबालिकाले स्मार्ट फोन नचलाएर के चलाऊन् त ? घरमा हुँदा बाबु एकातिर फर्केर स्मार्ट फोन चलाउने, आमा अर्कातिर फर्केर स्मार्ट फोन नै चलाउने, दाजु, दिदी, काका, काकी जोजो भए पनि सबैले चुपचाप स्मार्ट फोन नै चलाउने गरेको देखेपछि केटोकेटीमा पनि त्यसप्रतिको जिज्ञासा बढ्ने नै भयो । अनि, फोन प्रयोग नगर भन्दैमा मान्लान् त तिनले ? आफूभन्दा ठुलाले एक-आपसमा अन्तर्क्रिया गरेको देख्दै नदेखी हुर्किरहेका बालबालिकाले फोन छाडेर अन्तर्क्रिया गर्लान् त ? घरमा कसैले पनि फोन छाडेर पढेको देख्दै नदेखेका बालबालिकाले त्यसलाई टाढा राखेर पढ्लान् त ?

हिजो हामी कम्प्युटर देख्दै नदेखी हुर्कियौँ । इन्टरनेटबारे सुन्दै सुनेनौँ । ल्यान्ड लाइन टेलिफोन लिन वर्षौं पालो कुर्नुपर्ने वेलामा स्मार्ट फोनको कल्पनै नगरी हुर्कियौँ । त्यसैले, हामी पछिल्लो समयमा विकसित प्रविधिको प्रयोगमा धेरै पछि पर्‍यौं । आज हामीमध्ये धेरैलाई कम्प्युटर, ल्यापटप साधारण चलाउन पनि आउँदैन । चलाउँदा आइपर्ने अति सामान्य समस्या पनि समाधान गर्न सक्दैनौँ । स्मार्ट फोन प्रयोग गर्छौं, तर त्यसमा कुनै सानो समस्या आइपरे पनि त्यसको समाधानका लागि आफ्नै बालबालिकाको 'हेल्प' लिन्छौं । हामी प्रविधिको विकासभन्दा धेरै अघि हुर्केका पुस्ता हौँ भने अहिलेका बालबालिका दिनदिनै विकसित भइरहेको प्रविधिसँग अभ्यस्त हुँदै हुर्किरहेको पुस्ता हो । हिजो हामीले कम्प्युटर सिक्न 'इन्स्टिच्युट' नै जानुपर्थ्यो । आजका बालबालिका आँखा खोलेदेखि नै त्यसलाई देख्दै र चलाउँदै हुर्केका छन् । अनि, यस्तो पुस्ता, जसलाई हामी 'जेन अल्फा' या यस्तै केही नाम दिन्छौं, उसलाई स्मार्ट फोन चलाउन बन्देज लगाएर सम्भव होला त ?

■ विकसित देशको अभ्यास

विकसित देशहरूले बालबालिकालाई स्मार्ट फोन प्रयोग गर्न दिनेसम्बन्धी विभिन्न अभ्यास गर्दै आएका छन् । तीमध्ये केही अभ्यासबारे यहाँ चर्चा गरिएको छ ।

अस्ट्रेलिया : अस्ट्रेलियाले १६ वर्षभन्दा मुनिका बालबालिकाले सामाजिक सञ्जालमा 'अकाउन्ट' खोल्न नपाउने कडा कानुन लागू गरेको छ । १० डिसेम्बर सन् २०२५ देखि लागू भएको सो कानुनअनुसार बालबालिकाले अकाउन्ट खोलिहालेमा उनीहरूलाई नभई सम्बन्धित सामाजिक सञ्जालका कम्पनीलाई अधिकतम ४९.५ मिलियन अस्ट्रेलियन डलरसम्म जरिवाना गर्ने व्यवस्था छ ।

अमेरिका : अमेरिकामा सानै उमेरदेखि बालबालिकालाई स्मार्ट फोन दिने गरिन्छ । उनीहरूले स्कुल जाँदा पनि त्यसलाई साथमै लान पाउँछन् । तर, स्कुल समयमा भने झोला या लकरमा राख्नुपर्छ । सन् २०२५ को प्यु रिसर्च सेन्टरको सर्वेक्षणअनुसार ६८ प्रतिशत अमेरिकी अभिभावक कम्तीमा १२ वर्ष पुगेपछि मात्र बालबालिकालाई स्मार्ट फोन दिनु राम्रो हुने ठान्छन् । ९० प्रतिशत अभिभावकमा बालबालिकाले गलत या अनुपयुक्त सामग्री हेर्न सक्ने चिन्ता देखिन्छ । ६६ प्रतिशत अभिभावक भने बालबालिका हुर्काउन स्मार्ट फोनका कारण सजिलो भएको ठान्छन् ।

स्विडेन : स्विडेनमा सामान्यतः ६-१० वर्षको उमेरदेखि बालबालिकालाई स्मार्ट फोन या ट्याब्लेट दिइन्छ । स्कुलमा भने साथमा राख्न पाइँदैन । यहाँ दुई वर्षमुनिका बालबालिकालाई स्मार्ट फोन दिइन्न । २-५ वर्षका बालबालिकालाई दिनमा अधिकतम एक घण्टा र ६-१२ वर्षका बालबालिकालाई बढीमा दुई घण्टा प्रयोग गर्न दिइन्छ ।

फिनल्यान्ड : फिनल्यान्डमा सानै उमेरदेखि बालबालिकालाई प्रविधिसित परिचित गराइन्छ । स्मार्ट फोनको प्रयोग भने अभिभावकको नियन्त्रणमा हुन्छ । बालबालिकालाई स्मार्ट फोनभन्दा घरबाहिर खेल्न, पुस्तकहरू पढ्न, सामाजिक अन्तर्क्रिया गर्न प्रोत्साहित गरिन्छ ।

आइसल्यान्ड : आइसल्यान्डमा १० वर्षमुनिका बालबालिकालाई अभिभावकको कडा नियन्त्रण र निगरानीमा मात्र स्मार्ट फोन प्रयोग गर्न दिइन्छ । यहाँ पनि बालबालिकालाई घरबाहिरका क्रियाकलापमै बढ्ता प्रोत्साहन गरिन्छ ।

भारत : भारतमा प्री-स्कुल या प्राथमिक कक्षादेखि नै बालबालिकाले स्मार्ट फोन प्रयोग गर्न थाल्छन् । अभिभावकले प्रायः बालबालिकालाई शान्त राख्न र मनोरञ्जन गराउन फोन दिन्छन् । भारतमा धेरैजसो बालबालिकाले औसतमा दैनिक दुई घण्टाभन्दा बढी समय स्मार्ट फोन प्रयोग गर्छन् ।

जापान : जापानमा प्रायः १०-११ वर्षको उमेरमा बालबालिकाले स्मार्ट फोन प्रयोग गर्न पाउँछन् । यहाँका प्रायः अभिभावकहरू साइबर बुलिङ, हानिकारक सामग्रीमा पहुँच, अनलाइन शोषण, अनावश्यक लत, असुरक्षित सामाजिक सञ्जालका प्लाटफर्म आदिले गर्दा बढी चिन्तित हुने गरेका छन् ।

■ अब के गर्ने त ?

यतिखेर हाम्रो देशभरका सरकारी तथा संस्थागत विद्यालयमा कार्यरत अधिकांश शिक्षक कम्प्युटर चलाउन जान्दैनन् । कसैलाई 'कल' गर्न र आएको 'कल' उठाउनबाहेक अन्य काममा स्मार्ट फोन प्रयोग गर्न जान्दैनन् । अलि बढी नै जान्ने रहेछन् भने फेसबुकमा आएको तस्बिर, भिडियो या स्टाटसमा 'लाइक', 'कमेन्ट' र 'सेयर'सम्म गर्न सक्छन् । यस्तो पुस्ताले आफूले पढ्दाकै शैलीमा अहिलेको 'जेन अल्फा'लाई पढाउन थालेपछि के होला ? न अहिलेका शिक्षकले विद्यार्थीलाई बुझाउन सक्छन्, न उनीहरूबाट विद्यार्थीले नै बुझ्न सक्छन् । त्यसो भए समस्या कहाँ छ त ? पक्कै पनि समस्या विद्यार्थीमा होइन, शिक्षक र अभिभावकहरूमै छ ।

'यदि विद्यार्थीले अहिलेका पाठ्यपुस्तक पढ्दैनन् भने पढाइलाई नै स्मार्ट फोनसँग जोड्दा के फरक पर्छ ?' प्राडा कोइराला प्रश्न गर्छन्, 'बच्चाले खेल मन पराउँछ भने उसलाई खेलकै माध्यमबाट भूगोल, विज्ञान, गणित, इतिहास, भाषा सिकाए हुँदैन र ?' स्मार्ट फोन छाड्नै नसक्ने अहिलेका बालबालिकालाई त्यसैबाट खोजेर, आफ्नो बुद्धि जोडेर र आफ्नो तर्क समावेश गरेर कक्षामा प्रस्तुत गर्ने गरी गृहकार्य दिँदा त्यो बढी सिर्जनात्मक पनि हुने, खोजमूलक पनि हुने र यस्तो काम गर्न पाउँदा बालबालिकाले रमाइलो पनि मान्ने तर्क गर्छन् प्राडा कोइराला । उनका अनुसार हामीले हाम्रो पाठ्यक्रम, पाठ्यपुस्तक, पाठ्यसामग्री र पढाउने शैलीमा सुधार गरेर तिनलाई प्रविधिसित जोड्न सकेनौँ भने अबका बच्चाले न पढ्छन्, न पढेर केही बुझ्छन्, न त्यसबाट कुनै जीवनोपयोगी सिप सिकेर व्यवहारमा उतार्न नै सक्छन् । 'अब हामीले हाम्रो देशको हिमालदेखि तराईसम्मका भाषा, धर्म, संस्कृति, इतिहास, भूगोल, वेशभूषा, स्थानीय सामग्री, खानपान आदि सबै कुरालाई प्रविधिसित जोडेर स्मार्ट फोनमा राखिदिनुपर्छ,' प्राडा कोइराला भन्छन्, 'यति गर्न सक्यौँ भने बालबालिकाले स्मार्ट फोन प्रयोग गरे भनेर टाउको दुखाइरहनुपर्दैन, किनकि उनीहरूले त्यसैबाट आफूलाई आवश्यक पर्ने अमूल्य ज्ञान पाइरहेका हुन्छन् ।'

स्मार्ट फोनको अल्गोरिदमले बालबालिकालाई एकोहोरो बनाउँछ, उनीहरूको सोच्ने क्षमता कमजोर बनाउँछ, तर्क गर्ने क्षमता घटाउँछ, आँखा कमजोर बनाउँछ, स्मार्ट फोन प्रयोगको लत लाग्छ जस्ता धारणा पनि सुनिन्छन् । बालबालिकालले स्मार्ट फोन कति समय प्रयोग गरिरहेका छन्, उनीहरूले त्यसमा के-के हेरिरहेका छन्, उनीहरूले कोकोसित के-के कुराकानी गरिरहेका छन्, त्यसको जानकारी भने प्रत्येक अभिभावकलाई हुनैपर्छ । यसका लागि हरेक अभिभावकले आफूले दिनभरिमा स्मार्ट फोनमा हेरेका कुराबारे साँझ घरमा बालबालिकासित बसेर अन्तर्क्रिया गर्नुपर्छ । बालबालिकाले दिनभर के-के हेरे, त्यसबारे पनि सुन्नुपर्छ । उनीहरूले हेरेका या गरेका राम्रा कुरा र कामको प्रशंसा गर्ने र उनीहरूलाई उपयुक्त नहुने खालका सामग्री हेरेका रहेछन् भने त्यसका नकारात्मक पक्ष बताएर सचेत गराउने दायित्व अभिभावककै हो । साथै, बालबालिकाका लागि उपयुक्त सामग्रीबारे जानकारी गराउने र उपयोगी लिंक पनि पठाइदिने हो भने त्यसबाट उनीहरूलाई धेरै लाभ पुग्न सक्छ ।

रत्नराज्य क्याम्पसमा पत्रकारिता अध्ययनरत तथा माउन्टेन टिभीकी समाचार प्रस्तोता कविना बलामीका अनुसार अहिलेको डिजिटल संसारमा जीवनका हरेक पक्ष प्रविधिसँग जोडिएका हुनाले बालबालिकालाई सानैदेखि स्मार्ट फोन दिएर प्रविधिसित परिचित गराइएन भने हुर्किसकेपछि उनीहरूभन्दा धेरै अघि बढिसकेको प्रविधिलाई बुझ्न र त्यसको गतिअनुसार अघि बढ्न सक्दैनन् । 'स्मार्ट फोनको प्रयोगले बालबालिकालाई नयाँ सिप सिक्न, शैक्षिक सामग्रीमा पहुँच राख्न र भविष्यका लागि महत्त्वपूर्ण डिजिटल उपकरण र प्रविधिसित परिचित हुन सजिलो हुन्छ,' कविना भन्छिन्, 'तर, उनीहरूले स्मार्ट फोनमा कति समय खर्चिन्छन् र के-के हेर्छन् भन्ने कुरामा भने बाबुआमा स्वयं जिम्मेवार भएर ध्यान दिन सक्नुपर्छ ।'

बालबालिकाले के हेरिरहेका छन् र कति समय हेरिरहेका छन् भन्ने विषयमा बाबुआमा नै सचेत हुनुपर्नेमा डा. केसी पनि सहमत छन् । 'आठ वर्षसम्मका बालबालिकालाई बेलुकाको समयमा बढीमा एक घण्टाजति समय उनीहरूको स्तर सुहाउँदा कार्टुन या अन्य कुनै सामग्री हेर्न दिँदा फरक पर्दैन,' डा. केसी भन्छन्, 'आठदेखि १४ वर्ष उमेर समूहका बालबालिकालाई भने दिनमा दुई घण्टासम्म हेर्न दिँदा पनि फरक पर्दैन । तर, उनीहरूले के हेरिरहेका छन् भन्नेमा चाहिँ हामीले ध्यान दिनैपर्छ ।' राम्ररी प्रयोग गर्ने हो भने स्मार्ट फोन बालबालिकाको सहयोगी साधन हो, दुस्मन होइन भन्नेमा डा. केसी सहमत छन् । तर, बालबालिकाले एउटै सामग्री लामो समय या पूरै नहेरी नयाँनयाँ सामग्रीका लागि छिटछिटो 'स्क्रोल' गरिरहन्छन् भने त्यसले गर्दा शरीरभन्दा बाहिरी उत्तेजनाले दिमागमा डोपामिनको लेभल ज्यादै बढाउन सक्छ । यस्तो अवस्थामा पछि पढ्दा, साथीभाइसित खेल्दा खासै रमाइलो महसुस गर्न नसक्ने डा. केसीको भनाइ छ ।

■ अभिभावकलाई सुझाव

प्रविधिको युगमा आजका बालबालिकालाई स्मार्ट फोनको पहुँचबाट टाढा राख्न सम्भव पनि छैन र टाढा राख्नु पनि हुँदैन । यसका लागि अभिभावक स्वयं सचेत भई प्रयोगसम्बन्धी निश्चित मापदण्ड बनाई कडाइसाथ निगरानी गरेर बालबालिकालाई स्मार्ट फोन दिनु जरुरी छ । यसका लागि बालबालिकाको उमेरअनुसार उनीहरूले स्मार्ट फोन प्रयोग गर्ने अवधि निश्चित गर्नुपर्छ । त्यसको पालनामा कडाइ गर्नुपर्छ । बालबालिकालाई ढोका बन्द गरेर फोन प्रयोग गर्न दिनु हुँदैन । उनीहरूले प्रयोग गर्ने स्मार्ट फोनको पासवर्ड अभिभावकलाई थाहा हुनुपर्छ । उनीहरूले कुन-कुन एप चलाइरहेका छन्, केकस्ता सामग्री हेरिरहेका छन्, त्यसबारे अभिभावक जानकार हुनुपर्छ । बालबालिकालाई भुलाउन होइन, उनीहरूलाई केही न केही सिकाउन स्मार्ट फोन दिनुपर्छ । स्मार्ट फोनसँगसँगै बाहिरी पुस्तकको अध्ययन र घरबाहिर तथा भित्र खेलिने खेल गतिविधिमा पनि उनीहरूलाई सरिक गराउनुपर्छ । साथमा बिदा या फुर्सदको समयमा घुमफिर गर्ने, पुस्तकालय लाने, पुस्तक प्रदर्शनीमा लगेर बाहिरी पुस्तक किनिदिने, आफूले पनि पुस्तक पढ्ने र उनीहरूलाई पनि पढ्न लगाउने हो भने बालबालिकाको स्क्रिन टाइम कम गर्न सकिन्छ । यसबाट बालबालिकामा सकारात्मक ऊर्जा, ज्ञानको खोजी, प्रविधिको प्रयोग, सञ्चार, मनोरञ्जन आदि कार्यका लागि स्मार्ट फोन प्रयोग गर्ने बानीको विकास हुनेछ । उनीहरूले फोनको दुरुपयोग होइन, सदुपयोग गर्नेछन् ।

अहिलेका बालबालिकालाई स्मार्ट फोन नदिनु भनेको उहिलेका बालबालिकालाई स्कुल नपठाउनु जस्तै हो । स्कुल नपठाउँदा उतिखेरका बालबालिका निरक्षर रहन्थे । अहिलेका केटाकेटीलाई स्मार्ट फोन नदिँदा उनीहरू पनि प्रविधि प्रयोगमा निरक्षर ठहरिन सक्छन् । उहिले पनि स्कुल पठाएपछि उनीहरूले पढे कि पढेनन्, के पढे, कति पढेजस्ता कुरामा बाबुआमाले चासो लिएमा मात्र उनीहरूको पठनपाठन राम्रो हुन्थ्यो । अहिले पनि बालबालिकाले स्मार्ट फोनमा के-के हेरे, कतिबेर हेरे, त्यसबाट के-के सिके भन्ने विषयमा बाबुआमाले चासो लिइदिए स्मार्ट फोन समस्या होइन, समाधान बन्न सक्छ ।

कप्तान जानुकाको संघर्ष

एक दशकदेखि जानुका तामाङ ह्विलचियरमै बसेर बास्केटबल खेलिरहेकी छिन् । यही महिनामा उनको टोलीले दुई प्रतियोगिता खेलिसकेको छ । एउटा प्रतियोगितामा पहिलो भएको उनको टोली अर्कोमा तेस्रो भयो । जानुकाले जावलाखेल ह्विलचियर स्पोर्ट्स् क्लबको कप्तानी गरिरहेकी छिन् । उनी ह्विलचियरमा बसेर कसरी बास्केटबल खेल्ने भइन् ?, बास्केटबल नै किन रोजिन् ? यहाँसम्म आइपुग्न जानुकाले जीवनका धेरै घुम्तीहरू पार गरेकी छिन् ।

■ अनि सुरु भयो बास्केटबल

२०६४ सालमा रुखबाट लडेपछि उनलाई स्पाइनल कड इन्जुरी भयो । त्यसपछि उनका दिनहरू घरभित्रै सीमित भए । सुतेरै दिन कटाउन थालिन् । एक्लोपन साथी बन्यो । घरबाहिर जानैपरे उनका बुबाले बोकेर ल्याउने लैजाने गर्थे । घरको चार घेराभित्र बस्दाबस्दै समस्या थपिँदै गयो । त्यो समस्या समाधानका लागि काठमाडौं आउनैपर्ने बाध्यता आइलाग्यो । त्यसपछि ०७३ सालमा उदयपुरबाट उनको यात्रा काठमाडौं तय भयो । 'काठमाडौं केही गर्छु भनेर आएको होइन, ढाडको स्टिल निकाल्नुपर्ने भएपछि आएको थिएँ । काठमाडौं आएसँगै अवसर मिल्यो,' उनले भनिन् ।

उपचारका लागि काठमाडौं आएकी उनी नेपाल अर्थोपेडिक अस्पताल पुगिन् । पुनर्स्थापना केन्द्रका बारेमा कहिल्यै नसुनेकी उनलाई त्यहींका डाक्टरले स्पाइनल इन्जुरी पुनर्स्थापना केन्द्र साँगा जान सुझाए । त्यहाँ गएपछि उनले थाहा पाइन्, 'मजस्तै अपांगता भएका धेरै साथी रहेछन् । स्पाइनल इन्जुरी भएकै जागिरे साथीहरू भेटें । मलाई छक्क लाग्थ्यो, कसरी गरेको होला भन्ने लागिरहन्थ्यो । तर, आफैंलाई केही गर्न सक्छु भन्नेचाहिँ लाग्दैनथ्यो ।'

उपचारका लागि काठमाडौं प्रवेश उनका लागि टर्निङ पोइन्ट बन्यो । शारीरिक दुर्वलतालाई चिरेर अगाडि बढ्ने आधार बन्यो । काठमाडौंले उनलाई ह्विलचियर प्रयोग गरेर बाहिर निस्कन सिकायो । ह्विलचियरमै बसेर बास्केटबल खेल्न सिकायो । थप अध्ययनका लागि क्याम्पस जान सिकायो । आफूजस्तै अवस्थाका अरू साथीहरूसँग दुःख साट्ने वातावरण बनायो । अनि कहिल्यै नसोचेको, आत्मनिर्भर बन्ने अवसर जुटायो ।

खेल



● शान्ति तामाङ

उदयपुरमै प्लस टु पास गरेकी उनी काठमाडौं आएसँगै पद्मकन्या क्याम्पसमा स्नातक पढ्न थालिन् । क्याम्पस पढ्दै गर्दा दुई चारजना साथीहरूले बास्केटल अभ्यास गरेको देखिन् । ती साथीहरूले उनलाई पनि खेल्नुपर्छ भनेर तानातान गर्न थाले । तर, उनलाई खेल्न सक्छु भन्ने थिएन । 'म त नौ वर्षसम्म घरभित्र बसेर आएको, एकान्तमा रमाउने भइसकेको थिएँ । सक्दिनँ होला लागेको थियो । तर, सबैले गरेपछि हुन्छ, सकिन्छ भनेर हौसला दिए,' उनी भन्छिन्,'त्यसपछि बिस्तारै काठमाडौं आएकै वर्ष अभ्यास बास्केटबल खेल्न थालें ।'



जानुका तामाङ, बास्केटबल खेलाडी

क्याम्पस पढ्न थालेको अर्को वर्ष नै उनीलगायतले वुमन ह्विलचियर बास्केटबल एसोसिएसन भनेर टोली बनाए । बास्केटबल खेल्दै गए । उनीहरूको टोली एक-दुई प्रतियोगिताबाहेक धेरैमा च्याम्पियन भयो । गत वर्षसम्म यही क्लब च्यापियन बन्यो । क्लब दर्तावैनै खेलिरहेका उनीहरूलाई आयोजकले दर्ता नगरी सहभागी नगराउने भन्न थाले । त्यसपछि उनको टोली क्लब दर्ताका लागि भनेर भौतारिन थाल्यो । त्यो प्रक्रिया पूरा गर्नका लागि कोहीसँग समय भएन । त्यसपछि उनीहरूको टिम नै जावलाखेल ह्विलचियर स्पोर्ट्स् क्लब पुगे । त्यहींबाट प्रतियोगिता खेल्न थाले । सोही क्लबको उनी क्याप्टेन भइन् । तर, नियमित अभ्यास गर्न नपाउँदा उनीहरूको टोलीले भनेजस्तो नतिजा दिन सकेको छैन । 'हामीले नियमित प्रतियोगिता खेल्न पाउँदैनौं । नियमित अभ्यास पनि गर्न पाउँदैनौं,' उनी भन्छिन्,'प्रतियोगिता आउनुभन्दा केही हप्ताअगाडिबाट मात्र अभ्यास हुन्छ । होइन भने शनिबार अभ्यास गर्छौं । शनिबार दैनिक तीनदेखि चार घण्टासम्म अभ्यास गर्छौं ।' उनीहरूले खेल्ने बास्केटबलको पनि एक दुई नियमबाहेक अरू नियम सामान्य खेलाडीकै जस्तै हुन्छ ।

> टोलीको कप्तान भएकाले सबै साथीलाई हौसला दिएर अगाडि बढाउने काम पनि जानुकाको जिम्मामा पर्छ । प्रतियोगिता हुने वेला, कार्यक्रमका वेला उनले नेतृत्व गर्छिन् । साथीहरूलाई अभ्यासमा आउन हौसला दिन्छिन् ।

■ नयाँ खेलाडी ल्याउनै सकस

टोलीको कप्तान भएकाले सबै साथीलाई हौसला दिएर अगाडि बढाउने काम पनि जानुकाको जिम्मामा पर्छ । प्रतियोगिता हुने वेला, कार्यक्रमको वेला उनले नेतृत्व गर्छिन् । साथीहरूलाई अभ्यासमा आउनका लागि हौसला दिन्छिन् । 'कतिपय अभ्यासका लागि आउन खोज्दैनन् । उनीहरूलाई ल्याउनेदेखि, अगाडि बढ्न हौसला दिने काम गर्नुपर्छ,' उनले भनिन् । तर क्याप्टेनको रूपमा खेलिरहेकी उनी घरीघरी आजित हुन्छिन् । खेल छोडिदिऊँ जस्तो पनि लाग्छ । 'योपटक खेल्दिनँ भन्ने भएको थियो । टिम मिलाउन एकदमै गाह्रो छ,' उनी भन्छिन् 'कहिले को भ्याउँदिन भन्छ कहिले को । प्रतियोगिताका लागि मात्र आउनका लागि भन्दा पनि आउँदिनँ भन्छन् । क्लबले पनि केही गर्न सक्दैन । उनीहरूलाई सम्झाउनै गाह्रो हुन्छ ।

एक दशकअघि उनले बास्केटबल खेल्न सुरु गर्दा महिलाकै सातवटा टोली थियो । अहिले चार टोलीमा सीमित भएको छ । तीन वर्षदेखि राष्ट्रिय टोलीसमेत बन्न सकेको छैन । यसले गर्दा खेलैरै केही गरौंला भन्नेलाई समेत धेरै असर पऱ्यो । धेरैजना गुमनाम हुनुपरेको छ । ०७७/०७८ मा महिलातर्फको ह्विलचियर बास्केटबल टोली बनेको थियो । त्यो टोली भारतमा भएको प्रतियोगितामा समेत सहभागी भएको थियो । उनी कप्तान भएको जाउलाखेलको टोलीमा रजनी राई, बबिता थापा, तुलसा थापामगर, शोभा श्रेष्ठ, सम्झना बन, निरुता मगर, रोशनी लामा छन् ।

■ सबैको उपेक्षामा

सुरुका दिन उनी काडमाडौंमा होस्टेल बसिन् । होस्टेलबाट निस्कनका लागि कोठा खोजिन् । एक वर्षसम्म उनको अवस्थाका कारण कोठा पाउन मुस्किल भयो । उनले बल्लतल्ल इमाडोलमा बस्नका लागि टहरा पाइन् । त्यो टहराले पनि अहिले भाडा बढाएको बढाएकै गरिरहेको छ । यहीकारण फेरि उनले कोठा खोजिन् । तर, दुई वर्ष भयो, उनले कोठा भेट्टाउन सकेकी छैनन् । कोठा भेट्टाए पनि उनी र उनको श्रीमान्को शारीरिक अवस्थाका कारण 'हुँदैन' को जवाफ आउँछ । 'कोठा खाली भए पनि हामीलाई भाडामा दिँदैनन्,' उनले भनिन् ।

उनीहरू यहाँ मात्र होइन, यत्रतत्र पीडामा छन् । खेल खेल्ने क्रममा धेरै ठाउँमा अपांगतामैत्री शौचालय हुँदैन । जसकारण दिनभर पेट फुलाएर बस्नुपर्ने अवस्था हुन्छ । राज्यले निर्माण गरेका धेरै भौतिक संरचना अपांगतामैत्री छैनन् । त्यसले उनीहरूलाई घरभित्रै बन्धक बनाएको छ । जसोतसो सडकमै ह्विलचियर गुडाउनेलाई ठुला बसले पेलेर त्रसित बनाउँछ । सबैतिरबाट पेलिएका उनीजस्ता अपागंता भएका व्यक्तिहरू आत्मनिर्भर भएर, खेलेर अगाडि बढ्न खोज्छन् । तर, राज्यको नजर पर्दैपर्दैन । अपांगता भएका खेलाडीलाई खेल्ने वातावरण सिर्जना गरिदिने हो भने सपांगजत्तिकै गर्न सक्ने उनको बुझाइ छ । उनी भन्छिन्,'जति नै समस्या भए पनि हामीले खेल्न छाडेका छैनौं । केही राम्रा खेलाडी पनि जोडिएका छन् । आउने दिनमा अझै मिहिनेत गर्नेछौं ।'



बालेन्द्र शाह



विक्रम तिमिल्सिना

साहित्यकारको संसद् यात्रा

साहित्यकारहरू राजनीतिमा सक्रिय हुँदा सिर्जनात्मक काममा बाधा पुग्छ

साहित्य



● पवन बराइली

संसद् कानुन निर्माण, राजनीतिक बहस र सत्ता समीकरणको केन्द्र हो । त्यहाँ सत्तापक्ष र प्रतिपक्ष आपसमा बहस गर्छन् । तीखा प्रश्न प्रतिप्रश्न उठ्छन् । त्यस्तो क्षेत्रमा साहित्यजस्तो भावनात्मक पक्ष गौण मानिन्छ । तर, सोही क्षेत्रमा साहित्यकारहरू पुगे के होला ? विगतमा पनि कतिपय साहित्यकार संसद्मा पुगेर कवितावाचन गरेका छन् । गायकहरूले गीत गाएका छन् । राजनीतिज्ञहरूले कविहरूका कविता उद्धृत गर्दै आफ्नो मन्तव्य राखेका छन् । यसपटक पनि केही साहित्यकारहरू संसद्मा पुगेका छन् । उनीहरूबाट विगतमा जस्तै जनताको आवाज सिधा राजनीतिक भाषाबाट मात्रै नभई साहित्यको भाषाबाट पनि संसद्मा पुग्ने अपेक्षा गरिएको छ ।

च्याप गायक हुँदै काठमाडौंको मेयर भएका बालेन्द्र शाहले त्यतिबेला नै 'अश्र' कवितासंग्रह निकालेका थिए । अहिले सांसदमा निर्वाचित मात्रै भएनन्, प्रधानमन्त्री भएर देश पनि चलाइरहेका छन् । संग्रहको पहिलो खण्डमा प्रेम, दोस्रो खण्डमा प्रेमवियोग, तेस्रो खण्डमा राजनीति र चौथो खण्डमा दर्शनसम्बन्धी छोटा-छोटा कविता समेटिएका छन् । उनका च्याप गीतहरूमा भ्रष्टाचार र युवाको असन्तुष्टि प्रखर रूपमा अभिव्यक्त हुन्छ । बालेनले प्रधामन्त्रीको शपथको पूर्वसन्ध्यामा नयाँ च्याप गीत 'जय महाकाली' सार्वजनिक गरेका थिए । उक्त गीतमा शब्द, संगीत र स्वर उनकै रहेको छ । भिडियोमा देशको पूर्वदेखि पश्चिमसम्मको यात्रा, मानिसहरूसँगको भेटघाट र संवादका दृश्यहरू प्रस्तुत गरिएका छन् । यसअघि पनि उनका 'सबैलाई हतार छ', 'स्टे ट्यु', 'बलिदान', 'लोकल ठिटो', 'सावेज', 'आस्तिक', 'गोर्खाली तोप', 'मार्फाको मदिरा', 'मन यो उड्यो', 'नेपाल हाँसेको', 'आमनेपाली बुबा', 'तथ्य' र 'सडक बालक'लगायत च्याप गीतहरू सार्वजनिक भइसकेका छन् ।

> च्याप गायक हुँदै काठमाडौंको मेयर भएका बालेन्द्र शाहले त्यतिवेला नै 'अश्र' कवितासंग्रह निकालेका थिए । अहिले उनी प्रधानमन्त्री भएर देश चलाइरहेका छन् ।

०८२ को प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्षतर्फबाट निर्वाचित भएका कवि तथा गजलकार डा. विक्रम तिमिल्सिना अहिले संघीय संसद्मा पुगेका छन् । हाल उनी सूचना तथा सञ्चार प्रविधिमन्त्री हुन् । राष्ट्रिय स्वतन्त्र पार्टीका तिमिल्सिनाले नुवाकोट १ बाट उम्मेदवारी दिँदै राजनीतिमा लामो अनुभव बटुलेका नेपाली काग्रेसका डा. प्रकाशशरण महत, नेकपाका हितबहादुर तामाङ तथा एमालेका बद्री मैनालीलगायतका प्रतिस्पर्धीलाई पछि पार्दै विजय हासिल गरेका थिए । 'अलिअलि चोट देऊ' गजलसंग्रह प्रकाशित गरिसकेका उनका थुप्रै फुटकर कविता विभिन्न पत्रपत्रिकामा समेत प्रकाशित भइसकेका छन् ।

यसैगरी, साहित्यकार खड्कराज पौडेल, जो 'गनेस पौडेल' नामले साहित्यिक वृत्तमा परिचित छन् उनी पनि संसद् हुँदै मन्त्रालय सम्हाल्न पुगेका छन् । हाल उनी पर्यटनमन्त्रीको जिम्मेवारीमा छन् । नेपाली कला, साहित्य र संगीतबारे स्पष्ट र निर्भीक विचार राख्ने

साप्ताहिक राशिफल

१९ वैशाख ०८३ (शनिबार)
२५ वैशाख ०८३ (शुक्रबार)



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो. : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

साताको प्रारम्भ नै भेटघाट एवं मनोरञ्जनमा बित्नेछ । मेवामिष्ठान्न आदि खान पाइने र मनोरञ्जनमा रमाउने योग रहेको छ । आत्मविश्वास गर्ने क्षमता बढ्ने हुनेछ । साताको अन्त्यमा सहयात्रीबाट प्राप्त सल्लाहबाट गरिएको कामबाट फाइदा हुनेछ । शारीरिक प्रतिस्पर्धाका कामतिर मन जानेछ । विगतका कमजोरी सम्झने समय होइन, बुद्धिको उपयोग गरी भाग्य बढाउने समय छ ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

साताको प्रारम्भमा गरिएका जुनसुकै काममा सफलता प्राप्त हुनेछ । शत्रुले तपाईंको छवि बिगार्ने प्रयास गरे पनि तिनको क्रियाकलापले उल्टै उनीहरूकै हानि हुनेछ । बुधबारदेखि व्यावसायिक स्थितिमा सुधार आउनेछ । साताको अन्त्यमा लामो व्यावसायिक यात्राको योग रहेको छ । जीवनसाथीसँग समझदारी बढ्नेछ, तर व्यस्तताका कारण समय दिन कठिन हुन सक्छ ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

घरायसी वातावरणमा केही धमिलोपन आउने समय रहेको छ । सामान्य कुरालेपनि मन पिरोल्नेछ । मानसिक अशान्ति र बेचैनी हुने योग छ । पढाइलेखाइमा जाँगर चल्नेछैन । विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ । अनाहकमा अरूले गरेका गल्तीको पनि सजाय भोग्नुपर्ने अवस्था आउला । नातेदारले अपमानित तुल्याउन सक्ने योग रहेको छ ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

आफन्तबाट सहयोग र हौसला प्राप्त हुनेछ । प्राप्त गरेको ज्ञान अरूलाई बाँड्दा आत्मबल बढ्नेछ । व्यावसायिक क्षेत्रबाट राम्रो लाभ प्राप्त हुनेछ । छोराछोरीबाट सन्तोष प्राप्त हुनेछ । इष्टमित्रले प्रशंसा गर्नेछन् । अभिभावकवर्गको आशीर्वादले काम गर्न सकिनेछ । राम्रो समाचार सुन्न पाउनु हुनेछ । प्रेममा सन्तोष र आत्मीयता बढ्नेछ । परिवारको समर्थनले सम्बन्ध अझ बलियो बन्नेछ ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

साताको सुरुमै भाइबहिनीका तर्फबाट खुसीको खबर प्राप्त हुने योग रहेको छ । धार्मिक र सामाजिक काममा समय बित्नेछ । दीनदुःखीलाई दिएको सानो सहयोगले रोकिएको काम बन्न सक्छ । पशुपालक र दुग्ध व्यवसायमा संलग्नहरूले मनग्ये लाभ प्राप्त गर्नेछन् । साताको अन्त्यमा सामाजिक र पारिवारिक सम्बन्ध सुदृढ हुनेछ । साथी वा जीवनसाथीसँग रमाइलो समय बित्नेछ ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

धार्मिक तथा सामाजिक कामको दायित्व थपिन सक्छ । घरायसी बन्दोबस्तका सामान र सुनचाँदीजस्ता धातुको कारोबारबाट लाभ मिल्नेछ । साताको अन्त्यमा नातेदार र कुटुम्वले तपाईंको काममा सहयोग गर्नेछन् । साताको अन्त्यमा आकस्मिक रूपमा स्वास्थ्यमा समस्यासमेत आउन सक्छ । छोराछोरीको स्वास्थ्य एवं पढाइप्रति जिम्मेवारी बोध हुनेछ । प्रेममा सानो विवाद हुन सक्छ ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

साताभर अन्न, फलफूल आदि कृषिजन्य व्यवसायबाट मनग्ये फाइदा हुने योग रहेको छ । नोकरीबाट असन्तोष बढ्नेछ । अनावश्यक खर्चतर्फ मन आकर्षित बन्नेछ । साताको अन्त्यमा कुनै नयाँ काम गर्ने सोच बनाउनु भएको छ भने स्थगित राख्नु राम्रो हुन्छ । प्रतियोगितात्मक क्रियाकलापमा सफल हुनुहुनेछ । मित्रशक्ति र कुटुम्वबाट साथसहयोग पाइनेछ । प्रेममा मिश्रित परिणाम आउनेछ ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

साताको प्रारम्भमा विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ । आफन्तको सहयोगमा महत्त्वपूर्ण कार्य सम्पादन हुनेछ । बिहीबार पारिवारिक समस्याले मन खिन्न हुनेछ । दीर्घकालीन लगानीले पिरोल्न सक्छ । साताको अन्त्यमा अकस्मात् धनप्राप्तिको योग रहेको छ । समयलाई उपयोग गर्न सके राम्रो फाइदा लिन सकिनेछ । समग्रमा यो साता मध्यम खालको समय छ ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

धर्मकर्ममा रुचि बढ्ने योग छ । मिष्ठान्न भोजन प्राप्त हुनेछ । पठनपाठनमा प्रगति हुनेछ । तपाईंका कामको उच्च मूल्यांकन हुने संकेत छ । बोलीको कदर हुनेछ । शुक्रबार प्रशंसा, बढुवा वा जिम्मेवारी मिल्ने देखिन्छ । साताको अन्त्यमा प्रशासनिक र राज्यपक्षबाट हुनुपर्ने काममा सफलता प्राप्त हुनेछ । प्रयाससाध्य समय छ, धैर्य गरी मिहिनेत गर्नुपर्नेछ । प्रेममा प्रगति र समझदारी बढ्नेछ ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

मातापिता वा विशिष्ट व्यक्तिको विचारले प्रभावित तुल्याउन सक्छ । विगतमा गरिएको श्रमको समुचित मूल्यांकन हुनेछ । साताको अन्त्यमा आलोचनाबाट बच्ने प्रयास गर्नुहोला । शुभ समाचार प्राप्त हुनाले मन फुरुंग हुनेछ । समयलाई उपयोग गर्न सके राम्रो फाइदा लिन सकिनेछ । समग्रमा यो साता मध्यम खालको समय छ । प्रयत्न गर्दा व्यावसायिक काममा सामान्य फाइदा उठाउन सकिनेछ ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

साताको प्रारम्भमा आफन्त वा साथीभाइले निस्वार्थ भावले सहयोग गर्नेछन् । उत्साहपूर्वक काम गर्ने समय रहेको छ । यात्राको योग रहेकाले तीर्थव्रत तथा देवालय आदिको भ्रमण हुनुका साथै मनोरञ्जन प्राप्त पनि होला । साताको अन्त्यमा सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ । इष्टदेवको पूजा-उपासना गरी अगाडि बढ्दा फाइदा हुने देखिन्छ । प्रेममा रमाइलोपन र नयाँपन आउनेछ ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

साताको प्रारम्भमा चोटपटकको भय हुनेछ । बोलीको प्रतिकूल एवं विपरीत अर्थ लाग्ने हुँदा सचेतता एवं संयमता अपनाउनु अत्यावश्यक छ । पछाडि कुरा काट्नेहरूले षड्यन्त्रको तानाबाना रच्ने प्रयास गर्नेछन् । साताको अन्त्यमा नातागोताको कामधन्दामा सरसहयोग गर्दा सन्तुष्टि प्राप्त हुनेछ । अधुरा काम सुचारु हुनेछन्, सामाजिक प्रतिष्ठा बढ्नेछ । प्रेममा सुरुवातमा तनाव भए पनि अन्त्यमा सुधार आउनेछ ।

क्यानभास



● इशान परियार
चित्रकार

हिजोआज घर सजावट केवल भौतिक संरचना र महँगो सामग्रीमा सीमित छैन, बरु यसले हाम्रो सोच, रुचि र जीवनशैलीलाई समेत प्रतिनिधित्व गर्छ । घरको भित्तामा झुन्डिएको एउटा सानो पेन्टिङले पनि सम्पूर्ण वातावरणलाई परिवर्तन गर्न सक्छ । त्यसैले चित्रकला घर सजाउने एउटा सशक्त र प्रभावकारी माध्यम बनेको छ ।

घरका भित्तामा विभिन्न डिजाइन, टेक्स्चर र सजावटी सामग्री प्रयोग गर्ने चलन बढ्दो छ । बजारमा थुप्रै विकल्प उपलब्ध छन् । तीमध्ये पनि पेन्टिङको आफ्नै विशेषता छ । पेन्टिङले केवल कोठाको सौन्दर्य बढाउँदैन, यसले घरमा बस्ने मानिसको मनस्थिति, ऊर्जा र सोचमा समेत सकारात्मक प्रभाव पार्छ । यही कारणले आजकल पेन्टिङप्रति केवल कलापारखी मात्र होइन, सामान्य मानिसमा पनि आकर्षण बढेको पाइन्छ ।

पेन्टिङको विषयवस्तुमा विविधता छ । प्राकृतिक दृश्य, मानवीय मुहार, सांस्कृतिक झल्को, दैनिक जीवनशैली वा अमूर्त अभिव्यक्तिजस्ता



गनेस पौडेल



मनमाया विक

ख्रष्टाका रूपमा चिनिन्छन् उनी । पठन संस्कृतिका प्रवर्द्धकसमेत रहेका उनी प्रतिनिधिसभा सदस्य निर्वाचनमा कास्की-१ बाट विजयी भएसँगै संघीय संसद्सम्मको यात्रा तय गर्न सफल भए । पोखरा महानगरपालिका- १४, मझेरीपाटननिवासी उनी सक्रिय राजनीतिमा ०७९ देखि नै होमिन चाहन्थे । ०८२ मा आएर मात्र संसद्को यात्रामा प्रवेश गर्न सफल भए ।

स्थानीय तहको चुनावलाई निर्देलीय बनाउनुपर्ने एजेन्डासहित उनले ०७९ को स्थानीय तह निर्वाचनमा पोखरा महानगरपालिकाको प्रमुख पदका लागि उम्मेदवारी दिएका थिए । त्यतिबेला 'लौरो' चुनाव चिह्न लिएर प्रतिस्पर्धा रहेका उनले ५,१२८ मत प्राप्त गर्दै पराजय व्यहोर्नु परेको थियो । सो चुनावमा पोखरासहित देशका विभिन्न स्थानीय तहमा 'अटेरी अभियान'का सदस्यहरूले उम्मेदवारी दिएका थिए । स्वैरकल्पनामा आधारित उपन्यास 'पैताला'का ख्रष्टा गनेससँग लामो समय शिक्षण पेसामा आबद्ध रहेको अनुभव पनि छ । विश्वप्रसिद्ध लेखक जोन स्टेनबेकको कृति 'अफ माइस एन्ड मेन'को नेपाली अनुवाद 'मुसा मानुष' पनि गनेसले नै गरेका थिए ।

पोखरा विश्वविद्यालयबाट एमबीए र त्रिभुवन विश्वविद्यालयबाट अंग्रेजी साहित्यमा स्नातक गरेका उनले राष्ट्रिय स्वतन्त्र पार्टीबाट प्रत्यक्षतर्फ ३९,८८३ मतसहित उल्लेखनीय विजय हासिल गरेका थिए ।

साहित्य र संगीतमा क्रियाशिल अर्की सांसद हुन् मनमाया विश्वकर्मा 'मनु' । एक दशकदेखि झापामा रहँदै आएकी उनी नेपाली कांग्रेसबाट दलित क्लस्टरबाट समानुपातिकतर्फ प्रतिनिधिसभा सदस्य बनिन् । सामान्य ग्रामीण परिवेशबाट राष्ट्रिय राजनीतिसम्म आइपुगेकी उनी दलित, महिला र उत्पीडित समुदायका आवाजलाई साहित्य, संगीतबाट उठाइरहन्छिन् । धनकुटा बहुमुखी क्याम्पसबाट स्नातकोत्तर उत्तीर्ण गरेकी मनुले महेन्द्र बहुमुखी क्याम्पस, धरानबाट एलएलबी समेत गरिन् ।

उनको साहित्यिक यात्रा २०५० सालमै सुरु भएको हो । प्रतिनिधि पत्रिकामा प्रकाशित 'सुमधुर साँझ' र 'आजको जिन्दगी' उनको पहिलो प्रकाशित रचना हो । ०७० सालमा प्रकाशित कवितासंग्रह 'ऐँजेरु बिच बुकी'ले उनलाई नेपाली साहित्यमा थप स्थापित गरायो । उनको गीत, कविता र कथामा अधिकार, पीडा, प्रेम र विद्रोह अभिव्यक्त हुन्छ । उनका रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । विभिन्न साहित्यिक तथा सांस्कृतिक समारोहमा उनले गायनमार्फत पनि उपस्थिति जनाएकी छन् ।

विश्व नारी नेपाली साहित्य सम्मेलन, धनकुटाको पूर्वअध्यक्षका रूपमा उनले महिला ख्रष्टाहरूलाई संगठित गरिन् । गर्गाचार्य विश्वभाषा पुस्तकालय धनकुटामा कोषाध्यक्षको भूमिका निर्वाह गरेकी उनी हाल क्षितिज साहित्य प्रतिष्ठान, बिर्तामोडकी सदस्य पनि हुन् । नेपाली लेखक संघ कोशी प्रदेश सदस्यको रूपमा पनि उनी उक्तिकै सक्रिय छिन् । साहित्यिक तथा सामाजिक योगदानको कदरस्वरूप उनले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मान प्राप्त गरेकी छिन् ।

०००

नेपालमा अग्रज साहित्यकारमध्ये एक हुन् नारायण ढकाल । उनको लेखन यात्रा पनि अहिले संसद् पुगेका साहित्यकारहरूसँग केही हदसम्म मिल्दोजुल्दो छ । काठमाडौं मूलपानीनिवासी उनी ०४९ सालमा गाविस अध्यक्ष निर्वाचित भएका थिए । ०५६ को आमनिर्वाचनबाट निर्वाचित भई उनी संसद् पुगे । संसद्मा कवितावाचन गरे । तर, उनको संसद् यात्रा सुखद भएन । उनी बिचैमा राजीनामा दिएर निस्कए ।

साढे दुई दशकअघिको अनुभव सम्झँदै उनी भन्छन्,'साहित्य र राजनीतिको अन्तरसम्बन्ध हुन्छ । साहित्यको स्वभाव मान्छेको अन्तस्करणलाई छुने खालको हुन्छ । भावनाद्वारा बाँधिने खालको हुन्छ । साहित्यले सभ्यता, सम्बन्ध र मानवतालाई समृद्ध बनाउँछ । तर, महत्त्वपूर्ण पक्ष राजनीति र साहित्यको स्वभावचाहिँ फरक हुन्छ ।'

ढकालका अनुसार साहित्यले समाजमा लामो समयसम्म काम गर्छ, यो सिर्जना गर्ने समय पनि लाग्छ । तर, राजनीतिमा लामो समयसम्म बस्छु भनेर ढिला गर्नुहुँदैन । भन्छन्,'राजनीतिमा तत्काल समस्या समाधान गर्नुपर्ने हुन्छ । तत्काल बोलेर वा बहस गरेर मान्छेलाई तुरुन्तै मतमा ल्याउँन सकिन्छ । साहित्यले त्यस्तो गर्दैन । साहित्य आफैंमा घुमाउरो बाटो हो ।'

> विगतमा पनि कतिपय साहित्यकार संसद्मा पुगेर कवितावाचन गरेका छन् । गायकहरूले गीत गाएका छन् । राजनीतिज्ञहरूले कविहरूका कविता उद्धृत गर्दै आफ्नो मन्तव्य राखेका छन् । यसपटक पनि केही साहित्यकारहरू संसद्मा पुगेका छन् । उनीहरूबाट विगतमा जस्तै जनताको आवाज सीधा राजनीतिक भाषाबाट मात्रै नभई साहित्यको भाषाबाट पनि संसद्मा पुग्ने अपेक्षा गरिएको छ ।

ढकालले साहित्य र राजनीति सँगसँगै अघि बढ्न सक्ने भए पनि राजनीतिमा साहित्यकार हुनु वा नहुनुले खासै भिन्नता नपार्ने बताउँछन् । उनका अनुसार साहित्यकार भएर राजनीतिमा प्रवेश गर्दैमा कोही विशिष्ट हुँदैन । वर्तमान संसद्मा साहित्यकारहरूको उपस्थिति रहेको, प्रधानमन्त्री र मन्त्रीहरूसमेत गीत, कविता र गजल लेख्ने ख्रष्टा भएकाले लेखनभन्दा जनताको काम प्राथमिक हुनुपर्ने बताउँछन् । 'राजनीति जनताको समस्यासँग जोडिएको विषय हो, त्यसैले जनताका मुद्दालाई नै पहिलो प्राथमिकता दिनुपर्छ । जनताका समस्या समाधान गर्न सके मात्रै उपलब्धि हासिल हुन्छ', उनी भन्छन् ।

साहित्यकारहरू संसद्मा पुग्नु सकारात्मक रहेकाले राज्यका महत्त्वपूर्ण साहित्यिक संस्थानहरू सुदृढ गर्नुपर्ने आवश्यकता औंल्याउँछन् । उनले नेपाल प्रज्ञा प्रतिष्ठान लोकतान्त्रिक संस्थाजस्तो नदेखिएको र पार्टीनिटक व्यक्तिहरूको भर्तीकेन्द्रजस्तो बनेको टिप्पणी गरे । 'कहिलेकाहीं योग्य व्यक्तिहरू पुगे पनि संस्थाले सिर्जनात्मक क्षेत्रमा उल्लेख्य योगदान दिन सकेको छैन', उनी भन्छन्,'साहित्यमा स्वतन्त्रता हुन्छ, तर राजनीतिमा सामूहिक निर्णय र पार्टीको विचारले बाँधिन्छ । साहित्यकारहरू राजनीतिमा आएपछि कठोर पनि बन्छन् । साहित्यले स्वविवेकलाई प्रयोग गरेर आफै निर्णय गर्न सक्छ । राजनीतिमा सामूहिक निर्णय गर्नुपर्छ ।'

साहित्यकारहरू राजनीतिमा सक्रिय हुँदा सिर्जनात्मक काममा बाधा पुग्ने ढकालको मत छ । उनका अनुसार साहित्यका लागि एकान्त, अध्ययन र गहिरो चिन्तन आवश्यक पर्छ, जुन राजनीतिक व्यस्तताले अवरुद्ध गर्छ । 'संसद्मा राम्रो अनुभव गर्न सकिनँ । बाहिर देखिएजस्तो अवस्था थिएन, जनताका समस्या समाधानभन्दा अन्य पक्षतर्फ ध्यानकेन्द्रित भएको देखिन्थ्यो । मैले सोचेजस्तो प्रजातान्त्रिक अभ्यास नभई सेटिङको थलोजस्तो लाग्यो । संसद्मा आफ्नो समयमा कविता पाठ गरेर बसैं । संसद्मा पुग्न त पुगैं, तर धेरै समय त्यहाँ रहन मन लागेन । पछि छोडेर हिडैं ।'

साक्षीभाव : जागरुकता सूत्र

योग



● रामचन्द्र शर्मा

सामान्यतया कुनै घटना वा काम कुरा देख्ने व्यक्तिलाई साक्षी भन्ने बुझिन्छ । त्यस्तो घटना वा काम कुराले मर्का परेको व्यक्तिले पार्नेउपर अड्डामा मुद्दा हाल्ने र न्यायाधीशले फैसला गर्दा साक्षीको भनाइलाई आधार लिइन्छ । प्रमाण ऐन २०३१ को दफा ८ मा साक्षीको भनाइ प्रमाण लिइने र दफा ४९ मा साक्षीले देखे-जानेको कुरा मात्र भन्नुपर्ने प्रावधान छ । गाउँ समाजमा न्याय गर्न पनि साक्षीलाई महत्त्व दिइन्छ । यो साक्षी बाहिरी जगत्को हो । प्रस्तुत लेखमा चर्चा गर्न खोजिएको साक्षीभाव भित्री जगत्को र सिंगो जीवनलाई सार्थक बनाउने जागरुकता हो ।

मनुष्य जीवनको अस्तित्वसँग सीधा जोडिएको विषय हो, साक्षीभाव । यो अस्तित्व दुईखाले छ । एक हो स्थूल शरीर, अर्को हो सूक्ष्म आत्मा । अज्ञानीले शरीरको अस्तित्व मात्र जानेको हुन्छ भने जागरुक ज्ञानीले दुवै जान्दछ । भावना, भय र इच्छामा अल्झिनेले साक्षीभाव चिन्दैन र आत्मज्ञानको लाभबाट वञ्चित रहन्छ ।

बिहान उठ्नुअघि नै भूत र भविष्यका पछुतो र चिन्ताका विचार मनमा उठ्छन् । ठिक कि बेठिक भन्ने निर्णयमा पुग्छौं । त्यो निर्णयले विचारलाई हेर्न रोक्छ । उठेपछि मोबाइल हेरिन्छ । कसैको म्यासेज नआएमा किन आएन म एक्लिएँ कि भन्ने विचार चल्छ । आएको रहेछ भने त्यसैलाई अहंकारले विचार बनाएर घेरिन्छौं । कसैको म्यासेज इज्जतमा धक्का पुग्नेखाले रहेछ भने जवाफमा कि तत्काल उसमाथि रिस पोख्दै प्रतिक्रिया जनाउँछौं या म असल मान्छे हुँ भन्दै आफूभित्र उठेको रिस दबाउछौं वा अनाहकमा किन बेइज्जत गऱ्यो मलाई, यसलाई सबक सिकाउनुपर्छ भन्ने विश्लेषण गर्दै कहानी खडा गर्छौं । जुन तरिका अपनाए पनि यसले अशान्ति निम्त्याउँदै तनावमा पार्छ । तत्कालको प्रतिक्रियाले झगडा सुरु गराउँछ । दबाइएको रिस भित्रभित्रै शक्तिशाली बन्दै अरू कसैमाथि पोखिन्छ या आफैंलाई बिमारी बनाउँछ । खडा गरेको कहानीले पनि आफूलाई रिसको बन्धनमा पारी बेचैन बनाइरहन्छ । साक्षीभावले चौथो तरिका दिन्छ, त्यो हो जागरुकता ।

जागरुकता प्रयासबाट आउँदैन, यो हाम्रो स्वभाव हो, अवलोकन गर्दै जाँदा बिस्तारै आउँछ । कोठाभित्र ध्यानमा बस्दा बाहिरको चराचुरुंगी, गाडी वा हावाको आवाज सुन्दै जाँदा केवल सुनिन्छ मात्र, सुन्नेवाला हराउँदै जान्छ र ध्यानमा डुबिन्छ । राम्रो दृश्य अवलोकन गर्दा पनि देख्नेवाला हराउँछ, दृश्य मात्र देखिन्छ । किनकि, अवलोकन र ध्यान पनि हाम्रो स्वभाव हो, कर्म होइन । कर्म नभएको हुँदा कर्ता पनि हुँदैन । सुन्ने वा देख्नेवाला कर्ता हराए पनि आवाज वा दृश्य त सुनिएकै-देखिएकै हुन्छ । यो सुनाइ र देखाइले सुन्ने र देख्नेवाला साक्षी अलग्गै हुँदोरहेछ भन्ने बोध हुन्छ । यसबाट कर्ता दाबी गर्ने अहंकार झुटो रहेछ, कर्म प्रकृतिले आफ्ना त्रिगुण सत्व, रज र तमद्वारा शरीरमार्फत गराउँदो रहेछ हामी मानिस केवल साक्षी मात्र रहेछौं भन्ने रहस्य बुझिन्छ । भागवत गीता अध्याय ३ श्लोक २७ - प्रकृतेः क्रियमाणानि गुणैः कर्माणि सर्वशः । अहंकारविमूढात्मा कर्ताहमिति मन्यते ॥ अर्थात् सम्पूर्ण कर्म प्रकृतिको गुणद्वारा गरिन्छन् । अहंकारले मोहित भएको व्यक्ति म नै कर्ता हुँ भन्ने सम्झने मात्र हो भनेको छ ।

हुन पनि साक्षीभावमा रहँदा स्मृतिको रूपमा रहेका विगतका याद विस्मृत हुँदै जागरुकता आउँछ । स्मृतिको सहारामा कर्ताको दाबी गर्ने अहंकार हट्छ । अहंकारको कारणले हुने प्रतिक्रियाजनक कार्य हुन पाउँदैनन् । बाहिरी जगत् कारण-कार्यको नियममा चलेको हुन्छ । जागरुकता बाँकी रहन्छ । जागरुकता भित्री जगत् हो, जहाँ कारण-कार्यको नियम नचल्ने हुँदा गुमाउने वा प्राप्त गर्ने कुरा केही हुँदैनन् । एक खाली र खुलापन महसुस हुन्छ । बाहिरी जगत्मा खाली हुनु भनेको धन-सम्पत्तिको अभाव भन्ने बुझिन्छ । अध्यात्ममा खालीपन महसुस गर्न सक्नु ठुलो उपलब्धि हो । ज्ञानको काम पनि अनावश्यक मनोविकारले (राग, द्वेष मोह, आसक्ति, ईर्ष्याका भाव र स्मृति) भरिएको मानिसको मस्तिष्क खाली गर्ने हो । गीता अध्याय ३ श्लोक २८ मा - तत्ववित्तु महाबाहो गुणकर्मविभागयोः । गुणा गुणेषु वर्तन्त इति मत्वा न सज्जते ॥ अर्थात् गुण र कर्मको विभागको सत्य (तत्त्व) लाई जान्ने ज्ञानी कर्ममा आसक्त हुँदैन भनेर प्रस्ट पारेको छ । त्यसैले, साक्षीभावलाई आत्मज्ञानको द्वार भनिन्छ ।



> भावनासँग पूरै उपस्थित भए मात्र साक्षी बन्न सम्भव हुन्छ । नदी वा समुद्रको किनारमा बसेर पानीको बहाव वा छालहरू पूरापूर हेर्दै महसुस गरेजस्तै हो, साक्षीभाव । साक्षीभाव कुनै टेक्निक वा अभ्यास होइन, हरपल गर्नुपर्ने एक जीवित प्रक्रिया र हाम्रो स्वभाव हो ।

■ के हो साक्षीभाव ?

भजन गवैया लाखोटियाको भजन 'न लेना न देना मगन रहेना'ले व्यक्त गरेको मर्म हो, साक्षीभाव । वेदान्त, उपनिषद्, अष्टावक्र गीता, भागवत गीता, बौद्ध दर्शन, ऋषि बुद्धलगायत विभिन्न दार्शनिकले विभिन्न कोणबाट साक्षीभावको वर्णन गरेका छन् । कुरा उत्तर वा दक्षिण दिशाबाट आए पनि मनुष्यको अपूर्णताको दुःख हटाउन जागरुकता आउनुपर्छ भन्नेमा समानता छ । भारतीय आध्यात्मिक गुरु आचार्य प्रशान्तले निर्लिप्तता र असम्बद्धता नै साक्षीत्व हो भन्दै तर्क दिन्छन् कि- शरीर अन्न, रगत र अंगहरूलगायतसँग आबद्ध हुन्छ, साक्षी कुनै पनि कुरासँग आबद्ध रहँदैन । खाली आकाश, जसले न सुन्छ न देख्छ । साक्षी द्रष्टा पनि होइन, किनकि देख्ने बाहिरी इन्द्रिय हो, भित्रको साक्षीले देख्दैन भन्दै आजकल साक्षी द्रष्टा हो भन्दै देख्ने अभ्यास गराए मूर्ख बनाइएको छ बजारमा, मूर्ख बन्नुहुँदैन भनेर सचेत गराउँछन् उनी ।

साक्षीभाव निर्विकल्प जागरुकता हो भन्छन् दार्शनिक जिद्दु कृष्णमूर्ति (दक्षिण भारतको सामान्य परिवारमा जन्मेका, विश्वगुरु बन्ने सम्भावना देखेर अमेरिकन थियोसोफिकल सोसाइटीले प्रशिक्षित गरी विश्वगुरुको सिंहासनमा राख्न लागेको अवस्थामा त्यो परित्याग गर्दै मानिसको समझ नै उसको गुरु हो, कुनै बाहिरी गुरु वा पुस्तकको अर्थ छैन भन्दै सामान्य जीवन बिताउदै ठुलो दार्शनिक बनेका) । भगवान् बुद्धले भगवान् स्वयं मनुष्यभित्र छ, बाहिर छैन भनेर साक्षीभावको ध्यान गरी चार आर्य सत्य पत्ता लगाए । आचार्य सत्यनारायण गोयन्काको भिडियोमार्फत गराइने विपश्यना ध्यानमा साक्षीभावलाई केन्द्रमा राखिन्छ ।

साक्षीभावका लागि तीन सर्त पूरा गर्नुपर्छ । पहिलो सर्त हो, कुनै पनि प्रकारको प्रयास नगर्ने । मुठी खुकुलो राखे पानी अडिन्छ, कोसिस गरेर मुठी कसे बाहिर निस्किएजस्तै शान्त हुने प्रयास गरे शान्त हुने चाहनाले झन् अशान्त बनाउँछ । शान्ति हाम्रो स्वभाव हो, केही नगरीकन रोकिएर हेरे शान्ति बोध हुन्छ । अनुभवको मूल्यांकन नगर्ने हो दोस्रो सर्त । सही वा गलत, राम्रो वा नराम्रो, मन पर्ने वा नपर्ने चुनाव गर्ने द्वैतको चक्करमा फसेर जीवन संघर्षमय बनेको हो भन्छन् कृष्णमूर्ति । सन्त कविरले दोहा नै बनाए- चल्ती चक्की देखकर, दिदा कबिरा रोय । दो पाटन के बिच मे साबुत बचा न कोय ॥ दोहाको सन्देश- अहं (जीव) र प्रकृति (जगत्) जाँताका दुई पाटाको रूपमा र गहुँ पिस्दा गहुँको दाना लुप्त भएझैं साक्षीभाव लुप्त गराइदिँदा जीवन दुःखमा बितेको छ भन्ने हो । तेस्रो सर्त हो अनुभव नपक्रिने केवल इमानदारीपूर्वक जस्ताको त्यस्तै हेर्ने, नभाग्ने हो । गीता अध्याय ६ श्लोक ४७ मा' योगिनामपि सर्वेषां मद्गतेनान्तरात्मना । श्रद्धावान्भजते यो मां स मे युक्ततमो मतः ॥ अर्थात् योगीहरूमा पनि जो ममा (कृष्ण अर्थात् आत्मा) युक्त हुँदै एकत्वभावले मलाई भज्दछ, उही सर्वश्रेष्ठ योगी कहलिन्छ भनिएको छ । यो श्लोकको सन्देश- साक्षीभावले सबै मनोविकारबाट मुक्त राख्छ भन्ने हो । किनकि, साक्षीभावले अवलोकन गर्दा मनमा उठ्ने विचार र भावना आफै आए गएको, शरीरमा सासको गति, मुटुको धड्कन र तातो चिसो बढ्ने घट्ने गरेको कुरा साक्षीले स्थिर र शान्त भएर हेरिरहेको महसुस हुन्छ । कर्म गर्ने शरीर तथा विचार र भावना उत्पन्न गर्ने मनभन्दा आफू भिन्न दूरीमा रहेको बोध हुन्छ । यो बोध हुनुअघि आफूलाई विचार र भावनासँग जोडेर तिनैअनुसार चलेर दुःखसुखको गोलचक्करमा फसिने गरिएकोमा अब रिस उठे यो त विचार हो यो आफैं आयो आफैं जान्छ, रोक्नु वा प्रतिक्रिया गर्नुहुन्न भनेर शान्तपूर्वक हेरिन्छ, प्रभावित भईदैन । खुसीका विचार र भावना आए पनि महसुस मात्र गरिन्छ, खुट्टै भाँचिने गरी नाचेर पुनः दुःख निम्त्याईदैन ।

अष्टावक्र गीता पहिलो अध्याय पाँचौं श्लोक- न त्वं विप्रादिको वर्णो नाश्रमी नाक्षगोचरः । असंगोसि निराकारो विश्वसाक्षी सुखी भव ॥ अर्थात्, तिमी कुनै जाति र वर्णाश्रमधर्मी होइनौ । आँखा आदि इन्द्रियका विषय पनि होइनौ । आफूले आफूलाई चराचर विश्वजगत्को साक्षी मात्र हुँ भन्ने चिनेर महसुस गरेपछि सुखी हुन्छौ भनिएको छ ।

■ दिने परिणाम

शरीर, मन र मनमा उठ्ने विचार र भावना अलग हुन्, म तिनीहरूलाई निरन्तर देखिरहने साक्षी हुँ भन्ने बोध हुन्छ । विचार र भावना नै आफू हुँ भन्ने ठानी तत्काल प्रतिक्रिया जनाउने गरिएकोमा अलग भएको जानी प्रतिक्रिया गर्न छाडेर विचार र भावना अवलोकन गर्ने क्षमता बढाउँछ । जीवन बोझिल र एक्लोपन डरलाग्दो हुने गरेकामा हल्का र आनन्द महसुस हुन्छ । सोचाइको संख्या कम गति सुस्त हुँदै विचार र भावना पक्रेर बगिँदैन । अरूको मूल्यांकन गर्न छाड्दै उनीहरूभित्र पनि विचार र भावनाको चर्को स्वर छ भन्ने जानेर करुणा जाग्छ । भूत र भविष्यका कुरामा डुबेर वर्तमानमा खाँदै गरेको खानाको स्वादसम्म थाहा नपाउने तहको बेहोसी हटेर वर्तमानमा रहन सक्ने जागरुकताको क्षमता विकसित भई जीवन जीवन्त बन्छ । भित्र खालीपन महसुस हुन्छ, जसले स्पष्टता जन्मँदै बोझ उत्रेको महसुस गराउँदा परमानन्दमा स्थित भइन्छ ।

भावनासँग पूरै उपस्थित भए मात्र साक्षी बन्न सम्भव हुन्छ । नदी वा समुद्रको किनारमा बसेर पानीको बहाव वा छालहरू पूरापूर हेर्दै महसुस गरेजस्तै हो, साक्षीभाव । साक्षीभाव कुनै टेक्निक वा अभ्यास होइन, हरपल गर्नुपर्ने एक जीवित प्रक्रिया र हाम्रो स्वभाव हो । साक्षीभावको सही अर्थ नबुझेकाले साक्षी बन्नु भनेको विचार र भावनासँग टाढै रहेर रोक्ने हो भन्ने ठानी नदी वा र समुद्रमा पसेर बहाव वा छाल रोक्न भिडेजस्तै अनर्थ गर्ने गरेकाले साक्षीभावले विचार र भावना समाप्त हुन्छ भन्ने भ्रम छ समाजमा । केही महसुस नहुनु शान्ति होइन, सबै महसुस गरेर पनि त्यसमा नटास्सिनु हो शान्ति । हामी भावना हेर्न डराउँछौं । झन् कमजोर भइन्छ कि भनेर भावनादेखि भाग्छौं । भाग्दा खत्तम हुँदैन भावना, झन् लम्बिन्छ, देखे हराउँछ । ट्राफिकमा फस्दा वा नेट स्लो हुँदा चिडचिडाहट भाव उत्पन्न हुन्छ । यही घटनासँग अहंकार जोडिएर कहानी बनाउँछ र तनावमा पार्छ । नत्र, घटना मात्रले खास केही हुँदैन । अहंकारले किन गऱ्यो वा भयो भन्ने कहानी बनाउँदै एकपछि अर्को विचार उत्पन्न गराउँदा समस्या हुने हो । समस्या आइपरे पनि त्यसमा नजोडिए समाधान हुन्छ । समस्यासँग जोडिइरहँदा संकट बन्छ । साक्षीभावमा टिकिरहे हरपल जागरुक राखेर विचार र भावनामा आसक्त हुन रोक्छ । दुःखको कारण आसक्ति हटेपछि दश दुःखी हुने कार्य हुँदैन र जीवन आनन्दमय बन्छ ।

चित्रले घरलाई बनाउँछ सुन्दर

विषय हुन्छन् । यी सबैले फरक-फरक अनुभूति दिन्छन् । कसैलाई शान्त र सन्तुलित रंग मन पर्छ भने कसैलाई तीव्र र विद्रोही भाव बोकेको चित्र आकर्षक लाग्छ । त्यसैले, घरमा कस्तो पेन्टिङ राख्ने भन्ने कुरा पूर्ण रूपमा व्यक्तिको रुचि, भावना र दर्शनमा निर्भर रहन्छ ।



> पेन्टिङले केवल कोठाको सौन्दर्य मात्रै बढाउँदैन, यसले घरमा बस्ने मानिसको मनस्थिति, ऊर्जा र सोचमा समेत सकारात्मक प्रभाव पार्छ । यही कारणले आजभोलि पेन्टिङप्रति केवल कलापारखी मात्र होइन, सामान्य मानिसमा पनि आकर्षण बढेको पाइन्छ ।

अर्को महत्त्वपूर्ण कुरा भनेको मूल्य हो । धेरैलाई लाग्छ कि राम्रो पेन्टिङ महँगो हुनुपर्छ, तर त्यो आवश्यक छैन । मुख्य कुरा चित्रको मूल्य होइन, त्यसले दिने अनुभूति र सन्देश हो । एउटा राम्रो पेन्टिङले घरका सदस्य मात्र होइन, पाहुनाको मन पनि आनन्दित बनाउन सक्छ ।

चित्रकला केवल सजावट मात्र होइन, यो मानसिक स्वास्थ्यसँग पनि गहिरो रूपमा जोडिएको छ । यसले दिमागलाई नकारात्मक सोचबाट टाढा राख्छ र सिर्जनात्मक बनाउँछ । चित्रकला अभिव्यक्तिको एक सशक्त माध्यम हो, जसले मानिसलाई आफ्ना भावना र विचार सहज रूपमा व्यक्त गर्न मद्दत गर्छ । कामको तनाव, दौडधुप र भविष्यको चिन्ताका कारण धेरैको निद्रा बिग्रिरहेको हुन्छ । व्यस्तताबिच पनि केही रचनात्मक हुन सकियो भने मुड फ्रेस रहन्छ । त्यसकारण घरलाई कलात्मक बनाउनुपर्छ । हामीलाई गाँस, वास र कपास भएर मात्र पुग्दैन । हाम्रो जीवनशैलीमा आनन्द र मनोरञ्जन पनि आवश्यक पर्छ । कलाबाट यस्तो महसुस गर्न सकिन्छ । कस्तो चित्रकला राख्ने भन्नेचाहिँ व्यक्तिको रुचिमा भर पर्छ । संस्कृति र परम्परा झल्काउने चित्रकलाले सुन्दरतासँगै शिक्षा पनि दिने गर्छ ।

रङहरूको पनि आफ्नै भाषा हुन्छ । त्यसैले, रङको आफ्नै अर्थ र भाव हुन्छ । त्यसले मनलाई ऊर्जाशील र रचनात्मक बनाउँछ । स्वतन्त्रताको प्रत्याभूति दिलाउँछ । मस्तिष्कलाई वर्तमानसँग जोड्छ र त्यसैमा घोटिलन प्रेरित गर्छ । यही कारणले चित्रकलाले मानिसलाई वर्तमानमा केन्द्रित गराउँछ र मानसिक रूपमा सन्तुलित बनाउँछ । व्यस्त जीवन, कामको दबाब र भविष्यको चिन्ताबिच घरलाई कलात्मक बनाउन सकिन्छ । जसले हाम्रो मानसिक सन्तुलनका लागि सहयोगी बन्न सक्छ ।

हाम्रो जीवनमा आनन्द र सौन्दर्य पनि आवश्यक हुन्छ । चित्रकलाले यही अभाव पूरा गर्छ । यसले आत्मशान्ति, आत्मसम्मान र आत्मविश्वास बढाउँछ । साथै, समस्या समाधान गर्ने क्षमता र धैर्यशीलता विकास गर्न पनि सहयोग गर्छ । घरलाई केवल बस्ने ठाउँ मात्र नभई अनुभूति गर्ने स्थान पनि बनाउनुपर्छ । एउटा सुन्दर पेन्टिङले त्यो सम्भव बनाउँछ ।

स्वास्थ्य



● डा. रोशन झा
फिजिसियन

प्रदूषणबाट यसरी बचौं दीर्घरोगी

काठमाडौंलगायत धेरै सहरमा वातावरण प्रदूषण बढ्न थालेको छ । धुलोधुवाँ आदिका कारण हुने यस्तो प्रदूषणले छातीसम्बन्धी विभिन्न समस्या देखा पर्ने गरेका छन् । वायु प्रदूषणको दीर्घकालीन असरस्वरूप स्वास्थ्यमा विभिन्न जटिल समस्या देखिने गरेका छन् । गाडीको चाप र यसबाट निस्कने फोहोरले सहरी क्षेत्रका मानिसको स्वास्थ्यमा गम्भीर असर पुऱ्याइरहेको छ । त्यसैले यी समस्याबारे बुझ्न जरुरी छ ।

प्राथमिक समस्या

वायु प्रदूषणका कारण सुरुसुरुमा भाइरल इन्फेक्सन, निमोनिया, एलर्जी र रुघाखोकीजस्ता समस्या देखा पर्छन् । त्यस्तै, पछिल्लो समय श्वासप्रश्वास र दमका बिरामीको संख्यासमेत बढेको पाइन्छ । छाती कसिएजस्तो हुने, सास फेर्न गाह्रो हुने, चाँडै रुघाखोकी लाग्ने, र नाक बन्द हुनेजस्ता लक्षण देखा परेमा सतर्क रहनुपर्छ । प्रदूषित वायुमा केमिकल र सल्फर अक्साइड ग्यास हुने भएकाले अधिकांशमा दमको समस्या देखिने गरेको छ । यसको असरले लामो समयसम्म खोकी लागिरहने र निको नहुने हुन्छ । त्यस्तै, छातीमा संक्रमण भई निमोनिया हुन्छ । यस्तो भएमा पछि गएर फोक्सोमा क्यान्सर हुने सम्भावनासमेत हुन्छ । प्रदूषित वायुका कारण दमका रोगीलाई सास फेर्न गाह्रो हुने हुन्छ । बारम्बार अस्पताल गइराख्नुपर्नेजस्ता जटिलता थपिन्छन् ।



प्रदूषण र चिसोको सम्मिश्रणले बुढाबुढीमा मौसमी रुघाखोकी (भाइरल इन्फ्लुएन्जा)को समस्या बढी देखिने गरेको छ । खासगरी ६० वर्षभन्दा माथिका मानिसमा यस्तो समस्या देखिएको छ । लामो समय प्रदूषित वातावरणमा बस्दा दीर्घकालीन असरस्वरूप छातीमा संक्रमण भई क्रोनिक अस्ट्रटिज लङ डिजिजजस्ता निको नहुने रोग लाग्न सक्छन् । साथै, प्रदूषणले मुटुलाई समेत असर गर्छ ।

रोकथाम

धुलोधुवाँबाट बच्न अनिवार्य रूपमा मास्क लगाएर हिँड्नुपर्छ । विभिन्न संक्रमणबाट बच्न धेरै भिडभाडमा हिँड्नुहुँदैन । त्यस्तै, खानपान र जीवनशैलीमा ध्यान दिनुपर्छ । आफूवरपरको वातावरण सधैं सफा राख्नुपर्छ ।

खाडीमा आधुनिक दासत्व भोग्दै नेपाली महिला

खाडीमा नेपाली महिला श्रमिक आधुनिक दासको रूपमा घरभित्र काम गर्न बाध्य छन्

अन्तर्राष्ट्रिय श्रमिक दिवस



● डा. विभूति भट्टराई
अनुसन्धानकर्ता

अघिल्लो तथ्यांकअनुसार करिब २० लाख नेपाली युवा वैदेशिक रोजगारीमा छन् । त्यसमध्ये १२ प्रतिशत महिला श्रमिक छन् । बनिबनाउ भाष्यका आधारमा भन्ने हो भने नेपालमा रोजगारी छैन । कम आय छ । रोजगारीको अभाव छ । त्यसलाई परिपूर्ति गर्न युवाहरू वैदेशिक रोजगारीमा जान्छन् । वास्तवमा ती सतही कुरा हुन् । वैदेशिक रोजगारीको मुख्य सम्बन्ध समाजको उत्पादन प्रणालीसँग जोडिएको हुन्छ । आर्थिक उत्पादन प्रणालीका आधारमा समाजमा आर्थिक, सामाजिक संरचना निर्माण भएका हुन्छन् । त्यसले वर्ग निर्माण हुन्छ ।

उत्पादनका साधनमाथि स्वामित्व कसको छ ? वितरण कसरी भइरहेको छ ? कति समान वा असमान वितरण छ ? भन्ने कुराले त्यो समाज वा देशको आर्थिक अवस्थाले निर्धारण गर्छ । नेपालमा महिला वा पुरुष वैदेशिक रोजगारीमा जाने अवस्था सिर्जना हुनुको कारण यी नै सैद्धान्तिक आधार मुख्य हुन् । उत्पादन प्रणालीका हिसाबले हामी पुँजीवादी उत्पादन प्रणालीको समयमा छौं । अझै त्यसको गहिराइमा जाँदा अहिले संसारभर नवउदारवादी व्यवस्था छ । यसले विकसित देशहरू एकातिर उत्पादनका साधनमाथि स्वामित्व लिएर हाबी भई बसेका छन् । अविकसित देशहरूबाट दक्ष, अर्धदक्ष र अदक्ष श्रमिकहरू ती देशमा पुगेका छन् ।

महिला यसरी जान थाले विदेश

परम्परागत घरेलु उद्योग, ग्रामीण अर्थतन्त्रलाई पुँजीवादले नष्ट गरिदियो । कालान्तरमा ती उद्योग बन्द हुँदै गए । ग्रामीण अर्थतन्त्रका आधार पनि संकटमा परे । त्यसले नेपाली महिलाहरू आर्थिक उपार्जनका हिसाबले दोहोरो, तेहोरो उत्पीडनमा परे । यस्तो अवस्थामा आफ्नो आयआर्जनको विकल्पस्वरूप उनीहरूले अन्तिम विकल्पको रूपमा वैदेशिक रोजगारीलाई अपनाए । विशेष गरी आधारभूत वर्गका महिलाहरू घरेलु कामदारको रूपमा, मार्टमा सफाइको काम गर्ने कामदारको रूपमा, कर्पोरेट हाउसमा अदक्ष कामदारको रूपमा प्रवेश गर्ने गरेका छन् ।

पहिलो वैश्विक कारण राष्ट्रिय अर्थतन्त्रले प्रभाव पार्दा उनीहरू वैदेशिक रोजगारीमा जान बाध्य भए । दोस्रोचाहिँ जब वैदेशिक रोजगारमा जान उनीहरू उभिन्छन्, त्यसपछि फेरि राज्यले उनीहरूमाथि अर्को दमन सुरु गर्छ । उनीहरू वैदेशिक रोजगारीमा वैध वा सहज बाटो जान पाउँदैनन् । यता आफ्नो देशमा आयआर्जनको विकल्प छैन । आर्थिक र सामाजिक हिसाबले चरम उत्पीडन छ । ती सबै उत्पीडनको विरुद्ध लडेर वैदेशिक रोजगारीमा जानुपर्नेछ ।

ती महिलाहरू ऋण खोजेर, दुःख गरेर वैदेशिक रोजगारीमा जानका लागि काठमाडौं आइपुग्छन् । काठमाडौंमा चारैतिरबाट ठगिन्छन् । श्रम स्वीकृति पाउँदैनन् । कानुनी हिसाबले जान पाउँदैनन् । राज्यले महिलाहरूलाई घरेलु कामदारमा प्रतिबन्ध लगाउने भनेर विना कुनै अनुसन्धान, प्रभाव मूल्यांकन हठात नीति बनाउँछ । त्यसले महिलाहरूको जनजीवनमा कस्तो असर पार्छ भन्ने लेखाजोखा नगरी निर्णय सुनाउँछ । उनीहरू नै उत्पीडनमा पर्छन् ।

दोब्बर उत्पीडनमा

वैदेशिक रोजगारमा जाने पुरुष पनि वर्गीय हिसाबले उत्तिकै उत्पीडनमा छन् । तर, लैंगिक हिसाबले महिला दोब्दर उत्पीडनमा छन् । राज्यले पुरुषहरूलाई यी काममा जान प्रतिबन्ध छ भन्दैन । महिलालाई भन्छ । पुरुषहरू निर्माण, कारखानालगायतका काममा तुलनात्मक हिसाबले सहज रूपमा जान्छन् । आठ घण्टा काम, ओभरटाइम केही व्यवस्थित हुन्छ । उनीहरू बिरामी हुने भनेको गर्मी, कामको दबाबले हुन सक्छ । उनीहरूको मृत्यु फरक दुर्घटना कार्यक्षेत्रका कारणले हुन्छ ।

महिलाको सन्दर्भमा हेर्ने हो भने पहिला त जानै पाउँदैनन् । ठुला सुरक्षाका खाडलहरू पार गरेर जानुपर्छ । सँगै विदेश जाने लाइनमा बसेको पुरुष विदेश पुगिसक्दा महिला भने प्रक्रियामै अल्झिरहन्छन् । राज्यले मेनपावर एजेन्सीलाई वैदेशिक रोजगारीमा पठाउने अनुमति दिन्छ । ती मेनपावर एजेन्सीले नै जटिल अवस्था सिर्जना गरेको हुन्छ । यो सबैलाई पार गर्दै करिब ८० प्रतिशत महिला अवैध बाटोबाट घरेलु कामदारको रूपमा वैदेशिक रोजगारमा जान्छन् ।

वैदेशिक रोजगारीमा गएपछि पुरुषको काम निर्माण अथवा कारखानामा हुन्छ । महिलाहरू घरेलु कामदारका रूपमा जान्छन् । उनीहरू घरभित्रै सीमित हुन्छन् । कहीँ निस्कनै नपाउने गरी पासपोर्ट जफत हुन्छ । बिदा, स्वास्थ्य, सामाजिक सुरक्षालगायतको ग्यारेन्टी हुँदैन । वैध बाटोबाटै गएको छ भने पनि पुरुषको तुलनामा महिलालाई फरक व्यवहार हुन्छ । पुरुष आफ्नै शरीरका कारण बिरामी हुन्छ । महिला अरूकै कारण बिरामी हुन्छ । यौन हिंसा भोग्नुपर्ने हुन्छ । १८ घण्टा काम गर्नुपर्ने हुन्छ । पुरुषले भन्दा दोब्बर समय काम गर्नुपर्छ, विनाओभरटाइम, विनातलब । उनीहरूको मृत्यु बलात्कार, हिंसा, आत्महत्याको कारण हुन्छ । तुलनात्मक हिसाबले महिला डरलाग्दो उत्पीडनमा छन् ।

वैदेशिक रोजगारमा जानेको हकमा सरकारले १३ वटा देशसँग मात्र श्रमसम्झौता गरेको छ । ती देशमा नेपालबाट जाने कामदारको जीवनको सुरक्षा, आर्थिक सुरक्षा, कार्यवातावरणको सुरक्षा, सामाजिक सुरक्षालगायत समग्र पारिस्थितिकीय प्रणालीलाई सम्झौतामा समावेश गर्नुपर्छ । तर कतिपय त्यो सम्झौता नभईकन ती देश पुगेका छन् । ती देश गएकाले चुनौती भोग्नुपरिहाल्यो । विशेष गरी महिलाले धेरैले भोग्छन् । खाडी मुलुकमा घरेलु कामदारको रूपमा जाने महिलाहरूले चुनौती धेरै भोग्छन् ।



खाडीमा पुरुष श्रमिक आफ्नै शरीरका कारण बिरामी हुन्छन् । महिला श्रमिक अरूकै कारण बिरामी हुन्छ । यौन हिंसा भोग्नुपर्ने हुन्छ । १८ घण्टा काम गर्नुपर्ने हुन्छ । पुरुषले भन्दा दोब्बर समय काम गर्नुपर्छ, विनाओभरटाइम, विनातलब । उनीहरूको मृत्यु बलात्कार, हिंसा, आत्महत्याको कारण हुन्छ । तुलनात्मक हिसाबले महिला डरलाग्दो उत्पीडनमा छन् ।

खाडीमा नेपाली महिला श्रमिकहरू आधुनिक दासको रूपमा घरभित्र काम गर्न बाध्य छन् । मैले अनुसन्धानको क्रममा छलफल गरेको केही महिला दिदीबहिनीको अनुभवको आधारमा भन्ने हो भने कतिपयको पासपोर्ट जफत गरेर पेटभर खान पनि नदिएको अवस्था छ । आफ्नो परिवार, बच्चा, श्रीमान्सँग फुर्सदको समयमा समेत फोनमा कुरा गर्न नपाउने, बिरामी भएको वेला अस्पताल कसैले नलैजाने, नेपाल फर्कने मन भएमा फर्कने नपाउने अवस्थामा समेत ठुलो संख्या छ ।

पारिवारिक विखण्डनको सुरुवात

वैदेशिक रोजगारीले पारेको महत्त्वपूर्ण प्रभावमध्ये पारिवारिक विखण्डन पनि एक हो । बाबु अथवा आमा विदेश जाँदा छोराछोरी एक्लै हुने, परिवारका कसैको मातहतमा छाडेर जाँदा पनि आफूलाई नै न्याम्रो लाग्ने, आमाहरू बच्चासँग भेट्न नपाएर तड्पिने अवस्था छ । फर्किँदा परिवार विखण्डन भइसकेको हुन्छ । सारा सपना छिन्नभिन्न भइसकेको हुन्छ । बच्चाहरू सुरक्षित हुँदैनन् । बुबा आफ्नो जीवन बाँच्न थालिसकेका हुन्छन् । महिलाको हकमा भने 'अर्कोको देशमा गएको छ । के-के गरेको छ' भन्ने भाष्य समाजले निर्माण गरिदिएको हुन्छ ।

एउटा आमाका लागि सबैभन्दा महत्त्वपूर्ण कुरा सन्तान हो । सन्तान छाडेर हिँड्नु भनेको मुटु निकालेर हिँड्नजस्तै हो । यी सबैको बाबजुद सन्तानलाई छाडेर वैदेशिक रोजगारमा जानु भनेको सन्तानकै सुरक्षित भविष्यका लागि हो । उसले आफ्नो सपना बाँच्न पाओस् । रहर पूरा गर्न पाओस् भनेरै हो । आमाहरू विदेशमा छोराछोरीलाई सम्झेर संघर्ष गरिरहेका हुन्छन् । यता बच्चाको आमासँगको निकटता छुटिसकेको हुन्छ । आज समस्या पर्छ, आमा खोज्छ पाउँदैन । भोलि अर्को आपत् पर्छ, आमा खोज्छ, पाउँदैन । घाउ लाग्छ, आमा खोज्न, पाउँदैन । यस्ता घटनाले आमा र बच्चाको सम्बन्धले अर्को डरलाग्दो रूप लिन्छ ।

बेवास्तामा रेमिट्यान्सका मेरुदण्ड

नेपालमा रेमिट्यान्सलाई अर्थतन्त्रको मेरुदण्ड मानिन्छ । मेरुदण्ड जोगाउनेहरूलाई नै पूर्ण नागरिकको व्यवहार गरिँदैन । राज्यले समग्र श्रमिकप्रति गर्ने व्यवहार नै संवेदनशील छैन । महिला वैदेशिक रोजगारमा जाने हकमा त भनै राज्यले संवेदनशीलता देखाउँदैन ।

पुँजीवादी समाजको विशेषता नै के हो भने उनीहरूले उत्पादन गर्ने अतिरिक्त मूल्यलाई उच्च मूल्यांकन गरिन्छ । रेमिट्यान्सको उच्च मूल्य हुन्छ । तर, रेमिट्यान्स निर्माण गर्ने व्यक्तिलाई चाहिँ अवमूल्यन गरिन्छ । हाम्रो राज्यले रेमिट्यान्स, रेमिट्यान्स भन्छ । समाजशास्त्री बोल्छ, रेमिट्यान्स भन्छ । अर्थशास्त्री बोल्छ, रेमिट्यान्स भन्छ । तर, त्यो रेमिट्यान्सका वाहकलाई कानुनी, सामाजिक, आर्थिक हिसाबले राज्यले निर्माण गर्ने सबै संरचनाको हिसाबले प्राथमिकता राखिँदैन । एकदमै हलुका रूपमा लिइन्छ । उनीहरूले कस्तो आर्थिक संकट भोगेको छ ? वैदेशिक रोजगारीमा गएको देशले विभेद गरेको छ छैन ? श्रमको मूल्य दिएको छ छैन ?, उनीहरूलाई अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) को नियमअनुसारको सामाजिक सुरक्षा भत्ता दिएको छ छैन ? तमाम कुरामा राज्य बेखबर छ ।

नवउदारवादी व्यवस्थामा श्रमिक

अहिलेको नवउदारवादी व्यवस्थासँग महिला श्रमिकको तत्काल समस्या समाधान गर्ने कुनै पनि नीति छैन । किनकि त्यो प्रणालीको विशेषता नै यस्तै समस्या जन्माउने हो । रेमिट्यान्स भएपछि विकास हुन्छ । आर्थिक सशक्तीकरण हुन्छ भन्ने कुरा बकवास हुन् । रेमिट्यान्सका कारण कहिल्यै विकास हुँदैन । आर्थिक उन्नति हुँदैन । त्यो त भन् गरिब, असमानताको तहलाई वृद्धि गर्ने कारक हो । वैदेशिक रोजगारीमा जाने ती श्रमिक हिजो यहाँ पनि श्रमिक नै थिए । उसले उत्पादनका साधनमा कहिल्यै पहुँच पाएन । उसलाई वैदेशिक रोजगारीमा जान बाध्य पारियो ।

त्यहाँ भनै आफ्नो श्रमको अवमूल्यन हुन्छ । त्यहाँ उसको श्रमको मात्र होइन, जीवन, सपना सबैको अवमूल्यन हुन्छ । उसले आफ्नो माटोमा नटेकीकन सारा जिन्दगी गरिबी, असमानतामा बितारहेको हुन्छ । विकसित मुलुक उसको अतिरिक्त श्रमशोषण गरेर धनी हुँदै जान्छ । त्यो श्रमिक पारिवारिक, आर्थिक, सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिकजस्ता थुप्रै कुरामा भासिँदै भासिँदै जान्छ । महिलाको हकमा त्यो कुरा तीन गुणा धेरै हुन्छ ।

उनीहरूको अवस्थामा परिवर्तन आउनका लागि उत्पादन प्रणालीमै परिवर्तन हुनुपर्छ । होइन भने श्रमिकको अवस्था सुधारात्मक क्रियाकलापले जीवनमा परिवर्तन आउनेवाला छैन । तर, तत्कालका लगि केही सुधार गर्न सकिन्छ । यसले थोरै भए पनि राहत दिन्छ । संस्थागत, कानुनी र व्यावहारिक हिसाबले गर्न सकिने केही कुरा हुन्छ ।

मुख्यतः कानुन निर्माण गर्दा नेपालको हकमा म्यानपावर व्यवसायी र रोजगारदातालाई केन्द्रमा राखेर बनाएजस्तो देखिन्छ । जो श्रमिक हो, जो वैदेशिक रोजगारमा जाँदै छ, तिनीहरूलाई केन्द्रमा राखेर कानुन निर्माण गरिएको छैन । फ्री भिसा, फ्री टिकट भन्छन्, तर कहिल्यै कार्यान्वयन हुँदैन । सर्भिस चार्ज दस हजार मात्र लिने भनेको छ । त्यो कार्यान्वयन भएको छैन । कार्य वातावरण, सामाजिक सुरक्षा, बिदाको विषय, मनोरञ्जनको समय सबै अन्तर्राष्ट्रिय मापदण्डका विषय हुन् । यसलाई समेटेर कानुन निर्माण गर्नुपर्छ । राष्ट्रिय हिसाबले मात्र कानुन निर्माण गरेर हुँदैन । जुन देशमा श्रमिक पठाउने हो, ती देशमा श्रमसम्झौता गर्दा हाम्रा ऐन, नियम, नीतिमा भएका व्यवस्थालाई त्यहाँ अनुमोदन हुने गरी व्यवस्था गर्नुपर्छ । तर, ठुलो मात्रामा उनीहरू जान्छन् । कमाउँछन् । हाम्रो देश समुन्नत हुन्छ भन्ने कुराचाहिँ भ्रम मात्र हो । यसले असमानता र गरिबीलाई अर्को फर्ममा ढाल्छ । त्यसले अर्को रूपमा असमान र गरिब नै बढाइरहन्छ ।

प्रस्तुति : शान्ति तामाङ

नाफाका लागि बालबालिकाको गोपनीयता बेच्दै अभिभावक

बालबालिकाको भिडियो र तस्बिर अनलाइनमा धेरै पोस्ट गर्नुहुन्छ, तर यसको अँध्यारो पाटो कत्तिको ख्याल गर्नुभएको छ ?

हिजोआज बालबच्चाले पहिलो पाइला चाल्नुअघि नै डिजिटल माध्यममा तिनको फोटो र भिडियोले संसारको चक्कर लगाइसकेको हुन्छ । केही आमाबाबुले त अझ गर्भको भिडियो एक्स-रेको फोटोलाई 'पहिलो नजरमै प्रेम !' जस्ता क्याप्सन राखेर सामाजिक सञ्जालमा पोस्ट गरेको देखिन्छ । बच्चा जन्मन पाएको हुँदैन, केही घण्टाभित्रै विभिन्न सामाजिक सञ्जाल प्ल्याटफर्ममा नवजात शिशुका तस्बिर फैलिइसक्छ । 'सेयरेन्टिङ (सेयर र प्यालेन्टिङको योगबाट बनेको शब्द)'को यो प्रचलनका कारण पश्चिमी देशमा अहिले जन्मिने चारमध्ये एक बच्चाको जन्मअघि नै सामाजिक सञ्जालमा उपस्थिति भइसकेको हुने धेरै उल्लेख हुने तथ्यांकले देखाउँछ ।

आमाबाबु त्यतिमै रोकिँदैनन् । केही आफ्ना सन्तानलाई सामाजिक सञ्जालको 'स्टार'मा परिणत गर्न मिहिनेत लगाउँछन्, जसलाई आजकल 'किडफ्लुएन्सर (किड् र इन्फ्लुएन्सरको योग)' भन्न थालिएको छ । यसअन्तर्गत ती बच्चाको प्रत्येक सानाठुला विकासको चरणलाई सामाजिक सञ्जालमा राखिन्छ । तिनको पहिलो तोतेबोलीदेखि पहिलो पाइला चालेको क्षणसम्म, पहिलोपटक दाँत निस्कँदा आउने समस्यादेखि तोतेबोलीमा बाझेकोसम्म र यहाँसम्म कि बच्चाको 'पोटी ट्रेनिङ (दिसा गर्न सिकाएको)'सम्म क्यामेरामा कैद गरिन्छन् ।

'बालबच्चाका अत्यन्त वैयक्तिक क्षणसमेत लाखौं मानिसलाई देखाउन सामाजिक सञ्जालमा प्रसारित गरिन्छ,' पत्रकार फोर्टेसा लतिफीले हालै प्रकाशित आफ्नो नयाँ पुस्तक 'लाइक, फलो, सब्सक्राइब'मा लेखेकी छिन् । अर्थात्, यौवनदेखि महिनावारीसम्मको सबै कुरा आमाबाबुका लागि अहिले भाइरल बन्न सक्ने 'कन्टेन्ट' बन्छन् । लतिफीको किताबको नामजस्तै 'लाइक, फलो, सब्सक्राइब'का लागि किडफ्लुएन्सको प्रयोग उलेख्य बढेको छ । अर्बौं डलरको व्यवसायमा रूपान्तरण भएको यस अभ्यासमा 'नाफाका लागि बालबालिकाको अत्यन्त वैयक्तिक र गोपनीय क्षणलाई व्यापारीकरण गरिन्छ ।'

पुस्तक तयारी गर्दा लतिफीले धेरै अभिभावकसँग भेटवार्ता गरिन्, जो आफ्नो बालबच्चाका कन्टेन्टका 'निर्माता, प्रबन्धक र क्यामेराम्यान' बनेका छन् । उनीहरू आफ्ना बच्चालाई भिडियो खिच्न प्रोत्साहित गर्छन् र दिनमा कति घण्टा काम गर्ने भन्ने कुराको निर्देशन दिन्छन् । 'किडफ्लुएन्सिङ (किडफ्लुएन्सरले गर्ने काम)' पारिवारिक आयको एक आकर्षक माध्यम बन्ने गरेको छ । लतिफीले अध्ययनका क्रममा नाम चलेका केही अमेरिकी एकाउन्ट चलाउने अभिभावकले प्रत्येक प्रायोजित पोस्टका लागि दुई लाख डलरसम्म शुल्क लिने गरेको पाइन् । अर्थात्, वार्षिक रूपमा तिनले ८० लाख डलर र एक करोड डलरबिचको आम्दानी हुने रहेछ । र, प्रायोजनका लागि अभिभावकले बालबच्चालाई यस संसारमा अत्यन्त व्यक्तिगत मानिने काम गराउनसमेत छाड्दैनन् । 'पोटी ट्रेनिङ'समेत न्याप्पी र डायपरको विज्ञापनका लागि काम लाग्छ ।

अहिले यस उद्योगको तुलना बाल अभिनय वा बालमोडलिङसँग गरिँदै छ ।

तथापि, ती दुई क्षेत्रमा जस्तो यस क्षेत्रमा उल्लेख्य कानुनी सुरक्षा नभएको लतिफीले औंल्याइन् । अमेरिकाका केवल पाँच राज्यमा बालबच्चाको कमाइ अभिभावकले तिनकै नाममा समेत जम्मा गर्नुपर्ने कानुन छ । जबकि, छायांकनको लागि सहमति, सामग्रीको नियन्त्रण र छायांकनमा बिताएको घण्टाजस्ता कुरा पूर्णतः आमाबाबुको विवेकमा भर पर्ने गरेको छ ।

निश्चित रूपमा केही बच्चाले प्रसिद्धि र पैसाले ल्याउने प्रभावबाट लाभ उठाउँछन् । उदाहरणका रूपमा रायन काजीलाई लिन सकिन्छ । खेलौनाको रिभ्यु गरेर तीन वर्षको उमेरमा प्रसिद्धि कमाएका काजी फोर्ब्सको धनाढ्यको सूचीमा परेका छन् । फोर्ब्सका अनुसार युट्युबमा चार करोड सब्स्क्राइबर भएका काजीको सम्पत्ति सन् २०२५ मा ३.५ करोड डलर थियो । छिटपुट घटनाबाहेक लतिफीको अध्ययनले प्रायः नकारात्मक पक्षमा प्रकाश पाच्यो ।



पुस्तक तयारी गर्दा लतिफीले धेरै अभिभावकसँग भेटवार्ता गरिन्, जो आफ्ना बालबच्चाका कन्टेन्टका 'निर्माता, प्रबन्धक र क्यामेराम्यान' बनेका छन् । उनीहरू आफ्ना बच्चालाई भिडियो खिच्न प्रोत्साहित गर्छन् र दिनमा कति घण्टा काम गर्ने भन्ने कुराको निर्देशन दिन्छन् ।

पुस्तक लेखनअघिको अनुसन्धानका क्रममा लतिफीले आठ सन्तानकी आमा जुली जेप्सनलाई भेटिन्, जो एक पारिवारिक युट्युब च्यानल चलाउँछिन् । जेप्सनलाई उनका कस्ता भिडियो सबैभन्दा लोकप्रिय छन् भनेर सोधिएको थियो । उत्तर आश्चर्यजनक र स्तब्ध पार्ने खालको थियो । जेप्सनका अनुसार जुन भिडियोमा बालबच्चालाई चोट लागेको हुन्छ, अर्थात् जसमा उनीहरूको रगतपच्छे नाक, वा चोटपटक वा अझ कुनै वेला हात नै भाँचिने घटना हुन्छन्, तिनको धेरै भ्युज आउँछ । जेप्सनको जवाफ सुनिरहँदा लतिफीको मनमा एउटा सबाल उठिरहेको थियो । आफ्ना बच्चालाई चोटपटक लाग्दा वा पीडामा हुँदा जेप्सनमा तिनलाई मद्दत गर्नुपर्ने भावना आउला कि युट्युबका लागि रेकर्ड गर्नुपर्छ भन्ने ? यस्तै पारिवारिक युट्युब भिडियो चलाउने एकजना पिताको एउटा भाइरल बनेको भिडियोमा चोटग्रस्त छोराका लागि एम्बुलेन्स बोलाउनुको सट्टा पिता घटनाको भिडियो खिचिरहेका देखिन्छन् ।

सामान्यतया साना नानीबाबुलाई पीडामा पर्न नदिन आमाबाबु सचेत हुने गर्छन् । तर, भाइरल हुने लोभमा यही कुराले सामाजिक सञ्जालमा फरक आयाम लिने गरेको छ । गर्भावस्थाको घोषणा र भर्खरै जन्मिएका शिशुको भिडियो, विशेषगरी धेरैले हेर्छन् । एकजना पूर्वब्लगरले बताएअनुसार उनले केही यस्ता व्यक्तिलाई चिनेकी छिन्, जसले 'ब्रान्ड सम्झौताको लोभमै थप बच्चा जन्माएका छन् ।' सामाजिक सञ्जालमा भ्युज बढाउनकै लागि बढी बच्चा जन्माउने कुरा सामान्य मानिसका लागि अविश्वसनीय लाग्न सक्छ, तर यस क्षेत्रमा सक्रिय व्यक्तिले लतिफीलाई बताएअनुसार बालबालिकाका खेलौना, उनीलाई हिँड्डुल गर्न प्रयोग गरिने उपकरण, न्याप्पीदेखि गर्भावस्था परीक्षण उपकरणमा ठुलो पैसा खर्चने अभ्यासले तिनलाई लोभ्याउँछ ।

उसो त आममानिस वास्तविक जीवनमा नभेटिएका अपरिचित पारिवारका घटना हेर्न उत्सुक हुने गरेको पाइएको छ । एकजना लोकप्रिय क्रिस्चियन इन्फ्लुयन्सर करिसा कोलिन्सका ११ बालबच्चा छन्, जसका सबैको नाम अंग्रेजी वर्णमालाको 'ए'बाट सुरु हुन्छ । उनले बालबच्चासहितको सामाजिक सञ्जालमा हाल्ने भिडियोले उनका फलोअर्सलाई अचम्मित र क्रुद्ध बनाउने गरेको छ । विशेषतः त्यति धेरै सन्तानलाई विद्यालय नपठाई घरमै 'होमस्कुलिङ' गरेका पोस्टमा उलेख्य भ्युज आउँछ । भिडियोमा कोलिन्सले गर्भनिरोधक साधनलाई इसाई धर्मले अपवित्र मान्ने गरेको विषय उठाउँदा पक्ष र विपक्षमा बहस हुने गर्छ । अमेरिकामा लोकप्रिय रहेका इन्फ्लुयन्सरमध्ये कैयन् परिवार 'मोर्मन' (पारिवारिक मूल्य र ग्रामीण जीवनलाई महत्त्व दिने एक इसाई पन्थ) छन् । तिनका भिडियोमा आफ्नो ठुलो परिवारको इतिहासका साथसाथै तिनले बस्ने ग्रामीण सुन्दर घर र भान्सामा गरिने मिहिनेतले जोड पाउँछ । यी रमणीय पोस्टका पछाडि प्रत्यक्ष रूपमा मोर्मन चर्च जोडिएको हुन्छ । तिनले आफ्ना जीवनशैली पोस्ट गर्ने सदस्यलाई प्रतिपोस्ट हजारौं डलरसम्म तिर्छन् । आफ्नो धार्मिक विश्वासलाई सामाजिक सञ्जालमा आकर्षक देखाउन उनीहरू आफ्ना अनुयायीले घरबारविहीनलाई खाना दिएका भिडियो र तस्बिर पोस्ट गर्न विशेष जोड दिन्छन् ।

निर्दोष बालबालिकाको हँसिलो अनुहारले उनीहरूभित्रको पीडालाई छोपिरहेको हुन सक्छ । दुई वर्षअघि मात्रै सन् २०२४ मा बाल दुर्व्यवहारको आरोपमा दोषी ठहरिएका एक 'ममफ्लुएन्सर' (इन्फ्लुएन्सर मम)की २३ वर्षीया छोरी स्यारी फ्रान्कले युटा राज्यका विधायकलाई आफू 'पारिवारिक भ्लगिङको सिकार' भएको बयान दिइन् । (मोर्मोन पन्थकी उनकी आमा रुबि फ्रान्कले भिडियो बनाउन स्यारी र उनका पाँच भाइबहिनीमाथि कठोर सजाय दिने गरेको पछि खुल्यो । कतिपय अवस्थामा सजायस्वरूप खानै नदिने गरेकी रुबीका एक कुपोषित छोरा घरबाट उम्केर प्रहरीमा पुगेपछि उनी पत्राउ परेकी थिइन् ।)

स्यारीले आफ्नो अनुभव समेटेर 'हाउस अफ माई मदर' भन्ने संस्मरण लेखेकी छिन् । 'जति नै धेरै पैसा कमाए पनि त्यसले तपाईंको बाल्यकाललाई इन्टरनेटभर उदांगो पार्दा पुगेको क्षतिको भर्पाई गर्न सक्दैन,' स्यारीले पुस्तकमा लेखेकी छिन् । फ्रान्क परिवारकै घटनाबाट प्रेरित भएर सन् २०२५ मा युटा राज्यले किडफ्लुएन्सर र बाल कलाकारलाई सुरक्षा दिनेसम्बन्धी एउटा कानुन पारित गऱ्यो । यस कानुनले आमाबाबुलाई कमाइको केही भाग छुट् याउनुपर्ने र बालबच्चाले बुझ्ने भएपछि सामग्री हटाउन अनुरोध गरे ती सामग्री अनिवार्य हटाउनुपर्ने व्यवस्था गरेको छ ।

इन्टरनेटमा बालबच्चाको तस्बिर र भिडियो धेरै हाल्ने कार्यले अन्य खतरा पनि ल्याउँछ । लतिफीको पुस्तकमा उल्लेख सबैभन्दा विचलित पार्ने खण्ड अनलाइन सिकारीसँग सम्बन्धित छ । खाएको, नाचेकोलगायत धेरै भिडियो हालिएका बालबच्चालाई खराब मनसाय भएका अपरिचितले पछ्याउने गरेको घटना बढी पाइयो । 'लाइक, फलो, सब्स्क्राइब' पुस्तकले अहिलेको अवस्थाको सजीव चित्र प्रस्तुत गरे पनि लतिफीले यो अभ्यासमा कसरी सुधार गर्ने भन्नेबारे पर्याप्त ध्यान दिएकी छैनन् । पुस्तक लेख्ने क्रममा आफ्नै सानी छोरी हुर्काइरहेकी लतिफी बालबच्चाको गोपनीयतालाई अभिभावकले महत्त्व दिनुपर्ने मान्छिन् । यस विषयमा थप पछि पनि चर्चा होला । तर, मुख्यतः आमाबाबुले आफ्ना बालबालिकाको सुन्दर तस्बिर धेरै पोस्ट गर्नुअघि एकपटक दोहोऱ्याएर भने सोच्नुपर्नेछ ।

(द इकोनोमिस्टमा प्रकाशित आलेखलाई **श्रवण उप्रेती**ले अनुवाद गरेका हुन् ।)

अर्थ पत्रिका

नयाँ पत्रिका
शनिबार १९ वैशाख ०८३

अब बाली लगाउनुअघि समर्थन मूल्य निर्धारण

प्रमुख पाँचवटा बाली उखु, गहुँ, धान, मकै र कोदोको समर्थन मूल्य कहिले तोक्ने भन्नेबारे मिति नै तोकेर निर्देशिका जारी



मूलपानीस्थित मनोहरा-किनारमा उब्जाएको गाजर उखेलेर बजार लैजाने तयारी गर्दै स्थानीय किसान । तस्बिर : दिपेन्द्र ढुंगाना/नयाँ पत्रिका



● **कृषिमन्त्री गीता चौधरी भन्छिन्-** किसानलाई बाली छनोट, उत्पादन योजना र खेती गर्न सजिलो हुने अपेक्षा छ

बाली लगाउनुअघि नै मूल्यबारे जानकारी दिएर किसानलाई बाली छनोट गर्न सहज हुने, उत्पादन योजना बनाउन सहयोग पुग्ने तथा बजार जोखिम घट्ने अपेक्षा छ । मूल्यबारे थाहा भएपछि किसानले उचित मूल्यको सुनिश्चितता पाउने भएकाले कृषि क्षेत्रमा लगानी र उत्पादन वृद्धि हुने विश्वास छ ।

■ कृषि मन्त्रालयद्वारा न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारणसम्बन्धी निर्देशिका, ०८२ जारी

नयाँ पत्रिका

कृषि तथा पशुपक्षी विकास मन्त्रालयले न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारणसम्बन्धी निर्देशिका, २०८२ जारी गरेको छ । उक्त निर्देशिकाअनुसार प्रमुख खाद्य तथा नगदे बाली रोप्नुअगावै न्यूनतम समर्थन मूल्य निर्धारण गरेर किसानलाई जानकारी गराइनेछ । निर्देशिकामा कुन बालीको समर्थन मूल्य कुन मितिमा जारी गर्ने भनेर समयसमेत किटान गरिएको छ ।

निर्देशिकाअनुसार पाँचवटा बाली उखु, गहुँ, धान, बर्खे मकै र कोदोको समर्थन मूल्य निर्धारण हुनेछ । यसमध्ये उखुको ३० कात्तिक, गहुँको ३० असोज, चैते धानको ८ माघ, बर्खे धानको ३० वैशाख, बर्खे मकैको २१ फागुन र कोदोको ७ वैशाखमा मन्त्रालयको मूल्यांकन समितिबाट समर्थन मूल्य निर्धारणका लागि सिफारिस हुनेछ । त्यसपछि, मन्त्रिपरिषद्बाट स्वीकृति गराइने मन्त्रालयले जनाएको छ ।

उखुको ३० कात्तिकमा, गहुँको ३० असोजमा, चैते धानको ८ माघमा, बर्खे धानको ३० वैशाखमा, बर्खे मकैको २१ फागुनमा र कोदोको ७ वैशाखमा न्यूनतम समर्थन मूल्य निर्धारण गर्ने कार्यतालिका

सबै बालीको समर्थन मूल्य निर्धारणअघि चार चरणमा मूल्यांकन हुनेछ । उखुको हकमा ३ भदौसम्म फिल्ड सर्वेक्षण तथा तथ्यांक संकलन गर्ने र १५ असोजसम्म विश्लेषण प्रतिवेदन तयार हुनेछ । त्यसपछि १० कात्तिकसम्म प्राविधिक समितिबाट सिफारिस भई ३० कात्तिकमा अन्तिम सिफारिस पेस गरिने उल्लेख छ । त्यस्तै, गहुँका लागि साउन मसान्तसम्म सर्वेक्षण, १५ भदौसम्म प्रतिवेदन, ९ असोजसम्म प्राविधिक सिफारिस र ३० असोजमा अन्तिम सिफारिस गर्ने कार्यतालिका छ ।

चैते धानका लागि मंसिर मसान्तसम्म फिल्ड सर्वेक्षण, १५ पुससम्म तथ्यांक विश्लेषण, २९ पुसमा प्राविधिक समितिबाट सिफारिस र ८ माघमा मन्त्रालयबाट अन्तिम मूल्य सिफारिस गर्ने कार्यतालिका बनाइएको छ । बर्खे धानका लागि ३० फागुनसम्म फिल्ड सर्वेक्षण, १५ चैतमा तथ्यांक विश्लेषण, ८ वैशाखसम्म प्राविधिक समितिबाट सिफारिस र ३० वैशाखमा मन्त्रालयबाट सिफारिस गर्ने निर्देशिकामा उल्लेख छ ।

बर्खे मकैका लागि २९ माघमा फिल्ड सर्वेक्षण, ७ फागुनसम्म तथ्यांक सर्वेक्षण, १५ फागुनसम्म प्राविधिक समितिबाट सिफारिस र २१ फागुनमा समर्थन मूल्य निर्धारणका लागि मन्त्रालयबाट सिफारिस गर्ने कार्यतालिका बनाइएको छ । कोदो बालीका लागि १० चैतसम्म फिल्ड सर्वेक्षण, १५ चैतमा तथ्यांक विश्लेषण, २५ चैतमा प्राविधिक समितिबाट सिफारिस र ७ वैशाखमा मूल्य निर्धारणका लागि सिफारिस गर्ने कार्यतालिका निर्देशिकामा उल्लेख छ ।

बाली लगाउनुअघि नै मूल्यबारे जानकारी दिएर किसानलाई बाली छनोट गर्न सहज हुने, उत्पादन योजना बनाउन सहयोग पुग्ने तथा बजार जोखिम घट्ने अपेक्षा गरिएको कृषिमन्त्री गीता चौधरीले जानकारी दिइन् । 'बाली लगाउनुअघि नै मूल्यबारे थाहा भएपछि किसानले उचित मूल्यको सुनिश्चितता पाउने भएकाले कृषि क्षेत्रमा लगानी र उत्पादन वृद्धि हुने विश्वास छ,' उनले भनिन् । 'यो व्यवस्थाले कृषिउपजको मूल्यमा स्थिरता, मूल्य जोखिम न्यूनीकरण एवं किसानलाई न्यूनतम नाफा सूनिश्चिततामार्फत कृषि पेसामा आकर्षित गर्न सघाउने अपेक्षा छ ।'

खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ को दफा ४७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी ननिर्देशिका जारी गरिएको मन्त्रालयले जनाएको छ ।

■ अध्यादेशमार्फत संशोधन गरेर सहकारी नियमनमा कडाइ

चक्रीय कोष खडा गरेर पीडितको बचत फिर्ता गर्ने व्यवस्था

सम्बन्धविच्छेद गरेर सहकारीको ऋण नतिर्ने विकृति सुधार गर्न परिवारको दायरा विस्तार, सहकारी चलाउन लाइसेन्स अनिवार्य

पवन तिमिल्सिना/नयाँ पत्रिका

सहकारी क्षेत्रको बढ्दो बेथिति, बचतकर्ताको रकम फिर्ता नहुने समस्या र वित्तीय अनुशासनहीनता नियन्त्रण गर्न सरकारले सहकारी ऐन, २०७४ लाई अध्यादेशमार्फत संशोधन गर्दै कडा व्यवस्था लागू गरेको छ ।

अध्यादेशले ऐनको व्यवस्था संशोधन गर्दै समस्याग्रस्त सहकारीका बचतकर्तालाई तत्काल रकम फिर्ता दिन सरकारले चक्रीय राहत कोष स्थापना गर्ने भएको छ । यस कोषमा रहने रकम सरकारबाट प्राप्त रकम, सम्बन्धित संस्थाबाट असुल भई फिर्ता भएको रकम र अन्य स्रोतबाट प्राप्त रकम हुनेछ । कोषको छुट्टै बैंक खाता रहनेछ । आर्थिक वर्षको अन्त्यमा रकम फ्रिज हुनेछैन । सरकारबाट गएको रकम पछि समस्याग्रस्त संस्थाको सम्पत्ति बेचबिखन वा असुलीबाट शोधभर्ना हुने भएको छ ।

बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट कार्य सञ्चालन इजाजतपत्र (अपरेटिङ लाइसेन्स) लिनुपर्ने व्यवस्था पनि गरिएको छ । हाल सञ्चालनमा रहेका यस्ता संस्थाले अध्यादेश लागू भएको मितिले एक वर्षभित्र लाइसेन्स लिनुपर्ने व्यवस्था छ । यो लाइसेन्स हरेक वर्ष नवीकरण गर्नुपर्नेछ । नवीकरण शुल्क, प्रक्रिया र मापदण्ड सरकारले पछि तोक्नेछ । सहकारीले ऐन, नियम वा विनियम उल्लंघन गरेमा, प्राधिकरणको निर्देशन नमानेमा, सदस्यको हितविपरीत काम गरेमा वा वित्तीय विवरण नबुझाएमा लाइसेन्स निलम्बन गर्ने र सो अवधिभर सहकारीले कारोबार गर्न नपाउने व्यवस्था पनि समेटिएको छ ।

त्यस्तै, आगामी दिनमा सहकारी बैंक दर्ता गर्दा नेपाल राष्ट्र बैंकको पूर्वस्वीकृति अनिवार्य हुनेछ । त्यस्तै, बचत तथा ऋण सहकारी संस्था दर्ता गर्दा प्राधिकरणको पूर्वस्वीकृतिपत्र संलग्न गर्नुपर्ने व्यवस्था गरिएको छ । अध्यादेशले नयाँ परिभाषा थप्दै, सहकारीको वासलातमा रहेको कुल सम्पत्ति वा कुल दायित्व रकममध्ये कुल बचत रकम वा कुल ऋण रकमको अनुपात ५० प्रतिशतभन्दा बढी भए त्यस्तो संस्था बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी मानिनेछ । यसबाहेक वासलातमा २५ करोड रुपैयाँभन्दा बढी बचत वा ऋण लगानी भएका सहकारी पनि यस श्रेणीमा पर्नेछन् । यस्ता सहकारी संस्थाको संघ, प्रदेश र स्थानीय तहमा वर्गीकरण गर्ने प्रयोजनका लागि प्राधिकरण वा तोकिएको निकायमा दर्ता हुनुपर्ने समयसीमा पहिले एक वर्ष थियो । अब प्राधिकरणले निर्धारण गरेको समयावधिभित्र दर्ता हुन सक्ने व्यवस्था गरिएको छ । एउटा व्यक्ति एउटै प्रकृतिका एकभन्दा बढी सहकारीमा सदस्य हुन नपाउने पुरानो व्यवस्था कायम छ । तर, यसअघि एक वर्षभित्र सदस्यता मिलाउनुपर्ने व्यवस्था थियो । अब दुई वर्षभित्र एक संस्थाको मात्र सदस्यता कायम राख्नुपर्ने भएको छ ।

सहकारीले ऋणमा लाग्ने ब्याजलाई मूलधनमा जोडेर त्यसैमाथि पुनः ब्याज लगाउन नपाइने पुरानो व्यवस्था यथावत् राखिएको छ । तर, सहकारीले असुल गर्ने कुल ब्याज साँवा रकमभन्दा बढी हुन नपाउने व्यवस्था गरिएको छ । अर्थात्, अत्यधिक ब्याज असुलीमा नियन्त्रण लगाइएको छ ।

सहकारी संघहरूले बचत तथा ऋण कारोबार गर्न पाउनेछैनन् । हाल यस्तो कारोबार गरिरहेका संघहरूले अध्यादेश लागू भएको मितिले तीन वर्षभित्र कारोबार बन्द गर्नुपर्ने भएको छ ।सहकारी संस्थाको हिसाब जाँच प्राधिकरणले गर्न सक्ने व्यवस्था राखिएको छ । यस्ता सहकारीले प्राधिकरणले तोकेको अनुगमन प्रणाली अपनाउनुपर्नेछ । प्राधिकरणले सोही प्रणालीका आधारमा अनुगमन, निरीक्षण र सुपरिवेक्षण गर्नेछ । आवश्यक परे नेपाल राष्ट्र बैंकलगायत अन्य निकायको सहयोग लिन सकिनेछ ।

प्राधिकरणलाई अब थप शक्तिशाली अधिकार दिइएको छ । निश्चित समय तोकेर बचत रकम फिर्ता गर्न आदेश दिन सक्ने उल्लेख छ ।

■ के-के छन् नयाँ व्यवस्था ?

- अत्यधिक ब्याज असुलीमा नियन्त्रण गर्न साँवाभन्दा बढी ब्याज असुल्न नपाइने व्यवस्था ।
- सहकारी संघहरूले बचत तथा ऋण कारोबार गर्न पाउनेछैनन् ।
- सबै सहकारीको हिसाब जाँच प्राधिकरणले गर्न सक्ने व्यवस्था, राष्ट्र बैंकको सहयोग लिन सकिने ।
- सहकारी प्राधिकरणललाई शक्तिशाली बनाइएको छ, सञ्चालकको सम्पत्ति रोक्का गरेर प्राधिकरणलाई अनुसन्धान गर्ने अधिकार दिइएको छ ।
- सहकारीलाई समस्याग्रस्त बनाउने संलग्न सबैलाई कारवाहीको दायरामा ल्याईने, अब कारवाहीको दायरामा पूर्व सञ्चतालक पनि आउने छन् ।
- सेयर पुँजीको १८ प्रतिशतभन्दा बढी लाभांश वितरण गरे जरिवाना हुने पुरानो सीमा घटाएर अब १५ प्रतिशतभन्दा बढी लाभांश वितरण गरे कारबाही हुने व्यवस्था राखिएको छ ।
- अध्यादेशले 'परिवार' र 'नातेदार'को परिभाषा विस्तृत बनाएको छ । सञ्चालक वा जिम्मेवार व्यक्तिले आफन्तका नाममा सम्पत्ति लुकाउने प्रवृत्ति रोक्न यस्तो दायरा बढाइएको हो ।
- पुरुष सदस्यको हकमा निजका बाजे, बज्यै, सासू, ससुरा तथा महिला सदस्यको हकमा निजको सासू, ससुरा र अंशबन्डा गरी मानो छुट्टिई वा सम्बन्धविच्छेद भई बसेको परिवारको सदस्य ।



प्रतिभा रावल
भूमि व्यवस्थामन्त्री

■ विकास निर्माण चुस्त बनाउन सार्वजनिक खरिद ऐन पनि संशोधन



सरकारले अध्यादेशमार्फत सार्वजनिक खरिद ऐन, ०६३ लाई पनि संशोधन गरेको छ । संशोधनमार्फत विकास निर्माणकार्यलाई छिटो र प्रभावकारी बनाउने उद्देश्य राखिएको छ ।

अध्यादेशमार्फत गरिएको संशोधनमा अन्तर्राष्ट्रिय, राष्ट्रिय र सिलबन्दी टेन्डरको अवधि छोट्याइएको छ भने लागतको तुलनामा ५० प्रतिशतभन्दा कम ठेक्का कबोल गर्नेको प्रस्ताव विश्लेषण गरेर मात्रै सम्झौता गर्ने उल्लेख छ । टेन्डरबिनै रेडिमेड सामग्री खरिद गर्नका लागि सरकारले आफ्नै ई-मार्केटप्लेस सञ्चालन गर्ने उल्लेख छ । राष्ट्रपति रामचन्द्र पौडेलले शुक्रबार सम्पत्ति सुद्धिकरणसम्बन्धी अर्को अध्यादेश जारी गरेका छन् ।

ग्रामीण पर्यटन प्रवर्द्धन गर्न बन्दीपुरमा भिलेज टुरिजम मार्ट सुरु

नयाँ पत्रिका

पहाडकी रानी भनेर परिचित बन्दीपुरमा 'भिलेज टुरिजम मार्ट २०८३' शुक्रबारदेखि औपचारिक रूपमा सुरु भएको छ । ग्रामीण पर्यटनलाई अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन गर्ने र स्थानीय समुदायसँग जोडिएको दिगो पर्यटन विकास गर्ने लक्ष्यसहित आयोजित चारदिने कार्यक्रमको उद्घाटन उद्योग तथा पर्यटनमन्त्री यशोदा रिमालले गरेकी छिन् ।

औपचारिक उद्घाटनअघि बन्दीपुर बजार क्षेत्रमा गण्डकी प्रदेशका ११ जिल्लाका १९ वटा होमस्टेहरूको सहभागितामा च्याली आयोजना गरिएको थियो । स्थानीय कला, संस्कृति र पर्यटनको पहिचान झल्काउने झाँकीसहितको च्यालीपछि औपचारिक कार्यक्रम सुरु गरिएको हो । कार्यक्रममा स्वदेशी तथा विदेशी पर्यटन व्यवसायी, विभिन्न सरोकारवाला निकाय, सञ्चारकर्मी तथा स्थानीय समुदायको उल्लेखनीय सहभागिता थियो ।

औपचारिक कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री रिमालले बन्दीपुरमा आयोजित पर्यटन मार्टले स्थानीय कला, संस्कृति प्रवर्द्धन गर्नुका साथै रोजगारी र आयआर्जन बढाउने विश्वास व्यक्त गरेकी छिन् । उनले भनिन्, 'नेपालमा संघीयता कार्यान्वयनसँगै विकासको विकेन्द्रीकरण भएको छ ।





श्रमिक दिवसमा श्रममन्त्री यादवले सार्वजनिक गरे सुधारका कार्यक्रम

श्रमिक सुरक्षाका लागि पाँचवर्षे रणनीतिक योजना लागू



श्रममन्त्री रामजी यादवले ल्याएका तीन योजना

- पाँचवर्षे राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य कार्यक्रम शुक्रबारबाट सुरु ।
- विदेशका नियोगमा रहेका श्रम सहकारीले साप्ताहिक रूपमा फेसबुक वा टिकटकमार्फत श्रमिकसँग प्रत्यक्ष संवाद गर्नुपर्ने ।
- श्रमिकले घडेरी खरिद गर्नका लागि ६ प्रतिशत ब्याजदरमा डेढ करोडसम्म नियमानुसार सापटी लिन सक्ने ।

नयाँ पत्रिका

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामजी यादवले एक सय ३७औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसर पारेर शुक्रबार तीनवटा सुधारका योजना लागू गरेका छन् ।

मन्त्री यादवका अनुसार पाँचवर्षे राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य कार्यक्रम शुक्रबारबाट सुरु भएको छ । उक्त कार्यक्रमले प्रत्येक श्रमिकको सुरक्षा, स्वास्थ्य र सुरक्षित कार्य वातावरणको अधिकार सुनिश्चित गर्ने उनले जानकारी दिए । त्यस्तै, विदेशमा रहेका नेपाली श्रमिकसँग प्रत्यक्ष संवाद, सूचना प्रवाह र समस्या समाधानलाई प्रभावकारी बनाउन विदेशस्थित नेपाली दूतावासमा रहेका श्रम सहचारीबाट हप्तामा एकपटक फेसबुक वा टिकटक लाइभ कार्यक्रम सञ्चालनको सुरुवात पनि भएको छ । मन्त्रीको उक्त घोषणालगत्तै शुक्रबार दिउँसो सबै श्रम सहकारी रहेका दूतावासले फेसबुक लाइभमार्फत श्रमिकसँग प्रत्यक्ष संवाद गरेका थिए ।

मन्त्री यादवले उक्त अभियानबाट विदेशमा रहेका श्रमिकलाई 'तपाईंहरू जहाँ हुनुहुन्छ, सरकार तपाईंसँगै छ' भन्ने अनुभूति दिलाउन सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन् । त्यसैगरी, योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध भएका श्रमिकले घडेरी खरिद गर्नका लागि ६ प्रतिशत ब्याजदरमा एक करोड ५० लाखसम्म नियमानुसार सापटी लिन सक्ने व्यवस्था पनि लागू गरेको उनले जानकारी दिए ।

मन्त्री यादवले सबै क्षेत्रका श्रमिकका लागि उचित पारिश्रमिक, मर्यादित कामको वातावरण र श्रम अधिकार सुनिश्चित गर्न सरकार प्रतिबद्ध रहेको बताएका थिए । उनले सबै क्षेत्रबाट राष्ट्र निर्माणमा योगदान पुऱ्याउन पनि अपिल गरेका छन् । 'श्रमिकको पसिनाको उचित मूल्य र सम्मान सुनिश्चित भएमा मात्र समृद्ध नेपाल निर्माण सम्भव हुन्छ भन्ने मेरो दृढ विश्वास छ,' उनले भने ।

यसैबिच, वैदेशिक रोजगारीमा जाने श्रमिकसँग लिने सेवा शुल्कबापतको रकम म्यानपावर कम्पनीले अनिवार्य रूपमा बैंकिङ च्यानलमार्फत नै बुझ्नुपर्ने भएको छ । श्रमिकबाट नगदमा ठुलो रकम बुझ्ने र औसतमा १० हजार रुपैयाँ मात्रै बैंकिङ च्यानलबाट बुझ्ने विकृति झाँगिँदै गएको र ठगी पर्ने श्रमिकलाई क्षतिपूर्ति दिलाउन मुस्किल भएको भन्दै वैदेशिक रोजगार विभागले म्यानपावरलाई बैंकिङ च्यानलमार्फत मात्रै सेवा शुल्क बुझ्न परिपत्र गरेको हो ।

श्रमिकलाई पनि सेवा शुल्कबापत बुझाउनुपर्ने रकम नगदमा नदिन विभागले अनुरोध गरेको छ । म्यानपावरलाई बुझाएको रकम बैंकिङ च्यानलमा देखिए ठगी गरेको उजुरी प्रमाणित हुँदा क्षतिपूर्ति दिलाउन सजिलो हुने विभागले जनाएको छ ।

भन्सारमै एमआरपी लागू नगर्न पूर्वका उद्योगीको माग

विराटनगर भन्सार कार्यालयमा चार दिनदेखि जाँचपासमा अन्योल हुँदा सीमापारि रोकिए मालवाहक कन्टेनर

विराटनगरमा गणेश लम्साल

आयातित वस्तुको जाँचपास हुँदा भन्सार विन्दुमै अधिकतम खुद्रा बिक्री मूल्य (एमआरपी) लागू गर्ने निर्णय अव्यावहारिक भएकाले पुनर्विचार गर्न पूर्वका उद्योगीले माग राखेका छन् ।

भन्सार जाँचपासकै समयमा अनिवार्य एमआरपी लागू गर्ने निर्णयले आयातकर्तामा अन्योलता सिर्जना भएको र भन्सार कार्यालयपरिसरमा कन्टेनर खोलेर एमआरपी टाँस गर्ने पूर्वाधारसमेत नभएको मोरङ उद्योग व्यापार संघका अध्यक्ष अनुपम राठीले बताए । 'भन्सारमै एमआरपी मूल्य उल्लेख गर्नुपर्ने सरकारको निर्णय व्यावहारिक छैन,' उनले भने, 'सरकारको कठोर निर्णयले गर्दा विराटनगर भन्सारमा अझै जाँचपासमा अवरोध भइरहेको छ ।' भन्सार जाँचपास रोकिँदा सीमापारि ठुलो संख्यामा मालवाहक ट्रक-कन्टेनर अलपत्र अवस्थामा रहेको उनले जानकारी दिए ।

'उपभोक्ता संरक्षण, बजार पारदर्शिता र स्वच्छ व्यापारिक वातावरणका लागि यो नीति सकारात्मक देखिए पनि पर्याप्त तयारी र सरोकारवालासँग छलफलविना हतारमा लागू गर्दा समस्या उत्पन्न भएकाले सरकारले पुनर्विचार गर्नुपर्छ,' अध्यक्ष राठीले भने । उद्योगीले सम्पूर्ण लागत समायोजन गरेपछि मात्र वस्तुमा एमआरपी निर्धारण गर्ने व्यवस्था गरिनुपर्ने, कुनै पनि नयाँ नीति लागू गर्नुअघि सरोकारवालासँग पर्याप्त छलफल गरी स्पष्ट कार्यविधि तयार गर्नुपर्ने सुझाव पनि दिएका छन् । एमआरपीका आधारमा ४०-५० प्रतिशतसम्म भन्सार मूल्यांकन गर्ने प्रावधान व्यावहारिक नभएको पनि उद्योगीको तर्क छ ।





● **मोरङ उद्योग व्यापार संघका अध्यक्ष अनुपम राठी भन्छन्-**

भन्सार जाँचपासकै समयमा अनिवार्य एमआरपी लागू गर्ने निर्णयले आयातकर्तामा अन्योलता सिर्जना भएको र भन्सार कार्यालयपरिसरमा कन्टेनर खोलेर एमआरपी टाँस गर्ने पूर्वाधारसमेत छैन । उपभोक्ता संरक्षण, बजार पारदर्शिता र स्वच्छ व्यापारिक वातावरणका लागि यो नीति सकारात्मक देखिए पनि पर्याप्त तयारी र सरोकारवालासँग छलफलविना हतारमा लागू गर्दा समस्या उत्पन्न भएको छ ।



● **विराटनगर भन्सार कार्यालयका प्रमुख उमेश श्रेष्ठ भन्छन्-**

सरकारी निर्णय कार्यान्वयन गराउँदा चार दिनयता औद्योगिक कच्चा पदार्थ र छिटपुट अन्य वस्तुबाहेक आयात भएका व्यापारिक वस्तुको जाँचपास भइरहेको छैन । हामीले जाँचपास रोकेका होइनौं, सरकारको निर्णयअनुसार काम गरेका हौं ।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले २६ र ३० चैतको सूचनामार्फत स्वदेशी तथा आयातित सम्पूर्ण वस्तुमा भन्सारमै एमआरपी अनिवार्य गर्ने व्यवस्था लागू गर्न निर्देशन दिएको थियो । १५ वैशाखबाट आयातित वस्तुको भन्सार जाँचपास हुँदा एमआरपी अनिवार्य हुनुपर्ने उक्त सूचनामा उल्लेख थियो । सोही सूचनापछि विराटनगर भन्सारबाट आयात हुने धेरै मालवस्तुको जाँचपास रोकिएको छ । भन्सार जाँचपास नहुँदा भारतको जोगबनीतर्फ सयौं मालवाहक सवारीको लाइन लागेको छ ।

विराटनगर भन्सार कार्यालयका प्रमुख उमेश श्रेष्ठले सरकारी निर्णय कार्यान्वयन गराउँदा चार दिनयता औद्योगिक कच्चा पदार्थ र छिटपुट अन्य वस्तुबाहेक आयात भएका व्यापारिक वस्तुको जाँचपास नभएको जानकारी दिए । 'हामीले जाँचपास रोकेका होइनौं, सरकारको निर्णयअनुसार काम गरेका हौं । तर, चार दिनदेखि जुन परिमाणमा व्यापारिक वस्तुको जाँचपास हुनुपर्ने हो, सोही परिमाणअनुसार जाँचपास हुन सकेको छैन ।'

का.नि.इ.नं.१२८/०६३/६४, म.ले.हु.नि.इ.न. १७/०६९/०७०

आइसिसी विश्वकप क्रिकेट लिग-२

नेपालले अन्तिम ओभरमा युएईलाई हरायो

डकवर्थ लेविस नियमअनुसार युएईले ३८ ओभरमा दुई सय ५५ रनको नयाँ लक्ष्य पाएको थियो । युएईलाई अन्तिम ओभरमा १५ रन बनाउनुपर्ने थियो, तर नन्दन यादवले केवल आठ रन दिँदै नेपाललाई ६ रनको रोमाञ्चक जित दिलाए ।

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

आइसिसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गत शुक्रबार नेपालले युएईलाई डकवर्थ लेविस नियमअनुसार ६ रनले पराजित गरेको छ । नेपालले युएईलाई लगातार दोस्रो खेलमा हराउन अन्तिम ओभरसम्म प्रतीक्षा गर्नुपरेको थियो । पहिलो ब्याटिङ गरेको नेपालले दीपेन्द्रसिंह ऐरीको शतक तथा चार वर्षपछि टोलीमा फर्किएका विनोद भण्डारीको अर्धशतकीय योगदानमा ५० ओभरमा सात विकेट गुमाएर दुई सय ८९ रनको बलियो योगफल खडा गरेको थियो ।

लक्ष्य पछ्याएको युएईको ब्याटिङमा वर्षाले खेल रोकियो । युएईले ४.१ ओभरमा एक विकेटको क्षतिमा ३६ रन बनाउँदा खेल रोकिएको थियो । पुनः खेल सञ्चालन हुँदा युएईले डकवर्थ लेविस नियमअनुसार नयाँ लक्ष्य पायो । जसमा युएईलाई ३८ ओभरमा दुई सय ५५ रनको नयाँ लक्ष्य प्राप्त गऱ्यो । युएईले उत्कृष्ट ब्याटिङ प्रदर्शन गरी नेपालमाथि दबाब दिएको थियो ।

इनिङ्सको अन्तिम ओभरमा युएईलाई १५ रन आवश्यक थियो । नेपालबाट नन्दन यादवले बलिङ गरेका थिए । इनिङ्सको ३७.१ ओभरमा नन्दनको पहिलो बलमा खुजैमा तन्भिरले चौका प्रहार गरे । ३७.२ बलमा नन्दनले तन्भिरलाई दीपेन्द्रसिंहबाट क्याच आउट गराए । ३७.३ ओभरमा नन्दनले जुनिद सिद्दिकीलाई रनआउट गरे । ३७.४ ओभरमा नाथले चौका प्रहार गर्दै युएईलाई जितनजिक पुऱ्याए । तर, नन्दनले लगातार दुई बल डट फ्याँक्दा युएई ६ रनले पराजित भयो ।

नेपालले विश्वकप लिग-२ मा २३औँ खेल खेल्दा सातौँ जित निकाल्यो । नेपाल १६ अंकका साथ सातौँ स्थानमा छ । आठ राष्ट्र सम्मिलित लिग-२ मा युएईले २२ खेलमा १२ अंक जोडेको छ । युएई पुछारमा छ । अब नेपालले आगामी मंगलबार ओमानको सामना गर्नेछ ।

युएईले लक्ष्य पछ्याएको इनिङ्समा शीर्ष ब्याट्सम्यानले गतिलो प्रदर्शन गरेका थिए । ओपनर आयांश शर्माले ३२ बलमा ३३ रन र तेस्रो क्रमका मुहम्मद सहदादले ७२ बलमा ६५ रन जोडेका थिए । यसैगरी, हर्षित सिंहले ४० बलमा ४१ रन तथा अक्षदीप नाथले अन्तिमसम्म क्रिजमा रहँदै ३२ बलमा ३६ रनको योगदान दिए । तन्भिरले अन्तिम समयमा आक्रामक ब्याटिङ गरी २६ बलमा पाँच छक्का र दुई चौका प्रहार गरी ४९ रनको योगदान दिएका थिए । बलिङमा सोमपाल कामी र नन्दन यादवले समान दुई विकेट लिए ।

यसअघि नेपालबाट चार खेलाडी परिवर्तन भएका थिए । नेपालको ब्याटिङमा दीपेन्द्रसिंह र गुल्सन झाबिच छैटौँ विकेटका लागि एक सय दुई रनको साझेदारी भएको थियो । गुल्सनले ३८ बलमा चार चौका र दुई छक्काको मद्दतमा ४४ रन बनाए ।

एकदिवसीय खेलमा दीपेन्द्रसिंहको दोस्रो शतक



तस्बिर : अमुल थापा/नयाँ पत्रिका

नेपालले चालू सिजनको विश्वकप लिग-२ मा सातौँ जित निकाल्दा व्यक्तिगत रूपमा धेरै खेलाडीले रेकर्ड आफ्नो नाममा राखेका छन् । नेपालको जितमा महत्त्वपूर्ण योगदान उपकप्तान दीपेन्द्रसिंह ऐरीले दिए । नेपालले युएईविरुद्ध बलियो योगफल राख्नुपछाडि दीपेन्द्रसिंहको शतकीय योगदान रह्यो । उनले ठ्याक्कै सय रन बनाउन ९४ बलमा १३ चौका र एक छक्का प्रहार गरे । उनको यो एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमा दोस्रो शतक हो । यसअघि, उनले सन् २०२२ मा पपुवा न्युगिनीविरुद्ध एक सय पाँच रनको शतकीय इनिङ्स खेलेका थिए ।

७१औँ एकदिवसीय अन्तर्राष्ट्रिय खेलिरहेका २६ वर्षीय दीपेन्द्रसिंहले सात अर्धशतक पनि बनाएका छन् । कीर्तिपुरमा चलिरहेको लिग-२ मा दीपेन्द्रसिंह उत्कृष्ट फर्ममा छन् । उनले ब्याक टु ब्याक अर्धशतकीय इनिङ्स खेलेका छन् । यसअघि युएईसँगैको पहिलो खेलमा उनले ७५ रन बनाउनुका साथै एक विकेट लिएका थिए । ओमानसँग हारेको खेलमा उनले ६० रनको अर्धशतक लगाए । सो खेलमा उनले ५६ रन खर्चेर दुई विकेट हात पारेका थिए । शुक्रबारको प्रतिस्पर्धामा उनले बलिङ गरे पनि विकेट लिन सकेनन् । नेपालका लागि एकदिवसीय खेलमा दीपेन्द्रसिंहले कप्तान रोहित पौडेलको नाममा रहेको सर्वाधिक दुई शतकको बराबरी गरेका छन् ।

लिग-२ मा सन्दीपको सय विकेट पूरा



लेग स्पिनर सन्दीप लामिछाने विश्वकप लिग-२ मा सय विकेट लिने पहिलो बलर बनेका छन् । त्रिवि क्रिकेट मैदानमा सन्दीपले दोस्रो इनिङ्सको ९.५ ओभरमा युएईका ओपनर आयांशलाई ललित राजवंशीबाट क्याच आउट गराउँदै लिग- २ मा सय विकेटको कोसेढुंगा पूरा गरेका हुन् । सन् २०१९-२३ को विश्वकप लिग-२ मा उनले समग्रमा ७२ विकेट लिएका थिए । त्यसवेला उनले ३१ मध्ये ३० इनिङ्समा बलिङ गर्दै ४.०४ इकोनोमी रेट राखेका थिए । चालू सिजनमा उनले १८ मध्ये १७ इनिङ्समा ३० विकेट हात पारेका छन् । नेपालले त्रिवि मैदानमा दोस्रो जित निकाल्ने क्रममा सन्दीपले आठ ओभरमा एक मेडन राखी ३६ रन खर्चेर तीन विकेट लिएका थिए । अघिल्लो खेलमा सन्दीप ९९ विकेटमा रोकिएका थिए । विश्वकप लिग-२ मा समग्रमा दोस्रो स्थानमा ब्रेनार्ड स्चोलट्जले ६१ इनिङ्समा ९४ विकेट लिएका छन् । अमेरिकाका सौरभले ५३ इनिङ्समा ९३ विकेट लिँदै तेस्रो स्थानमा छन् । ओमानका विलाल खान ८२ विकेटका साथ चौथो स्थानमा छन् ।

राम्रो भएन अर्जुनको डेब्यु

यस सिजनको प्रधानमन्त्री एकदिवसीय कप क्रिकेट प्रतियोगितामा गण्डकी प्रदेशबाट प्रतिनिधित्व गरेका १५ वर्षीय अर्जुन कुमारले पनि नेपालको एकदिवसीय टोलीबाट डेब्यु गरेका छन् । अर्जुनले सिनियर खेलाडी विनोदसँगै ओपनिङमा ब्याटिङ गर्दै डेब्यु गरेका हुन् । यद्यपि, अर्जुनले आफ्नो डेब्युलाई स्मरणीय बनाउन सकेनन् । उनले पहिलो विकेटका लागि ५.५ ओभरमा २५ रनको साझेदारी गरेका थिए । यसक्रममा उनले २२ बल सामना गरी दुई चौकाको सहयोगमा ११ रन जोडेका थिए । यसअघि युएई र ओमानसँगको खेलमा उनी बेन्चमा थिए । प्रशिक्षक स्टुवार्ट लले नियमित दुवै ओपनरलाई हटाएर विनोद र अर्जुनलाई मौका दिएका हुन् । अर्जुन र विनोदबिच उमेरमा १६ वर्षको फरक छ । विनोद भण्डारीले सन् २००९ मा पहिलोपटक राष्ट्रिय टिमबाट डेब्यु गर्दा कुमार चार वर्षका मात्र थिए ।



चार वर्षपछि उत्कृष्ट लयमा फर्किए विनोद

लगभग चार वर्षको प्रतीक्षापछि विकेटकिपर ब्याट्सम्यान विनोद भण्डारी राष्ट्रिय टोलीमा फर्किए । विश्वकप क्रिकेट लिग-२ अन्तर्गत शुक्रबार नेपालले युएईसँग प्रतिस्पर्धा गरेको थियो । विनोदले यसै खेलमा पुनरागमन गरेका हुन् । १७ जुलाई २०२२ मा उनले अन्तिमपटक स्कटल्यान्डविरुद्ध एकदिवसीय खेल खेलेका थिए । घरेलु क्रिकेटमा उत्कृष्ट प्रदर्शन गरे पनि उनले स्थान बनाउन सकेनन् । क्यानले आयोजना गरेको प्रधानमन्त्री एकदिवसीय क्रिकेट प्रतियोगितामा त्रिभुवन आर्मीबाट प्रतिस्पर्धा गरेका उनले उत्कृष्ट प्रदर्शन गरे । जहाँ उनले शतकसँगै अर्धशतक पनि लगाए । यसै प्रदर्शनका आधारमा उनी लगभग चार वर्षपछि नेपालको एकदिवसीय टोलीको प्रारम्भिक खेलाडी छनोटमा परे । शुक्रबार त्रिवि मैदानमा अर्जुनले युवा अवस्थामै डेब्यु गर्दा विनोदले नेपालको एकदिवसीय टोलीमा सबैभन्दा पाका खेलाडीका रूपमा प्रतिस्पर्धा गरेका थिए । ३६ वर्षीय विनोदले शक्ति गौचनको रेकर्ड तोडेका छन् । यसअघि नेपाली टोलीबाट पाका खेलाडीका रूपमा शक्तिले सन् २०१८ मा नेदरल्यान्ड्सविरुद्ध ३४ वर्षको उमेरमा खेलेका थिए । टोलीमा आबद्ध खेलाडीमध्ये सबैभन्दा पाका खेलाडीमा रहेका विनोदले आफ्नो पुनरागमनलाई उत्कृष्ट बनाउन सफल भए । उनले धर्मराएको नेपालको ब्याटिङ सम्हाल्दै ७९ बलमा सात चौकाको सहयोगमा ५६ रनको योगदान दिए ।

पुलिसलाई स्तब्ध पार्दै रुकुम फाइनलमा

नयाँ पत्रिका

रुकुम पश्चिम भलिबल क्लबले दसौँ प्रधानमन्त्री कप पुरुष भलिबल प्रतियोगिताको फाइनल स्थान पक्का गरेको छ । राष्ट्रिय खेलकुद परिषद्को कभर्ड हलमा शुक्रबार भएको लिग चरणको अन्तिम खेलमा रुकुम पश्चिमले विभागीय टोली नेपाल पुलिस क्लबलाई ३-१ को सेटमा स्तब्ध पार्दै पुरुषतर्फ फाइनल स्थान पक्का गरेको हो । अब रुकुम पश्चिमले उपाधिका लागि शनिबार हेल्प नेपालसँग प्रतिस्पर्धा गर्नेछ ।

लिग चरणको अन्तिम खेलमा रुकुम पश्चिमले नेपाल पुलिस क्लबलाई ३-१ को सेटमा स्तब्ध पार्दै पुरुषतर्फ फाइनल स्थान पक्का गरेको हो

तीन पाकिस्तानी खेलाडी सम्मिलित रुकुमले पुलिसलाई २५-२२, २९-२७, १६-२५ र २६-१६ को सेटमा हरायो । रुकुमले लिग चरणमा सातमध्ये ६ खेलमा जित र एक खेलमा हारसहित १८ अंक जोड्यो । हेल्प नेपालमा पनि तीन पाकिस्तानी खेलाडी छन् । रुकुमसँग पराजित भएपछि पुलिस भने फाइनल पुग्न असफल भयो ।

पुलिसले लिगमा सातमध्ये पाँच जित र दुई खेलमा हार सामना गरी १५ अंक जोड्यो । लिगको महिलातर्फको उपाधिका लागि न्यु डायमन्ड युथ स्पोर्टस् क्लब र नेपाल पुलिस क्लबबिच हुनेछ । न्यु डायमन्ड लिग चरणमा अपराजित रहँदै शीर्ष र नेपाल पुलिसले दोस्रो स्थानमा रहेर फाइनल खेल्न लागेका हुन् ।

अन्तिम खेलमा एपिएफ विजयी

विभागीय टोली नेपाल एपिएफ क्लबको पुरुष टोलीले लिगको अन्तिम खेलमा कोशी प्रदेशलाई हराएको छ । एपिएफले कोशीलाई ३-१ को सेटमा हराएको हो । समग्रमा एपिएफ २२-२५, २५-१७, २५-१४ र २५-१४ को सेटमा विजयी भयो । लिगमा एपिएफको यो दोस्रो जित हो । एपिएफले सात खेलबाट ६ अंकसहित लिगको अन्त्य गरेको छ । लिगको आफ्नो अन्तिम खेलमा हारको सामना गरेको कोशीले तीन अंक जोडेको छ । कोशीले लिगमा ६ खेलमा हारको सामना गरेको हो ।

अर्को खेलमा तीन भारतीय खेलाडी सम्मिलित खिल्जीलाई बुढानीलकण्ठले ३-२ को सेटमा स्तब्ध बनायो । अन्तिम खेलमा पहिलो जित निकाल्दै बुढानीलकण्ठ भलिबल क्लबले लिगको सुखद अन्त्य गरेको छ । पुरुषतर्फको बुढानीलकण्ठले खिल्जी युवा क्लबलाई ३-२ को सेटमा हराएको हो । बुढानीलकण्ठले तीन भारतीय खेलाडी सम्मिलित खिल्जीविरुद्धको सुरुका दुई सेट गुमाएको थियो । त्यसपछि लगातार तीन सेट जित्दै बुढानीलकण्ठले बाजी मार्‍यो । समग्रमा बुढानीलकण्ठ २१-२५ र २२-२५, २५-२१, २५-१८ र १५-१३ ले जित्यो । बुढानीलकण्ठले दुई अंकसहित लिग सकाएको छ । अन्तिम खेलमा पराजित खिल्जीले सात खेलबाट ६ अंक जोड्यो । नेपाल भलिबल संघको आयोजनामा चलिरहेको लिगमा महिलातर्फ ६ र पुरुषतर्फ आठ टोलीको सहभागिता थियो ।

खेल संक्षेप

तिलिचोमा भएको रेस्लिङ वर्ल्ड बुक अफ रेकर्डमा

काठमाडौं/ नेपाल महिला रेस्लिङ फाउन्डेसनले मनाङको तिलिचो तालमा आयोजना गरेको रेस्लिङ खेललाई वर्ल्ड बुक अफ रेकर्ड लन्डनमा समावेश गरेको छ । चार हजार नौ सय १९ मिटर उचाइमा अवस्थित 'हाइएस्ट अल्टिच्युट लेक' तिलिचोमा गत वर्षको २६ नोभेम्बरमा रेस्लिङ प्रतियोगिता भएको थियो । रेस्लिङमा नेपालबाट भगवती खड्का र अस्मिता सुनारले अमेरिकी रेस्लर क्यामिल लिगनसँग प्रतिस्पर्धा गरेका थिए । भगवती र अस्मिता विजयी भएका थिए ।



सोही खेल वर्ल्ड बुक अफ रेकर्डमा समावेश गरिएको हो । पूर्वउपसभामुख इन्दिरा रानाले भगवती र अस्मितालाई वर्ल्ड बुक अफ रेकर्डमा समावेश भएको प्रमाणपत्र प्रदान गरेकी छिन् । नेपाल महिला रेस्लिङ फाउन्डेसनमा भगवती अध्यक्ष र अस्मिता कोषाध्यक्षको जिम्मेवारीमा पनि छन् । फाउन्डेसनले यसअघि विश्वकै अग्लो स्थानमा रेस्लिङ खेलेर कीर्तिमान कायम गर्ने उद्देश्यले सोलुखुम्बुको खुम्बु गाउँपालिकास्थित पाँच हजार ६ सय ३३ मिटरको उचाइमा रहेको कालापत्थर मैत्रीपूर्ण रेस्लिङ पनि आयोजना गरेको थियो । एभरेष्ट दिवसका अवसरमा आयोजित मैत्रीपूर्ण रेस्लिङमा भगवतीले अमेरिकी रेस्लर डानियल मोरिसनलाई पराजित गरेकी थिइन् ।

आयुष्मानको जोडी पहिलो

काठमाडौं/ प्रणव खनाल र आयुष्मान हजुर घलेको जोडी १२औँ सिटिजन्स बैंक खुला टेनिस प्रतियोगिताको पुरुष डबल्समा शुक्रबार पहिलो भएका छन् । प्रतियोगिताको फाइनलमा प्रणवको जोडीले प्रदीप खड्का र प्रीतम परियारको जोडीलाई २-१ को सेटमा हराए । भेट्रान ३५ वर्षमाथि पुरुष एकलमा सन्तोष खत्री पहिलो भए । उनले फाइनलमा जितेन्द्र परियारलाई २-१ को सेटमा निराश पारे । भेट्रान ५५ वर्षमाथि पुरुष एकलको फाइनलमा विमलकुमार गुरुङले चन्द्र शाहीलाई २-१ को सेटमा हराएका छन् । भेट्रान ६५ वर्षमाथि कमल थापाले दोहोरो स्वर्ण जितेका छन् । थापाले पुरुष एकल र डबल्समा उपाधि हात पारेका हुन् ।

ग्रिनफोर्ड नाइट्समाथि डिबिएसको सहज जित

काठमाडौं/ बेलायतमा चलिरहेको पाँचौं ए स्टार नेपाल बास्केटबल लिगमा डिबिएसले ग्रिनफोर्ड नाइट्समाथि ८४-८२ को अन्तरमा रोमाञ्चक जित निकालेको छ । लिगमा पुरुषतर्फ ११ र महिलातर्फ दुई टिम सहभागी छन् । बलर्स स्ल्यामर्सले नर्थोल्ट फ्लेमर्सलाई १०१-८६ ले हराएको छ । ह्याम्पसायर हुपर्सले साउथ आसफोर्ड उल्भ्सलाई ९७-८० ले पराजित गरेको छ । स्यान्डहर्स्ट निक्सले म्याम्बासलाई ८६-५६ ले पराजित गऱ्यो । ग्रिनफोर्ड, स्यान्डहर्स्ट र कोलचेस्टर एलिटले समान नौ अंक जोडेका छन् । तीनवटै टोली शीर्ष स्थानमा छन् । ह्याम्पसाय आठ अंकका साथ शीर्ष स्थानका टोलीमाथि दबाब दिइरहेको छ ।

मनास्लुको सहज जित

काठमाडौं/ साबिक विजेता मनास्लुले चौथो वडा अध्यक्ष कप अन्तरविद्यालय छात्र फुटबल प्रतियोगितामा शुक्रबार नेपाल विद्या सदनलाई ४-० को गोलअन्तरले पराजित गऱ्यो । मनास्लुका युवराज गल्पती र विमल तामाङले समान दुई गोल गरे । अर्को खेलमा हिलारी 'बी'ले पशुपति 'ए'लाई टाइब्रेकरमा २-१ ले हरायो । निर्धारित समयको खेल गोलरहित बराबरीमा टुंगिएको थियो । विनायकले लुम्बिनीलाई १-० गोलले पाखा लगायो । क्लिन्टनले प्रेरणालाई १-० गोलले पन्छायो । क्लिन्टनका सिद्धान्त अधिकारीले गोल गरे । बाल व्यवसायीले एसएमजीलाई ६-१ को फराकिलो गोलमा हरायो । नोब्सले रुद्रमतीमाथि ३-० को जित दर्ता गऱ्यो । नोब्सका सुरज विकले दुई गोल गरेका थिए ।

आइसिसी महिला च्यालेन्ज कपमा नेपाल दोस्रो

नयाँ पत्रिका

आइसिसी महिला च्यालेन्ज कप क्रिकेट प्रतियोगितामा नेपाल दोस्रो भएको छ । नेपालले शुक्रबार इटालीलाई आठ विकेटले हराउँदै दोस्रो स्थान हात पारेको हो । उपाधि विजेता अमेरिकाले आठ खेलमा सर्वाधिक १३ रन बनायो । दोस्रो भएको नेपालले आठ खेलमा पाँच जित र तीन हार सामना गरी १० अंक जोड्यो । रुवान्डामा चलेको च्यालेन्ज ट्रफीमा इटालीले आफ्नो अन्तिम खेलमा पहिलो ब्याटिङ गरी सात ओभरमा ६ विकेट गुमाएर ३६ रन बनाएको थियो । प्रत्युत्तरमा नेपालले ३.३ ओभरमा दुई विकेटको क्षतिमा ४० रन बनायो । नेपालको जितमा पूजा महतोले ६ बलमा १३ रन तथा सम्झना खड्काले ६ बलमा नौ रनको योगदान दिएका थिए । कप्तान इन्दु वर्माले सात बलमा नौ रन बनाइन् । बलिङमा मनीषा उपाध्यायले इटालीका तीन खेलाडीलाई आउट गरिन् । उनले आफ्नो स्पेलमा १० रन खर्चेकी थिइन् ।



नव जनजागृति सेमिफाइनलमा

मकवानपुर/ आठौँ बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रतियोगितामा शुक्रबार सिमराको नव जनजागृति क्लब सेमिफाइनलमा प्रवेश गरेको छ । नव जनजागृतिले त्रिभुवन आर्मी क्लबलाई टाइब्रेकरमा ४-३ ले पराजित गर्दै अन्तिम चारको यात्रा तय गरेको हो । सहिद स्मृति रंगशालामा भएको प्रतिस्पर्धात्मक खेलमा १-१ गोलको बराबरीमा सकिएको थियो । त्यसपछि खेलको निर्णय टाइब्रेकरबाट भयो । आर्मीले आठौँ मिनेटमा कप्तान भरत खवासको गोलमा १-० को अग्रता लियो । पहिलो हाफमा आर्मी एक गोलले अगाडि रह्यो ।

खेलको इन्जुरी समयमा नव जनजागृतिले १-१ को बराबरी गोल फर्कायो । खेलको अन्तिम इन्जुरी समयमा सन्तोष गोङ्बाले उत्कृष्ट गोल गर्दै खेल १-१ को अवस्थामा पुऱ्याए । टाइब्रेकरमा नव जनजागृति बढी संयमित देखियो । जनजागृतिका सुदीप लामा, रञ्जय चौधरी, विक्रम थोकर र सन्तोष गोङ्बाले गोल गरे । समीर नेपालीको प्रहार भने पोस्टमा ठोक्कियो ।

आर्मीबाट दिनेश हेन्जन, पेम्बा दोर्जे लामा र जिलेस्पीजंग कार्कीले गोल गरे । विमल पाण्डे र सुजन खत्रीका प्रहार नव जनजागृतिका गोलरक्षक युनेश चौधरीले उत्कृष्ट बचाउ गरेका थिए । प्रतियोगितामा आयोजकसहित १० टिमको सहभागिता रहेको छ । प्रतियोगिताको विजेताले १० लाख रुपैयाँ तथा उपविजेताले पाँच लाख रुपैयाँ प्राप्त गर्नेछन् । त्यस्तै, सर्वोत्कृष्ट खेलाडीले एक लाख रुपैयाँ हात पार्नेछन् । विधागत उत्कृष्ट खेलाडीलाई जनही २५ हजार रुपैयाँ प्रदान गरिनेछ ।

अमेरिकालाई फिफा विश्वकपमा सुरक्षाको चिन्ता

एजेन्सी

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको हत्या गर्ने प्रयास भएपछि ह्वाइट हाउसका अधिकारीले डिपार्टमेन्ट अफ होमल्यान्ड सेक्युरिटी तत्कालै खुलाउनुपर्ने बताएका छन् । आगमी जुन-जुलाईमा अमेरिका, क्यानडा र मेक्सिकोले संयुक्त रूपमा फिफा विश्वकप फुटबल प्रतियोगिता आयोजना गर्दै छन् । विश्वकप फुटबलको सुरक्षाका लागि भए पनि डिपार्टमेन्ट अफ होमल्यान्ड सेक्युरिटी विभाग सक्रिय हुनुपर्ने अधिकारीले जनाएका छन् ।



> गत साता राष्ट्रपति डोनाल्ड ट्रम्पमाथि आक्रमणको प्रयासपछि आगामी जुन-जुलाईमा हुने फिफा विश्वकपका सहभागी ४८ राष्ट्र र उसका समर्थकलाई आयोजक अमेरिकाले कसरी सुरक्षा प्रदान गर्ने प्रश्न उठेको छ

गत साता वासिङटन डिसीमा भएको एउटा कार्यक्रममा ३१ वर्षीय कोल टोमास एलेनले राष्ट्रपति ट्रम्पलाई आक्रमण गर्ने प्रयास गरेका थिए । उनीसँग अर्धस्वचालित पेस्तोल, एउटा सर्टगन र तीनवटा चक्कु थिए । सुरक्षा घेरा तोडेर अधि बढ्दै गर्दा उनलाई पक्राउ गरिएको थियो । यो घटनापछि ह्वाइट हाउसले आफ्नो सुरक्षा व्यवस्थाको पुनरावलोकन गर्नुपर्ने जनाएको छ । ह्वाइट हाउसले विश्वकप आयोजना हुने सहर तथा रंगशालाको सुरक्षा जिम्मेवारी पाएको निकायसँग छलफल गरेको छ ।

संसद्मा बजेटको विषयलाई लिएर विवाद हुँदा नौ हप्तादेखि होमल्यान्ड सेक्युरिटी पूर्ण रूपमा प्रयोगमा आएको छैन । डेमोक्र्याट पार्टीका सदस्यहरूले अध्यागमन विभागको बजेट रोकेका कारण होमल्यान्ड सेक्युरिटी आंशिक रूपमा सञ्चालन भइरहेको ह्वाइट हाउसले जनाएको छ । ह्वाइट हाउसको विश्वकप कार्यदलका कार्यकारी निर्देशक एन्ड्रयु जिउलियानीले अमेरिकाको सुरक्षामाथि गम्भीर प्रश्न आएको बताए । 'गत साता वासिङटनको घटनाले हामी हाम्रो देशमा कति सुरक्षित छौं भन्ने सन्देश दिएको छ,' एन्ड्रयुले भने, 'विश्वकपमा फुटबल हेर्न लाखौँ पर्यटक आउनेछन्, यस्तो वेला सुरक्षा विभाग बन्द रहनु खतरनाक हुन्छ ।'

उनले विश्वकपमा मात्र नभएर अन्य समयमा अमेरिकाको सुरक्षा निकाय बलियो बनाउन पनि विभागलाई शतप्रतिशत काममा लगाउनुपर्ने माग राखेका छन् । 'वासिङटनको एउटा उदाहरण मात्र हो । विश्वकपअगाडि यस्तो चेतावनी आउन सक्छ । यतिवेला हामी लापरबाही गर्न सक्दैनौं,' एन्ड्रयुले भने ।

सुरक्षा व्यवस्था कडा हुने

राष्ट्रपति ट्रम्पले गत साताको घटनाले आफू नडराएको र अमेरिकाको सुरक्षाप्रति विश्वस्त हुन आग्रह गरेका छन् । उनले विपक्षीले रोके पनि आगामी १ जुनमा आपत्कालीन बजेट ल्याउने बताएका छन् । 'हामी अमेरिकन सुरक्षा व्यवस्थामा बलिया छौं, यसमा केही पनि डराउनुपर्दैन,' ट्रम्पले सोसल मिडियामा भनेका छन्, 'अहिले विशेष अवस्थामा प्रयोग हुने सुरक्षा विभाग पूर्ण रूपमा सञ्चालनमा छैनन्, तर मलाई विश्वास छ, १ जुनमा यो अगाडि बढ्नेछ ।'

सिनेटरहरूले विश्वकपका लागि ह्वाइट हाउसले खासै तयारी नगरेको आरोप लगाएका छन् । 'एउटा सामान्य नागरिकले ह्वाइट हाउसमा भएको कार्यक्रममा आक्रमण गर्न सक्छ भने देशको सुरक्षा व्यवस्था कस्तो भन्ने प्रश्न छ,' सिनेटरहरूले भनेका छन्, 'यसले आगामी विश्वकपमा हाम्रो सुरक्षा निकाय कसरी अगाडि बढ्छ ?'

तीन महिनादेखि सुरक्षा विभाग बन्द

यसैगरी, न्युयोर्कका सांसद माइकलले पनि राष्ट्रपतिमाथिको आक्रामक प्रयासले सुरक्षा व्यवस्थामाथि प्रश्न लगाएका छन् । उनले पनि मुख्यगरी विश्वकपकेन्द्रित सुरक्षा एजेन्सीलाई सुचारु गर्नुपर्ने बताएका छन् । 'विश्वकपजस्तो अन्तर्राष्ट्रिय फुटबलमा हामी मुख्य आयोजकका रूपमा छौं, जहाँ लाखौँ पर्यटक आउन सक्छन् । यस्तो वेलामा अमेरिका आतंकवादको निशानामा पर्न सक्छ,' सांसद माइकले भने, 'सुरक्षा समन्वय गर्ने विभाग एक सय १० दिनभन्दा बढी बन्द रहनु कतिको जायज हो ?' राष्ट्रपति ट्रम्पले पनि संसद्का रिपब्लिकन सदस्यलाई आगामी जुनसम्ममा यस विषयमा सहमति जुटाउन र कानुन पास गर्न आग्रह गरेका छन् ।

१०४ मध्ये ७८ खेल अमेरिकामा

तीन राष्ट्रले संयुक्त रूपमा आयोजना गर्ने विश्वकपका अधिकांश खेल अमेरिकामा हुनेछ । विश्वकपमा कुल एक सय चार खेल हुनेछन् । यसमध्ये ७८ खेल अमेरिकाका विभिन्न सहरमा हुने फिफाले जनाइसकेको छ । ११ जुनमा अमेरिकाको स्टाडियो रंगशालामा मेक्सिकोले दक्षिण अफ्रिकाको सामना गर्नेछ । यसैबिच फिफाका अध्यक्ष इन्फाटिनोले पनि विश्वकपको सुरक्षासम्बन्धी अमेरिकासँग छलफल गरेको एजेन्सीले जनाएको छ । 'राष्ट्रपतिमाथिको आक्रमण प्रयासले विश्वकपको सुरक्षा व्यवस्थाप्रति हामी चिन्तित छौं,' इन्फाटिनोले भने, 'विश्वकप नजिक आइरहेको छ । त्यसमा ४८ राष्ट्रले भाग लिँदै छन् ।' इन्फाटिनोले नै पहिलोपटक विश्वकपमा सर्वाधिक ४८ राष्ट्रबिचको प्रतिस्पर्धा योजना ल्याएका हुन् । यसअघिको संस्करणमा ३२ राष्ट्रबिच विश्वकप भएको थियो । यसपटक सहभागी राष्ट्र थपिँदा विश्वकप हेर्न लाखौँ फुटबल समर्थक अमेरिका, मेक्सिको र क्यानडामा पुग्ने फिफाको विश्वास छ ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com